# पहिलो परिच्छेद

# शोधपरिचय

## १.२. विषयपरिचय

परापूर्वकालदेखि लोकसमाजमा प्रस्तुत गरिदै आएको लोकप्रिय नाच नै लोकनाच हो । जुन मानव सभ्यताको उषाकालदेखि नै भन्ने, सुन्ने र अन्तरभावनाहरू व्यक्त गर्ने परम्पराबाट प्रारम्भ भएको देखिन्छ । समयको अन्तरालसँगै ती भनिएका, सुनिएका कुराहरूलाई भाषाको माध्यमबाट प्रस्तुत गरी त्यसलाई लयबद्ध रूपमा गाउन थालियो यसका अतिरिक्त मानवीय अन्तरभावनामा रहेका पीर, व्यथा, हाँसो, खुसी, उत्साह, उमङ्ग आदि भावहरूलाई शरीरका विभिन्न अङ्गहरूको सञ्चालनद्वारा व्यक्त गर्न थालियो । यसरी लोकसमाजका पात्रहरूले अङ्ग सञ्चालन गर्ने प्रक्रिया र गायन प्रक्रियालाई सँगसँगै प्रस्तुत गरिँदा आजका लोकप्रचलित लोकनाचहरूको विकास हुन गएको पाइन्छ । यसरी विकास भएको लोकनाचहरूकै माध्यबाट लोकसमुदायले आफ्नो जातीय तथा सांस्कृतिक झलक प्रस्तुत गर्नुका साथै भरपुर मनोरञ्जन लिने गर्दछन् ।

समयको निरन्तर प्रवाहसँगै लोकप्रसिद्ध साहित्यको अध्ययन, अनुसन्धानमा चासो राख्ने विभिन्न विद्वानहरू देखा पर्न थाले र उनीहरूले यस्ता लोकसाहित्यका लोकगीत, लोककथा, लोकगाथा, लोकनाच, लोकनाटक, उखान-टुक्का आदि विभिन्न विधाहरूको पहिचान गरे । यसरी पहिचान गरिएका लोकसाहित्यका विधाहरू मध्ये मारुनी लोकनाच लोकगीतको एउटा शाखा नृत्यगीत अर्न्तगत पर्दछ । यस किसिमको नाचमा विभिन्न विषयवस्तुमा आधारित गीत गाउदै त्यसैको लय/भाकमा नाच प्रस्तुत गरिन्छ । यसरी प्रारम्भदेखि नै लोकसमुदायमा यस किसिमको लोकनाचले आफ्नै मौलिक पहिचान स्थापित गर्दै आएको पाइन्छ । गीत, संगीत र नृत्यको त्रिवेणी रहने यस विधाले लोकसमाजको मन-मस्तिष्कमा गहिरो छाप छाडेको छ ।

लोकसमुदायको साझा सम्पति एवम् लोकसंस्कृतिकै परिचायकका रूपमा रहेको मारुनी नाच नेपालीहरूको राष्ट्रिय नाच पनि हो । यसमा लोकमानसको सहज र स्वाभाविक बोलीचालीयुक्त लोक भाषाको प्रयोग गरिएको हुन्छ । नेपाली लोकसमुदायमा प्रचलित यस्ता लोकनृत्यहरू के-कति रहेका छन् भन्ने कुरा खोजीकै विषय बनेको छ । यसै सन्दर्भमा डा. मोतीलाल पराजुलीको **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू** शीर्षकको अनुसन्धानमूलक पुस्तकमा नेपालका विभिन्न जातजातिहरूमा प्रचलित लोकनृत्यहरूको संख्या करिव साँढे दुई सय जति रहेको उल्लेख पाइन्छ ।[१] यस तथ्यबाट पनि नेपाली लोकसमुदाय/समाज यस्ता लोकनाचहरूले सम्मपन्न रहेको पुष्टि हुन्छ ।

---

[१] मोतीलाल पराजुली, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू**, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. २६३

दुधकोसी क्षेत्र सोलुखुम्बू, ओखल्दुङ्गा र खोटाङ जिल्लाहरूका विभिन्न स्थानहरूको सङगम स्थल हो । यहाँ प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा जातीय विविधताको पनि सङ्गम भेटिन्छ । ब्राह्मण, क्षेत्री, नेवार, राई, मगर, तामाङ्ग, सेर्पा, दमाई, कामी, सार्की आदि जातजातिहरूको साझा बसोबास रहेको यस स्थलमा दसैं-तिहार आदि चाड-पर्वहरू पनि साझा रूपमा नै मनाइन्छ । यसै सन्दर्भमा यहाँका किरात राईहरूले तिहारपर्वमा लोकसमुदायलाई मनोरञ्जन प्रदान गर्न र आफ्नो परम्परागत जातीय सांस्कृतिक पहिचान राख्ने उद्देश्यले यहाँ मारुनी नाच नचाउने गर्दछन् । अन्य क्षेत्रमा जस्तै यहाँ आनुष्ठानिक विधिविधान पूरा गरी यो नाच प्रस्तुत गर्ने गरिन्छ । मारुनी नाचलाई गीतको साथमा प्रस्तुत गरिने हुँदा यसलाई मारुनी नृत्यगीत पनि भनिन्छ ।

आधुनिक गीत, संङ्गीत तथा रेडियो, टि.भी., डेक आदि विद्युतीय सञ्चार माध्यमहरूको प्रभावमा परि मारुनी जस्ता लोकनाचहरू प्रस्तुत गरिन छाडिदै आएको वर्तमान अवस्थामा यस्ता महत्वपूर्ण नाचहरूको अध्ययन, अनुसन्धान गरी संरक्षण गर्न आवश्यक देखिन्छ । यही तथ्यलाई ध्यानमा राखी प्रस्तुत शोधपत्रमा यस क्षेत्रका विभिन्न स्थानहरूबाट मारुनी नाच एवम् गीतहरूको सङकलन गरी अध्ययन गर्ने प्रयास गरिएको छ ।

### १.३. समस्याकथन

परापूर्वकालदेखि नेपाली लोकजीवनको आँखामा नाच्दै र कानमा गुञ्जदै आएको नाच नै मारुनी नाच हो । यस्ता नाचहरू जातीय विविधता तथा भौगोलिक व्यापकताभित्र फैलिदै पुस्तान्तरण भएर हुर्केको पाइन्छ । यसरी लोकजीवनको विशिष्ट पहिचान राख्ने दुधकोसी क्षेत्रका यस्ता मारुनी नाचको आधिकारिक अध्ययन, अनुसन्धान अहिलेसम्म भएको पाइँदैन । त्यसैले प्रस्तुत शोधकार्य यहाँ प्रचलित मारुनी नाचको विभिन्न समस्याहरूसँग केन्द्रित रहेर आधिकारिक अध्ययन, अनुसन्धानतर्फ उन्मुख रहेको छ ।

प्रस्तुत शोधकार्यसँग सम्बन्धित समस्याहरू यसप्रकार रहेका छन् -

क) मारुनी नृत्यगीतको सैद्धान्तिक स्वरूप के-कस्तो रहेको छ ?

ख) दुधकोसी क्षेत्रको मारुनी नृत्यगीतलाई के-कसरी चिनाउन सकिन्छ ?

ग) दुधकोसी क्षेत्रमा के-कस्ता किसिमका मारुनी नृत्यगीतहरू प्रचलित छन् ? र तिनीहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

घ) दुधकोसी क्षेत्रमा प्रचलित मारुनी नृत्यगीतलाई कुन आधारमा कसरी विश्लेषण गरिएको छ ?

यिनै विभिन्न समस्याहरू केन्द्रित रहेर प्रस्तुत शोध कार्य पूरा गरिएको छ ।

### १.३. शोधकार्यको उद्देश्य

दुधकोसी क्षेत्रमा प्रचलित लोकसाहित्यिक विधाहरूको औपचारिक अध्ययन/अनुसन्धान नभइसकेको अवस्थामा यहाँ प्रचलित मारुनी नाचको माध्यमबाट यस क्षेत्रको पहिचान गराइ राष्ट्रिय स्तरमा यसलाई चिनाउनु रहेको छ । यसका अतिरिक्त लोकजीवनमा सहज रूपमा भिजेका यस्ता नाचहरूलाई गहन रूपमा अध्ययन, विश्लेषण गरी यसको मूल्य, मान्यता स्थापित गर्नु पनि यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । समस्याकथनमा उठाइएका विभिन्न समस्याहरूसँग केन्द्रित रहेर तयार पारिएका प्रस्तुत शोधकार्यको उद्देश्यहरू यसप्रकार छन् -

क) मारुनी नृत्यगीतको सैद्धान्तिक स्वरूप स्पष्ट पार्नु ।

ख) दुधकोसी क्षेत्रको मारुनी नृत्यगीतको चिनारी दिनु ।

ग) दुधकोसी क्षेत्रमा प्रचलित मारुनी नृत्यगीतको संकलन गरी तिनीहरूको वर्गीकरण गर्नु ।

घ) सङ्कलित मारुनी नृत्यगीतलाई विश्लेषण गर्नु ।

यिनै विभिन्न उद्देश्यहरू पूरा गर्ने उद्देश्यले यस शोधकार्य सम्पन्न गरिएको छ ।

### १.४. पूर्वकार्यको समीक्षा

परापूर्वकालदेखि लोकसमाजमा लोकसंस्कृतिको परिचायकका रूपमा प्रचलित हुँदै आएको विभिन्न लोकनाचहरू मध्ये मारुनी नाच पनि एक हो । लोकप्रचलित यस्ता विधाहरूको अध्ययन/विश्लेषण तथा अनुसन्धान विभिन्न विद्वानहरूद्वारा भएको पाइन्छ । यस्तो अवस्थामा दुधकोसी क्षेत्रको मारुनी नाचको भने केही पत्रिकाहरूमा सामान्य चर्चा गरिए बाहेक हालसम्म कुनै आधिकारिक अध्ययन/अनुसन्धान गरिएको पाइँदैन । यसरी लोकसाहित्यको प्रमुख विधाका रूपमा लोकमा विकास भएका यस्ता नाचहरू कुनै क्षेत्रमा नाटकीय स्वरूपमा विकास भएको पाइन्छ भने कुनै क्षेत्रमा लोकनाचकै अवस्थामा प्रचलित रहेको पाइन्छ । यस सम्बन्धमा केही शुभचिन्तक, विश्लेषक तथा विद्वानहरूले गरेको कार्यहरू यसप्रकार भेटिन्छन् ।

काजीमान कन्दङ्वाले **नेपाली जन साहित्य,** (२०२०) मा मारुनी गीतको उल्लेख गर्दै यो गीत नेपालीहरूको मुख्य गीत वा नाच हो भनेका छन् । यही प्रसङ्गमा उनले यो गीत नै नेपालीहरूको राष्ट्रिय गीत हो भनी ठोकुवा गरेका छन् । तर दुधकोसी क्षेत्रको मारुनी नाच वा गीतको बारेमा भने केही भनेका छैनन् ।[२]

[२] काजीमान कन्दङ्वा, **नेपाली जन साहित्य,** (काठमाडौं : नेपाल एकेडेमी, २०२०), पृ.२२ ।

आर.डी. र एल. एलले **नेपालको विभिन्न जाति र लोकगीत** (२०२३), मा मारुनी नेपालको ज्यादै पुरानो र ख्याति प्राप्त नृत्य र गीत हो । यसमा आइमाई र लोग्ने मान्छे नाच्छन् भनी उल्लेख गरेका छन् । यसमा पनि दुधकोसीक्षेत्रको मारुनी गीत एवम् नाचको बारेमा छुट्टै चर्चा गरिएको छैन ।[३]

कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** (२०५७) मा मारुनी नृत्यगीतमा विभिन्न रागहरू हुने चर्चा गर्दै यो गीतिनाच वा नृत्य गीत हो भनेका छन् । यसमा गाइने गीतले अनिवार्य रूपमा नाचको अपेक्षा गर्दछ भन्ने कुरालाई सङ्केत गरेका छन् तर दुधकोसी क्षेत्रको मारुनी नाच कस्तो हो भन्ने सन्दर्भमा चाहिँ केही सङ्केत गरेका छैनन् ।[४]

चूडामणि बन्धूले **नेपाली लोकसाहित्य** (२०५८) मा लोकनाटकहरू सोरठी, बालन, नचरी, धाटु, आदिको चर्चा गर्दै सोरठी नाटक मारुनीको हाउभाउ तथा भूमिकामा नाचिने हुँदा यसलाई मारुनी नाच भनिन्छ भनी उल्लेख गरेका छन् । यसमा पनि दुधकोसीको सोरठी वा मारुनीको बारेमा भने केही भनेका छैनन् ।[५]

चतुरभक्त राईले, "मारुनी नाच, एक सांक्षिप्त परिचय," **कान्तिपुर** दैनिकको मङ्सिर ११,२०५८ मा मारुनी नाचको परिचय दिनेक्रममा यसका विभिन्न रागहरू हुने जानकारी गराउदै यसलाई प्रस्तुत गरिने समयावधिको बारेमा समेत सामान्य चर्चा गरेका छन् तर उनको यस लेखमा दुधकोसी क्षेत्रको मारुनी नृत्यगीतको बारेमा भने केही उल्लेख गरिएको छैन ।[६]

चतुरभक्त राईले नै, "दुमीराईहरूको संस्कृति र परम्परामा मारुनी नाचको स्थान", **इलिसिलिम** वर्ष ४, अङक ५, २०५९ को समालोचनात्मक लेखमा रावाखोला आसपासका क्षेत्रहरूमा प्रचलित मारुनी नाचको बारेमा चर्चा गर्नुका साथै यस नाचमा मादलेहरूले निर्वाह गर्ने भूमिकाको बारेमा विश्लेषण गरेका छन् । यसमा पनि दुधकोसी क्षेत्रको मारुनी नाचको बारेमा केही चर्चा गरेको पाइँदैन ।[७]

मोतीलाल पराजुलीले **सोरठी नृत्यनाटिका** (२०६३) मा सोरठी नाटिकालाई चिनाउने क्रममा यसलाई विभिन्न जिल्लामा मारुनी नाच, नचरी, करङ्नाच, पाङ्दुरे नाच आदिको नामले चिन्ने गरिएको पाइन्छ भनी उल्लेख गरेका छन् । त्यही पुस्तकमा सोरठी नै मारुनी शैलीमा नाचिने नृत्यनाटिका हो भनी उल्लेख गरिएको पनि पाइँन्छ तर यसमा पनि दुधकोसीक्षेत्रको मारुनी नृत्यगीत के हो भन्ने बारेमा केही चर्चा गरिएको पाइँदैन ।[८]

---

[३] आर. डी र एल. एल., **नेपालको विभिन्न जाती र लोकगीत**, (ललितपुर : जगदम्बा प्रकाशन, २०२३), पृ.८३ ।

[४] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ.५७ ।

[५] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** (काठमाडौं : एकता बुक्स, २०५८), पृ. २७० ।

[६] चतुरभक्त राई, "मारुनी नाच : एक संक्षिप्त परिचय", **कान्तिपुर** दैनिक, मंसीर ११, २०५८ ।

[७] चतुरभक्त राई, **"दुमीराईहरूको संस्कृती र परम्वरा मारूनी नाचको स्थान",** इलिसिलिम (वर्ष ४, अङक ५, २०५९) ।

[८] मोतीलाल पराजुली, **सोरठी नृत्यनाटिका**, (काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन, २०६३), पृ. २२ ।

रामजी थापाले, **लोकनाच संक्षिप्त अध्ययन,** (२०६३) मा मारुनी नाच पनि सोरठी नाच जस्तै सरस्वती उठान गरेर आरम्भ गरिने हो । यसमा गीतका विभिन्न राग तथा भाकाहरू हुन्छन् भनी मारुनी नाचको सामान्य चर्चा गरेका छन् । यसमा पनि कुनै निश्चित स्थान वा दुधकोसीक्षेत्रकै मारुनी नाचको भने केही उल्लेख गरिएको पाइँदैन ।[९]

टीकाबहादुर श्रेष्ठले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ **रावाखोलामा प्रचलित मारुनी लोकनाटकहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेका छन् । प्रस्तुत शोधपत्रमा खोटाङ जिल्ला अन्तर्गत रावाखोला आसपासका क्षेत्रहरूमा प्रचलित मारुनी लोकनाटकहरूको सङ्कलन गरी अध्ययन, विश्लेषण गरिएको पाइन्छ । उनले यसमा मारुनी नृत्यगीतलाई लोकनाटकको रूपमा त्यहाँ प्रस्तुत गरिन्छ भन्ने प्रष्ट पारेका छन् तर दुधकोसी क्षेत्रको मारुनी नाच के हो भन्ने बारेमा भने यसमा पनि केही चर्चा गरिएको छैन ।[१०]

केशव राईले, “कुइभीरमा प्रचलित लोकगीत तथा नाचहरू,” **कुइभीरवृत्त,** स्मारिका, आश्विन, २०६६ मा कुइभीरमा प्रचलित विभिन्न लोकगीतहरूको सामान्य परिचय दिने क्रममा मारुनी गीतको पनि थोरै चर्चा गरेका छन् । यसमा उनले यो मादल बजाएर लयबद्ध गरी गाइने र त्यही गीतको सारमा नारीको रूप धारण गराई पुरुष पात्रलाई नचाइने विशेष खालको नाच हो भनेका छन् । तर यो भन्दा विस्तृत चर्चा भने प्रस्तुत लेखमा गरिएको पाइँदैन ।[११]

यसरी मारुनी लोकनाच एवम् गीतको बारेमा गरिएको पूर्व अध्ययनलाई हेर्दा दुधकोसी क्षेत्रको मारुनी नाच वा गीतको छिटफुट अध्ययन बाहेक विस्तृत, व्यवस्थित र आधिकारिक अध्ययन भएको जानकारी पाइँदैन । यही सन्दर्भमा प्रस्तुत शोधकार्यको अध्ययनबाट केही अभाव पूरा गर्ने अपेक्षा गरिएको छ ।

### १.५. शोधकार्यको औचित्य

लोकमानसको मन, मस्तिष्कमा सँधै रमाउने लोकप्रिय नाच नै मारुनी नत्यगीत हो । यस्ता लोकप्रसिद्ध नाचहरू नेपाली लोकसमाज कै साझा सम्पत्ति पनि छन् । यसरी लोकमा प्रसिद्धि पाएको मारुनी लोकनाचको विषयमा व्यवस्थित र आधिकारिक रूपमा अध्ययन, अनुसन्धान त्यति भएको पाइँदैन । यसै परिप्रेक्षमा व्यवस्थित र आधिकारिक रूपमा गरिने यस शोधकार्य औचित्यपूर्ण रहेको छ । साथै यस

[९] रामजी थापा, **लोकनाच संक्षिप्त अध्ययन,** (काठमाडौं : म्युजिक नेपाल प्रा.लि. र इन्दिरा थापा), पृ.१४० ।

[१०] टीकाबहादुर श्रेष्ठ, **रावाखोलामा प्रचलित मारूनी लोकनाटकहरूको अध्ययन**, (त्रि.वि.स्नातकोत्तर शोधपत्र, अप्रकाशित, २०६५) ।

[११] केशव राईले, “कुइभीरमा प्रचलित लोकगीत तथा नाचहरू,” (**कुइभीरवृत्त,** स्मारिका, आश्विन, २०६६), पृ. ७ ।

शोधकार्यको माध्यबाट यस क्षेत्रको मारुनी नाचलाई सैद्धान्तिक कसीमा राखेर यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ । यसले गर्दा भविष्यमा यस सम्बन्धी जिज्ञासा राख्ने पाठकहरू तथा अध्येताहरूलाई थारै भए पनि वस्तुगत जानकारी हुने अपेक्षा गरिएको छ । त्यसैले अनुसन्धानको क्षेत्रमा यस शोधकार्यको महत्व औचित्यपूर्ण रहेको छ ।

**१.६. शोधकार्यको सीमाङ्कन**

मारुनी नाच लोकमानसको कानमा गुञ्जने र आँखामा नाच्ने प्रिय नाच हो । नेपालको पूर्वमा मेचीदेखि, पशिचममा राप्ती अञ्चलसम्म तथा नेपाल बाहिर भारत, भुटान, बर्मा लगायतका स्थानहरूमा प्रचलित रहेको मारुनी नाचको क्षेत्र व्यापक रहेको छ । यसरी व्यापक क्षेत्रमा फैलिएको मारुनी नाचको सीमा निर्धारण गर्नु कठिन कार्य भएतापनि अध्ययन, अनुसन्धानलाई गहन र व्यवस्थित बनाउनको निम्ति कुनै निश्चित ठाउँ वा क्षेत्रलाई निर्धारण गरी अध्ययन अनुसन्धान गरिएको पाइन्छ । यही सन्दर्भमा यहाँ दुधकोसी क्षेत्रमा कुइभीर, नेचा बतासे, नेचाबेदधारी, पञ्चन, सल्यान गा.वि.स.हरूका विभिन्न स्थानहरूको स्थलगत अध्ययन गरी मारुनी लोकनच एवम् गीतको सङ्कलन गरिएको छ । त्यसैले यस शोधपत्रको क्षेत्रगत सीमा यिनै ठाउँहरूमा केन्द्रित रहेको छ ।

यसरी विभिन्न क्षेत्रहरूबाट सङ्कलन गरिएको सामग्रीहरूलाई यसैको सिद्धान्तको कसीमा राखी यसको सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व स्थापित गर्नु पनि यस शोधकार्यको सीमाभित्र पर्दछ ।

**१.७. शोधविधि**

**१.७.१. सामग्री सङ्कलन विधि**

प्रस्तुत शोधपत्र सम्पन्न गर्न मुख्य दुईवटा विधि अपनाई सामग्रीहरूको सङ्कलन गरिएको छ । यहाँ स्थलगत अध्ययन गरी प्राप्त गरिएका सामग्रीहरूलाई प्राथमिक स्रोत र अन्य विभिन्न स्रोतबाट प्राप्त गरिएका सामग्रीहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

**क. प्राथमिक स्रोत**

मारुनी नाच एवम् गीत सङ्कलन गर्ने क्रममा विभिन्न स्थानहरूमा गई त्यहाँ प्रचलित मारुनी गीत एवम् नाचको बारेमा जानकार राख्ने व्यक्तिहरूसँग प्रत्यक्ष भेटी उनीहरूसँग विभिन्न मौखिक प्रश्नहरू सोधेर जानकारी हासिल गरिएको छ । यसका अतिरिक्त मारुनी नाच एवम् गीतलाई अडियो रेकर्ड गरी सामग्री सङ्कलन गरिएको छ ।

**ख. द्वितीय स्रोत**

प्रस्तुत शोधपत्र तयार पार्दा विभिन्न पत्र पत्रिका, पुस्तकालयको प्रयोग गरी सामग्रीहरूको सङ्कलन गरिएको छ । यसलाई यहाँ द्वितीय स्रोतबाट प्राप्त सामग्रीको रूपमा लिएको छ ।

### १.७.२. सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सङ्कलन गरिएका सामग्रीहरू मारुनीनाच एवम् गीतलाई यसैको तत्वको आधारमा विश्लेषण गरिएको छ । यसका अतिरिक्त सङ्कलित गीतलाई रस सिद्धान्तका आधारमा पनि विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नको निम्ति यसलाई जम्मा ६ वटा परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद - शोधपरिचय

दोस्रो परिच्छेद - नृत्यगीतको सैद्धान्तिक स्वरूप

तेस्रो परिच्छेद - दुधकोसी क्षेत्रको मारुनी नृत्यगीतको परिचय

चौथो परिच्छेद - दुधकोसी क्षेत्रको मारुनी नृत्यगीतको सङ्कलन र वर्गीकरण ।

पाँचौ परिच्छेद - नृत्यगीतको तत्वको आधारमा दुधकोसीक्षेत्रको मारुनी नृत्यगीतको विश्लेषण

छैटौं परिच्छेद - उपसंहार

सन्दर्भग्रन्थसूची

परिशिष्ट - मारुनी नृत्यगीतका तस्विरहरू

प्रस्तुत शोधपत्रलाई उल्लिखित ६ वटा परिच्छेदहरूमा विभाजन गरी तिनीहरूको पनि शीर्षक, उपशीर्षकहरू दिइएको छ । यसरी यस क्षेत्रको मारुनी नृत्यगीतको अध्ययन, विश्लेषण गरी निष्कर्ष निकालिएको छ र अन्त्यमा सन्दर्भग्रन्थसूची तथा परिशिष्ट प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# नृत्यगीतको सैद्धान्तिक स्वरूप

## २.१. पृष्ठभूमि

सिर्जनशील प्रकृतिको सुन्दर रचना नै यो संसार हो । यही संसारमा सृष्टिको प्रारम्भदेखि नै मानवले आश्रय लिदै र आफ्नो मानवीय अस्तित्व कायम राख्दै आएको देखिन्छ । यसै सन्दर्भमा मानव आफूले देखेको, सुनेको, जानेको कुराहरू अरूलाई बुझाउन र सुनाउन थाल्यो यसका साथै मानिसले आफ्नो अन्तरमनका भावनाहरूलाई भाषा, ध्वनि अनि शरीरका विभिन्न सङ्गहरू सञ्चालन गरेर भावका रूपमा व्यक्त गर्न थाल्यो । यही भन्ने, सुन्ने र आफ्ना मनका भावहरू व्यक्त गर्ने परम्पराबाट नै लोक साहित्यको जन्म हुन गयो । लोकसाहित्य लोकको अभिव्यक्ति झल्किने साझा सम्पत्ति हो । त्यसैले यसको कुनै ज्ञात व्यक्ति लेखक भएको हुँदैन वा यसको कुनै लिखित दस्तावेज भेटिदैन । यसरी सृष्टिको प्रारम्भदेखि नै लोकसमुदाय भित्र लोकसाहित्य हुर्कदै गयो भने अर्कोतिर समयको प्रवाहसँगै शिक्षित व्यक्तिहरूको काखभित्र लिखित वा शिष्ट साहित्य विकास हुँदै गयो । यस्तो साहित्यले लोकसाहित्यको दाँजोमा द्रुतगतिमा आफ्नो स्वरूप तथा पहिचान निर्धारण गर्दै अघि बढ्यो । यसै क्रममा लिखित साहित्यको अध्ययन गर्ने विद्वानहरूले विभिन्न विधा सिद्धान्तहरूको प्रतिपादन गरेको पाइन्छ । त्यस्तै लोक साहित्यमा पनि विस्तारै देश, विदेशका विद्वान तथा विश्लेषकहरूले अध्ययन, विश्लेषणमा रुचि देखाउदै गएको पाइन्छ । लिखित साहित्यमा कथा, कविता, उपन्यास, निबन्ध आदि विधाहरू भए जस्तै लोकसाहित्यको पनि लोककविता, लोककथा, लोकगीत, लोकनाटक, लोकगाथा, लोककाव्य, लोकप्रहसन, उखान टुक्का र गाउँखाने कथा जस्ता प्रमुख विधाहरूको निर्धारण गरिएको पाइन्छ । लोकसाहित्यका यी विधाहरूको प्रमुख विषयवस्तुहरू पनि लोकको अनुभूतिजन्य कुराहरू नै हुन्छन् ।

लोकसाहित्यका यी विभिन्न विधाहरू मध्ये लोकगीत एउटा महत्वपूर्ण एवम् लोकप्रिय विधा हो । मानवीय अन्तरमनका उतार-चढाब, उत्साह-उमङ्ग, हाँसो-खुशी, पीर-व्यथा आदि भावहरूलाई सरल, सहज र लयात्मक रूपमा व्यक्त गरिएको लोकको अभिव्यक्ति नै लोकगीत हो । यसमा लोकको बोलीचाली, चालचलन, व्यवहार, विश्वास, आस्था आदि चित्रण हुन्छ ।

## २.२. लोकगीतको परिचय

लोकसाहित्यका अन्य विभिन्न विधाहरू मध्ये लोकगीत पनि एउटा महत्वपूर्ण विधा हो । लोकले स्वतः स्फूर्त रूपमा दिएको आफ्ना अभिव्यक्तिहरूले लयात्मक रूप लिई भाषामा प्रकट हुँदा लोकगीतको जन्म हुन्छ । यो लोकसमाजको साझा ढुकढुकीका रूपमा निरन्तर प्रवाहशील भएर बाँचेको छ । यसरी लोकको साझा ढुकढुकीका रूपमा रहेको लोकगीत लोकको साझा सम्पत्ति पनि हो । समयको प्रवाहसँगै लोकगीतका अध्येता तथा विश्लेषकहरूले यसलाई अध्ययन विश्लेषण गर्ने क्रममा आ-आफ्नै तरिकाले

चिनाउने प्रयास गरेको पाइन्छ । जसमध्ये केही अध्येता तथा विश्लेषकहरूको लोकगीत सम्बन्धी परिभाषा यसप्रकार छ -

जुनगीत लोकमानसको अभिव्यक्ति हुन्छ अथवा जसमा लोकमानसको आभास पनि हुन्छ त्यो गीत लोकगीत अन्तरगत आउछ ।[१२] -सत्येन्द्र, (लोकसाहित्य विज्ञानः ३२६)

"लोकगीत भावुक हृदयको स्पन्दनशील लयदार कवितामय सामयिक ध्वनि हो , जीवनको कटुता र खल्लोपनमा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो ।"[१३] - लक्ष्मण लोहनी, (रोदीघरः १)

काव्यसुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयवर्जक शैली र कोमल पदरचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् ।[१४]

- ठाकुर पराजुली, (नेपाली साहित्यको परिक्रमा)

वास्तवमा लोकगीत लोकमानसको कोमल हृदयको भावुक स्वतः स्फुर्त एवम् कवितामय अभिव्यक्तिको प्रस्फुटन हो । जसमा लोकमानसको अन्तरपीडा, व्यथा, करुणा, आँसु, हाँसो, मिलन, विछोड आदि भावहरू लयात्मक एवम् सहज र सरल रूपमा अभिव्यक्त भएका हुन्छन् । त्यस्तै नेपाली लोकजीवनको अविछिन्न अनुभूतिहरू लयात्मक एवम् रागात्मक रूपमा प्रवाहशील भएर लोकगीतको प्रस्फुटन भएको हुन्छ । यसरी लोकजीवनको कोकिल कण्ठबाट सुसाएको लोकगीतको नेपाली जनजीवन, नेपाली समाज र नेपाली मुटुलाई सँधैं रसाएको छ । यही नै लोकगीतको लोकप्रियता एवम् पहिचान पनि हो । समग्रमा विभिन्न विश्लेषकहरूले लोकगीतको यस्तै भावलाई आ-आफ्नै विचारमार्फत प्रस्तुत गरेको पाइन्छ ।

### २.२.१.लोकगीतको वर्गीकरण


हरेक लोकमानसको हृदयमा छछल्किने र कानमा गुञ्जिरहने लोकगीतको अध्ययन, विश्लेषण गर्न सजिलो होस् भन्ने उद्देश्यले अध्येता तथा विश्लेषकहरूले यसलाई विभिन्न आधारमा विभाजन गरी यसको विभिन्न शाखाहरू निर्धारण गरेका छन् । लोकगीतको वर्गीकरण यसका अध्येता तथा विश्लेषकहरूले आ-आफ्नै किसिमले गरेको पाइन्छ । जसमध्ये पछिल्लो चरणको वर्गीकरणमा कृष्णप्रसाद पराजुली र चूडामणि बन्धुका वर्गीकरणहरू प्रसिद्ध छन् । उनीहरू लगायत अन्य विश्लेषकहरूका वर्गीकरणलाई समायोजन गरी नेपाली लोकगीतको वर्गीकरण यसप्रकार गरिएको छ -

---

[१२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ.६९ ।

[१३] ऐजन ।

[१४] ऐजन ।




माथि आरेखमा देखाइएका लोकगीतका शाखाहरूलाई निम्नानुसार चिनाइएको छ :-

**श्रमगीत** -नेपाल कृषिप्रधान मुलुक हो । त्यसैले यहाँका मानिसहरू अधिकांश समय खेतीपाती लगाउने र उठाउने काममा व्यस्त हुन्छन् यसरी दिनभर मानिसहरू काम गर्दा रमाइलो गर्न र दिन काट्न गाउँने गीतलाई नै श्रमगीत भनिन्छ, जस्तै :- दाँईगीत, असारेगीत, रोपाईगीत आदि यसप्रकारका गीतहरू हुन् ।

**पर्वगीत-** विभिन्न चाडपर्व तथा उत्सवहरूमा मानिसहरूले मनोरञ्जन गर्न गाउँने गीतलाई नै पर्वगीत भनिन्छ, जस्तै :- देउसी-भैलो गीत, मालसिरी गीत, भूओगीत आदि यसप्रकारका गीतहरू हुन् ।

**संस्कारगीत-** मानवीय जीवनमा गरिने संस्कारहरू जनम विवाह, न्वरान आदिको अवसरमा गाइने गीत नै संस्कार गीत हो । जस्तैः- फाग, सगुन, मागल आदि यसप्रकारका गीतहरू हुन् ।

**धार्मिक गीत-** मान्छेले गर्ने विभिन्न धर्मकर्मको अवसरमा गाइने गीतलाई नै धार्मिक गीत भनिन्छ, जस्तैः-भजन कीर्तनको गीत, आरती, पडेली आदि यसप्रकारका गीतहरू हुन् ।

**बाह्रमासा गीत** - बाह्रैमहिनाको वर्णन गरिएको गीतलाई बाह्रमासा गीत भनिन्छ । यस्ता गीतहरू झ्याउरे, सालैजो, घाँसे आदि लय/भाकामा गाउँने गरिन्छ ।

**बाह्रमासे गीत** - सदाकाल, वा बाह्रै महिना गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ, जस्तैः- झ्याउरे, ख्याली, सालैजो आदि गीतहरू यस अन्तर्गत पर्दछन् ।

**नृत्यगीत -** गीत गाउँदै त्यही गीतको लय/भाकामा नृत्यप्रस्तुत गरिने गीतलाई नृत्यगीत भनिन्छ, जस्तैः- मारुनी, रत्यौली, धाननाच, देउडानाच आदि यसप्रकारका गीतहरू हुन् ।

माथि उल्लिखित लोकगीतका विभिन्न शाखाहरू मध्ये यो शोध पत्र अध्ययनको प्रमुख विषय नृत्यगीत हो । त्यसैले यहाँ यसैमा केन्द्रित भएर अझ गहिरो रूपमा अध्ययन गरिन्छ ।

**२.३. नृत्यगीतको परिचय र परिभाषा**

समयको अविरल गतिसँगै लोकगीतका अध्येता तथा विश्लेषकहरूले यसको अध्ययनलाई सशक्त बनाउँदै लगेको पाइन्छ । यही क्रममा लोकगीतलाई अध्ययन, विश्लेषण गर्न सजिलो होस् भन्ने उद्देश्यले यसका विभिन्न शाखाहरू निर्धारण गरिएको पाइन्छ जसमध्ये लोकगीतको एउटा महत्त्वपूर्ण शाखा नृत्यगीत हो । यसरी लोकगीतको एउटा महत्त्वपूर्ण शाखाको रूपमा पहिचान गरिएको नृत्यगीत शब्द 'नृत्य' र 'गीत' दुईवटा शब्दहरूको संयोजनबाट निर्माण भएको हो । 'नृत्य' शब्दको व्यत्पत्ति 'नृत' धातुमा 'क्त' प्रत्यय लागेर भएको हो; यसको अर्थ-नाच्नु, हाउभाउ गर्नु आदि हुन्छ भने 'गै' धातुमा 'क्त' प्रत्यय लागेर गीत शब्दको  व्युत्पत्ति भएको हो;  यसको अर्थ -गाउनु, आलाप गर्नु आदि हुन्छ । यसरी व्युत्पत्ति भएको नृत्य र गीत शब्दलाई एकैसाथ विन्यास गराउदा नृत्यगीत शब्द बन्दछ ।

यसरी निर्माण भएको नृत्यगीत लोकसाहित्य अन्तर्गत लोकगीत विधाको एउटा महत्त्वपूर्ण शाखा हो । लोकगीतको यस शाखा अन्तर्गत मारुनी नाच, धाननाच, रत्यौली, डेउडनाच आदि पर्दछन् । यिनै नृत्यगीतहरू मार्फत लोकसमुदायले परापूर्वकालदेखि आफ्नो हृदयभित्रका अनेकौं भावहरू श्रव्य तथा दृश्य रूपमा व्यक्त गरी मनोरञ्जन लिने दिने गर्दै आएको पाइन्छ ।

यसरी लोकजीवनको मुटुको ढकढुकी भएर बाँचेको नृत्यगीतलाई विभिन्न अध्येता, विश्लेषकहरूले लोकगीतको एउटा महत्त्वपूर्ण शाखाको रूपमा विभाजन गरी यसलाई आ-आफ्नै तरिकाले चिनाउने प्रयास गरेका छन्  जसमध्ये केही अध्येता तथा विश्लेषकहरूको यस सम्बन्धी धारणा यसप्रकार रहेको छ-

सत्यमोहन जोशी -"नेपाली लोकगीतमा सङ्गीत र नृत्य पनि धेरै जसो ठाउँमा सँगै उनीएर गएको हुन्छ । यद्यपि सबै लोकगीतहरू  नृत्यगीत नभए पनि ।"[१५]

जोशीको यस भनाइबाट गीतमा सङ्गीत र नृत्य एकैसाथ गाँसिएर प्रस्तुत भएको लोकगीतलाई नै नृत्यगीत भनिने तथ्यलाई सङ्केत गर्दछ । सबै लोकगीतहरू नृत्यगीत हुँदैनन् भन्ने भनाइबाट नृत्यगीतलाई लोकगीतको एउटा शाखाका रूपमा सङ्केत गर्न खोजिएको देखिन्छ ।

धर्मराज थापाले लोकगीतलाई विभिन्न भेदहरूमा विभाजन गर्ने क्रममा यसको एउटा भेदका रूपमा नृत्यगीतलाई उल्लेख गरेका छन् र उनले यसलाई यसरी चिनाउने प्रयास गरेका छन्-नाच

[१५] सत्यमोहन जोशी। **नेपाली लोकगीत एक  अध्ययन**, (ललितपुर : अन्वेषण विभाग, २०१४)

मिसिएको गीत र गीत मिसिएको नाच अर्थात् नाच गानको तादात्म्य सम्बन्ध स्थापित गर्ने लोक अभिव्यक्ति नै नृत्यगीत वा लोकनृत्य हो ।[१६]

थापाको यस भनाइबाट पनि गीत गाउँदै नाच प्रस्तुत गरिने अथवा नृत्य र गीतको पारस्परिक सम्बन्ध रहेको लोक प्रस्तुति नै नृत्य गीत हो भन्ने तथ्यलाई सङ्केत गरेको छ ।

कृष्णप्रसाद पराजुलीको भनाइमा -"एउटै लयभित्र सँगेटिएको साङ्गीतिक प्रवाह र त्यसका अनुरागसँगै जन्मिने शारीरिक अभिनय र प्रतिक्रियाको संयोजन नै गीतिनृत्य हो ।"[१७]

पराजुलीकै यस सम्बन्धी अर्को कथन यसप्रकार छ- नृत्यगीतहरू नृत्यविना नै पनि गाउँन नसकिने होइन; तर तिनमा गीतको आकर्षण र भाव नृत्यको साथ नै खुल्दछ । नृत्यले गीतको पङ्क्ति र लयात्मकतामा जुनप्रकारको आकर्षण थप्छ, त्यही आकर्षण अन्य रूपमा पाउँन गाह्रो पर्छ । यसरी नृत्यसँग गाइने गीतहरू नै नृत्यगीत हुन् ।[१८]

पराजुलीको प्रस्तुत कथनमा पनि नृत्यगीतमा नाचको आवश्यकता अनिवार्य पर्दछ भन्ने रहेको देखिन्छ र यही नृत्य र गीत दुवैको संयोजनबाट मात्र यसको आकर्षण र प्रभावकारीता बढ्छ भन्ने कुरालाई प्रष्ट पारिएको छ ।

लोकगीतका अध्येता तथा विश्लेषकहरूले नृत्यगीतका सम्बन्धमा जे-जस्तो आफ्ना विचार, धारणाहरू प्रस्तुत गरे तापनि ती सबै आफ्नो ठाउँमा औचित्यपूर्ण नै देखिन्छन् । नृत्यगीत भन्नाले गीत गाउदै त्यसैको लय/भाकामा नाच प्रस्तुत गरिने गीतहरू भन्ने बुझिन्छ । यसरी गीत र नाच एकसाथ प्रस्तुत गर्दा नै यसको सार्थकता हुन्छ । नृत्यगीतमा गाइने गीतहरूले अनिवार्य रूपमा नाचको अपेक्षा गरेको हुन्छ । परापूर्वकालदेखि नै यस्ता गीतहरू लोकसमाजमा प्रचलित हुँदै आएको पाइन्छ । लोकगीत सुन्दा मात्रै आफ्नो सम्पूर्ण रोग, भोक र शोक बिर्सने लोकसामाजले त्यसमा नृत्य समेत हेर्न पाउँदा त झन उनीहरू हर्षविभोर हुन्छन् । त्यसैको परिणाम स्वरूप नृत्यगीतहरू आजसम्म लोकसमाजमा लोकप्रिय भएर रहेका छन् । यसरी नाच्ने व्यक्तिले गीतिराग सँगसँगै शारीरिक अभिनय गरी नृत्य प्रस्तुत गर्नु अथवा गायनकलाको साथमा नृत्यकला प्रस्तुत गर्नुलाई नै नृत्यगीत भनिन्छ । नृत्य र गीतको संयुक्त प्रस्तुतिले मात्रै यो सफल र प्रभावकारी बन्दछ ।

### २.४. नृत्यगीतको तत्त्वहरू

कुनै पनि वस्तुको संरचना गर्नको निम्ति नभई नहुने कुरा नै तत्त्व हो । जुन वस्तु ती कुराहरूको अभावमा बन्नै सक्दैनन् र अपुरो नै रहन्छ । नृत्यगीतको संरचना पनि त्यस्तै किसिमका तत्त्वहरूको

[१६] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** (काठमाडौं : पाठ्यक्रम विकास केन्द त्रि.वि., २०४१, पृ.१८२ ।

[१७] कृष्णप्रसाद पराजुली, पूर्ववत, पृ. २६१ ।

[१८] ऐजन, २६० ।

आवश्यक पर्दछ । त्यस्ता तत्त्वहरूको पूर्णता नृत्यगीतको संरचना नृत्यतत्त्वहरू र गीतितत्त्वहरूको संयोजनवाट मात्र हुन्छ । यसरी नृत्यतत्त्वहरू र गीतितत्त्वहरूको संयोजन गर्दा बन्ने नृत्यगीतका तत्त्वहरू कथ्य/विषयवस्तु वा भाव, लय/भाका, स्थायी, अन्तरा र थेगो, अभिनय, सङ्गीत, शैली, रस, उद्देशय र भाषा रहेका छन् ।

माथि उल्लिखित नृत्यगीतका तत्त्वहरूलाई निम्नानुसार चर्चा गरिएको छ ।

### २.४.१. कथ्य/विषयवस्तु वा भाव

कुनै पनि सिर्जनात्मक कृतिमा कथ्य/विषयवस्तु वा भाव अनिवार्य रहेको हुन्छ । नृत्यगीतमा प्रस्तुत गरिने गीत पनि सिर्जनात्मक कृति भएको हुँदा यसमा पनि कथ्य/विषयवस्तु अनिवार्य रहेको हुन्छ । गीतमा विषयवस्तु वा भावका रूपमा मानवीय अन्तरमनका अनुभूतिजन्य भावहरू अन्य विषयसँग गाँसिएर प्रस्तुत भएका हुन्छन् । त्यस्ता अनुभवजन्य भावहरू-आँसु, हाँसो, मिलन, विछोड, करुणा, शोक, व्यथा, उत्साह-उमङ्ग आदिको विषयवस्तुसँग सम्बन्धित भएर गीतमा प्रस्तुत भएको हुन्छ । यसरी मानवीय अन्तरमनका भावनाहरूलाई कुनै विषयसँग सम्बन्धित गराएर प्रस्फुटन गराउँदा गीत सिर्जना हुने र त्यही गीत गाउदै नृत्य प्रस्तुत गरिने हुँदा नृत्यगीतको एउटा अनिवार्य तत्त्व भाव / विषयवस्तु हो ।

### २.४.२. लय/भाका

नृत्यगीत प्रस्तुत गर्दा गायन अनिवार्य हुन्छ र त्यही गायनका लागि लय/भाकाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले नृत्यगीतको एउटा महत्त्वपूर्ण तत्त्व लय/भाका हो । यही लय/भाकाले गीतमा आन्तरिक साङ्गीतिक ध्वनिहरूको मात्रा तथा क्रमनिर्धारण गर्नुका साथै शैलीको निर्धारण गर्ने गर्दछ भने गीतमा लय/भाकाको निर्धारण चाहिँ यति र गतिले गर्दछ ।

#### २.४.२.१. यति

गीतमा मात्राहरूको विश्रामलाई यति भनिन्छ । यसले गीतमा लय निर्माण गर्ने गर्दछ । गीत गाउँदा उत्पन्न हुने ध्वनिहरूको समूहलाई मात्रा भनिन्छ । एक अक्षर उच्चारण बराबरको समय सामान्यतः एक मात्रा हो । मात्राको निर्धारण वर्ण/अक्षरको उच्चारणबाट हुन्छ । त्यस्तै ध्वनिविस्तार र ध्वनिसङ्कोच प्रक्रियाले पनि मात्राको निर्धारणमा प्रभाव पार्दछ । ध्वनिविस्तार हुँदा एउटै वर्णको उच्चारण २/३ मात्रा बराबर हुन्छ भने ध्वनिसङ्कोच हुँदा २/३ वर्णको उच्चारण एक मात्र बराबर हुन्छ । यसरी ध्वनि/वर्णको उच्चारणगत तीव्रता एवम् विलम्वताले नै गीतको लय/भाकामा परिवर्तन पनि आउने गर्दछ ।

यसरी गीतमा यतिबाट नै गीतमा लयको उत्पत्ति र परिवर्तन हुने भएकोले गीत वा लोकगीतको लय/भाका निर्माणमा यतिको मुख्य भूमिका हुन्छ ।

### २.४.२.२. गति

गीतमा ध्वनिहरूको चाललाई गति वा लय भनिन्छ । त्यस्तै गीतको भाका अनुसार नै मात्राहरूको गतिले मिठासपन उत्पन्न गराउँदछ । गीतमा द्रुतगति, विलम्वित गति र मध्यगति गरी तीन किसिमका गतिहरू हुन्छन् ।

**क. द्रुतगति**

गीतगायनमा मात्राहरू छिटो-छिटो उच्चारण गर्नुलाई द्रुतगति भनिन्छ ; जस्तैः-

छपनीमा छानी -छानी - २

डबकीमा हानी- हानी - २

ख. **मध्यगति**

गीत गायनमा मात्राहरूलाई मध्यम किसिमले उच्चारण गर्नुलाई मध्यगति भनिन्छ ; जस्तैः-

हा ऽऽऽ  हा ऽऽऽ हा ऽऽऽ

हात्तीमाथि माउते माउतेमाथि छाता

हो छातामाथि झुलुमुले घाम

ग. **विलम्बित गति**

गीत गायनमा एउटै मात्रालाई २/३ मात्रा बराबरको समय दिएर उच्चारण गर्नु वा गीत गाउनु लाई विलम्बित गति भनिन्छ ;

जस्तै :- सु ऽन्तला ऽ को ऽ गा ऽऽची ऽमु ऽनि

हा ऽऽ है ऽआ ऽज ऽत ऽ मेरो ऽऽडे ऽऽ रा ऽ ता  काली भूँमरो

हो ऽकाली-काली भूँमरो

ल ऽऽ ह ऽयी ऽचल्यो ऽऽ बि ऽऽ कार ऽ

भि ऽ जि ऽ यो ऽ नि ऽ धा ऽ र  -२

प्रस्तुत गीतमा ऽ (दीर्घ) चिह्नले विलम्बित गतिलाई सङ्केत गरिएको छ । यसरी गीत गायनमा यति र गतिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यही यति र गतिको आधारमा नै गीतको लय/भाका निर्माण तथा परिवर्तन हुने गर्दछ । गीतको यही लय/भाकाको आधारमा नै नृत्य पनि प्रस्तुत हुने हुँदा नृत्यगीतको एउटा अनिवार्य तत्त्व लय/भाका हुन गएको छ ।

**२.४.३.स्थायी, अन्तरा र थेगो**

हरेक गीतमा निश्चित भूमिका निर्वाह गर्ने पङ्क्ति वा अंशहरू नै स्थायी, अन्तरा र थेगो हुन्

**क. स्थायी**

गीतमा पटक-पटक दोहोरिने मूल अंशलाई नै स्थायी भनिन्छ । यसले गीतमा लय/भाका निर्माण गर्ने गर्दछ ; जस्तैः-

दूधकोसी किनारैमा के-को पूजा लायौं

हो रगतैले भिज्यो बालुवा

अन्तरा-रगतैले होइन राजै

हो आँसुले भिज्यो पछ्यौंरा

**ख. अन्तरा**

गीतमा स्थायी पछि गाइने मूल भाव/कथ्यलाई अन्तरा भनिन्छ । गीतमा यो २/४ वा धेरै पङ्क्तिमा रहन्छ । यसलाई गीतको गेडो वा चरण पनि भनिन्छ । यही गीतको अन्तरामा समाज,प्रकृति धर्म, नीति, पुराण आदि विषयवस्तुहरू लेखक/गायकको अनुभूतिसँग समायोजन भएर प्रस्तुत भएको हुन्छ ; जस्तैः-

रगतैले होइन राजै

हो आँसुले भिज्यो पछ्यौंरा

गीतको अन्तरामा सम्बद्ध, असम्वद्ध तथा प्रतीकात्मक कथ्य/ विषयवस्तुहरूलाई प्रस्तुत गरी भन्न खोजेको मूल सन्देश वा कुरालाई प्रष्ट पारिएको हुन्छ ;जस्तैः-

सम्बद्ध चरण - रानी चरी वनैमा है

लहरी टुट्यो मेरो मनैमा

असम्बद्धचरण - हा ऽऽ है खेलिरह्यो जोरै र जहाँस

हेर-हेर आमयी-बाबै आइपुग्यो

सोरसय गोपेनी, कृष्णजीको नाच

माथि प्रस्तुत गरिएको सम्बद्ध चरणको गीतको अंशमा दुईवटै पङ्क्तिमा विषय गत र अर्थगत मेल भएको छ भने असम्बद्ध चरणको गीतको पङ्क्तिहरूमा विषय र अर्थगत मेल देखिदैन् । किनभने

हाँस खेलिरहेको ं विषय र गोपेनीहरूसँग कृष्ण नाचेको विषय फरक-फरक छ । त्यसैले विषयगत र अर्थगत मेल प्रस्तुत गीतको अंशमा देखिँदैन ।

**ग. थेगो**

गीतमा ध्वन्यात्मकता ल्याउन लयलाई गतिप्रदान गर्ने र आलङ्कारिकता थप्नलाई स्थायी वा अन्तरामा पटक-पटक दोहोरिने पदपद ावली लाई नै थेगो भनिन्छ । यसलाई रहनी वा स्तोभ पनि भनिन्छ । यस्ता थेगोहरू गीतमा अगाडि, पछाडि र बीचमा रहन्छन् । यस्ता थेगोहरू वर्ण, शब्द तथा पदको तहमा गरी तीन किसिमका हुन्छन् ।

**वर्णस्तोभ** (वर्णको तहमा हुने थेगो)-

गीतमा वर्ण पटक-पटक दोहोरिएर रञ्जकता ल्याउनु नै वर्णस्तोभ हो ; जस्तै :-

हा ऽऽऽ हा ऽऽऽहा ऽऽऽ

दूधैकोसी वारिपारि कुसुमैको घारी

प्रस्तुत गीत गायनकोप्रारम्भमा ‘ह’ वर्णको पुनरावृत्ति भएको छ । त्यसैले यहाँ ‘ह’ वर्ण वर्णस्तोभको रूपमा आएको छ ।

**शब्दस्तोभ** (शब्दको तहमा प्रयोग हुने थेगो) -

गीतको पङ्क्तिमा सार्थक वा निरर्थक शब्दहरू थेगोका रूपमा बारम्बार दोहोरिनुलाई शब्द स्तोभ भनिन्छ; जस्तैः-

आयो नुवायो रेशम आयो नुवायो

बालैमा पैसा झऱ्यो रेशम साह्रै सुवायो

रेशम साहै सुवायो

प्रस्तुत गीतको अंशमा रेशम शब्द दोहोरिएर आएको छ । त्यसैले यो शब्द स्तोभ हो ।

रहनी/ पदस्तोभ (पद/पदावलीको तहमा प्रयोग हुने थेगो)-

एउटै गीतमा सार्थक वा निरर्थक पद/पदावलीहरू थेगोको रूपमा बारम्बार दोहोरिनुलाई नै पदस्तोभ भनिन्छ ; जस्तै :-

सुन्तलाको गाँचीमुनि

हा ऽऽहै आज त मेरो डेरा, काली भूँमरो

हो काली-काली भूँमरो

लहयी चल्यो विकार

भिजियो निधार -२

प्रस्तुत गीतमा 'काली भूँमरो' पदावली थेगोको रूपमा पुनरावृत्ति भएर आएको छ । त्यसैले यो पदस्तोभ वा रहनी हो ।

यसरी गीतमा थेगोका रूपमा दोहोरिएका वर्ण, शब्द र पदहरूले यसमा लयात्मकता ल्याउनुका साथै नयाँ लय/भाका निर्माण गर्ने गर्दछन् । यसले गर्दा गीतमा श्रुतिमधुरता थपिन्छ र गीत कर्णप्रिय बन्दछ । त्यसैले नृत्यगीत एउटा अनिवार्य तत्त्वका रूपमा स्थायी, अन्तरा र थेगो आएको हुन्छ ।

### २.४.४. अभिनय

नृत्यगीतमा एउटा नभई नहुने तत्त्व अभिनय हो यसको शब्दगत व्युत्पत्ति 'नी' धातुमा 'अच' प्रत्यय लगाएर 'अभि' उपसर्ग थपेपछि हुन्छ । यसको अर्थ-नाच्नु, अभिनय गर्नु, कुनै चरित्रको अनुकरण गर्नु आदि हुन्छ । वास्तवमा अभिनय भन्नाले कुनै चरित्र वा भावको अनुकरण गरी भेषभूषा, अङ्ग, मुद्रा, सङ्केत आदिबाट भाव व्यक्त गर्नु भन्ने बुझिन्छ । अभिनय आङ्गिक, वाचिक, सात्विक र आहार्य गरी चार प्रकारका हुन्छन् ।

#### २.४.४.१. आङ्गिक अभिनय

शरीरका विभिन्न अङ्गहरू सञ्चालन गरी नृत्य प्रस्तुत गर्नुलाई आङ्गिक अभिनय भनिन्छ । आङ्गिक अभिनयमा शिर, हात, छाती, कोख, कम्मर, खुट्टा आदि अङ्गहरू तथा आँखा, आँखीभौं, गाला आदि उपाङ्गहरू समावेश हुन्छन् भनी नृत्यशास्त्रमा वर्णन गरिएको पाइन्छ । नृत्यगीत प्रस्तुत गर्दा पनि यिनै अङ्गहरू तथा उपाङ्गहरूको सुन्दर सञ्चालनबाट भाव व्यक्त गरिने हुँदा आङ्गिक अभिनयको यसमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

#### २.४.४.२. वाचिक अभिनय

नृत्यगीत प्रस्तुत गरिदा वाचिक अभिनयका माध्यमबाट गीत गायन गरिनुका साथै गीतिसंवादहरूको उच्चारण गरिने हुँदा नृत्यगीतसँग यसको केही मात्रमा सम्बन्ध रहेको देखिन्छ ।

#### २.४.४.३. आहार्य अभिनय

नाच्ने व्यक्तिको भेषभूषा, गरगहना, शृङ्गार आदिबाट भाव व्यक्त हुने अभिनयलाई आहार्य अभिनय भनिन्छ । नृतयगीतमा भेषभूषा तथा शृङ्गारबाट नै पात्रको परिचय स्पष्ट हुनुका साथै रस आस्वादन भई आनन्द प्राप्त हुने हुँदा यसको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यस्तै मारुनी शैलीको नृत्यगीतमा आहार्य अभिनय अन्तरगतको अङ्गरचना (नाच्ने व्यक्तिको शरीरमा विभिन्न लेपहरू लगाई

साग सज्जा गर्नु) र अलङ्कार (नाच्ने व्यक्तिलाई विभिन्न किसिमका लुगाकपडा, गरगहना, माला, मुकुट आदिले सिँगार्नु) को प्रयोग गरिएको हुन्छ ।

### २.४.४.४. सात्त्विक अभिनय

नाच्ने व्यक्तिले आफ्नो मानसिक भावलाई विभिन्न मुद्रा तथा अभिनयका माध्यमबाट व्यक्त गर्नुलाई सात्विक अभिनय भनिन्छ । नाच्ने व्यक्तिले आफ्नो अन्तरभावहरू व्यक्त गर्ने क्रममा पसिना आउँनु, काप्नु, रोमाञ्च हुनु, अनुहार बिगार्नु, आँसु खस्नु आदि विभिन्न किसिमका भावहरू व्यक्त गरेमा सात्विक अभिनय हुन्छ ।

माथि उल्लिखित चारवटै अभिनयहरूको कुशल संयोजन गरी नृत्य प्रस्तुत गरिएको खण्डमा मात्रै नृत्यगीत प्रभावकारी हुन सक्दछ । त्यसैले नृत्यगीतको एउटा अनिवार्य तत्त्व अभिनय बन्न गएको छ ।

### २.४.५. सङ्गीत

सङ्गीत ध्वनिहरूको आपसी मेलबाट उत्पन्न हुने आनन्ददायक स्वरको अभिव्यक्ति हो । गीतमा प्रयोग हुने ध्वनिको मेलबाट आन्तरिक सङ्गीत र वाद्यहरूको ध्वनिबाट निस्कने ध्वनिहरूको समष्टि रूपबाट बाहिरी सङगीत उत्पन्न हुन्छ । गीतको लय र सङ्गीतको ढाँचा अनुसार नै नृत्यमुद्राहरू सञ्चालन हुने र नृत्यको विश्राम तथा भावभङ्गिमा हुने गर्दछ । त्यसैले नृत्यगीतको एउटा अनिवार्य तत्त्व सङ्गीत हो । गीत, सङ्गीत र नृत्य तीनै विषयहरू सँगै आउने विषयहरू हुन् । त्यसैले सङ्गीत शास्त्रमा 'गीतं, वाद्यं तथा नृत्यं त्रयो सङ्गीत मुच्यते' भनिएको छ ।

सङ्गीतशास्त्रमा तत्वाद्य, अवनद्धवाद्य, धनवाद्य र सुषिरवाद्य गरी चार किसिमका बाजाहरूको उल्लेख गरिएको पाइन्छ । वीणा, सारङ्गी आदि तारबाट बनाइएको बाजालाई तत्वाद्य भनिन्छ । मादल दमाहा, ढोलकी आदि छालाले मोरेर बनाइएको बाजाहरूलाई अवनद्धवाद्य भनिन्छ । नृत्यगीतमा अवनद्धवाद्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तै किसिमको बाजाहरूबाट नृत्यको ताल मिलाउने र गति निर्धारण गर्ने गरिन्छ । मुर्चुङ्गा, विनायो, घण्टा आदिलाई ठोकेर वा कोट्याएर बजाइने. बाजालाई धनवाद्य भनिन्छ । सहनाइ, बाँसुरी आदि फुकेर बजाइने बाजालाई सुषिबाद्य भनिन्छ ।

माथि उल्लिखित बाजाहरू मध्येमा मारुनी नृत्यगीतमा मादल, बाँसुरी, विनायो, मुर्चुङ्गा आदि बाजाहरूकोप्रयोग गरिन्छ । यिनै बाजाहरूसँग सम्बन्धित कला, मात्रा, ताल र लयको सम्बन्ध नृत्यगीतसाग हुने हुँदा सङ्गीत नृत्यगीतको एउटा अनिवार्य तत्त्व हो ।

### २.४.६. शैली

प्रस्तुतीकरण, भेषभूषा, गीत, सङ्गीत, अभिनय आदिमा नेपाली नृत्यको आफ्नै किसिमको छुट्टै मौलिक शिल्प रहेको छ । नृत्यको यही शिल्पलाई नै शैली भनिन्छ । नृत्यगीत प्रस्तुत गरिने शैलीहरू पनि नेपाली समाजमा विभिन्न किसिमको प्रचलनमा रहेको पाइन्छ जसमध्ये यसलाई प्रस्तुत गरिने प्रमुख शैली

मारुनी शैली हो । यस शोधपत्रको अध्ययनको प्रमुख क्षेत्र पनि मारुनी शैली नै रहेको हुँदा यसको चर्चा यहाँ गरिएको छ ।

### २.४.६.१. मारुनी शैली

मारुनी शैलीमा दुई जना पुरुषपात्रहरूलाई नारीको लुगा, कपडा तथा गरगहनाले सिंगारेर नाच्न लगाइन्छ । यसरी पुरुष पात्रलाई नारीको भेषभूषामा सिँगारेर नाच्न लगाइने शैलीलाई नै मारुनी शैली भनिन्छ । यस्तो शैलीको नाचमा दुई जना मारुनी, एक जना पुर्सुङ्गे (पुरुष पात्र) अनिवार्य रूपमा नाच्ने गर्दछन् र अन्य व्यक्तिहरू पनि स्वइच्छाले नाच्ने गर्दछन् । त्यस्तै यसमा मूलमादलेहरू, गीताङ्गेहरू, गुरु, निर्देशक आदि पात्रहरू पनि सहयोगीका रूपमा सहभागी हुन्छन् भने दर्शकलाई हँसाउन तथा मनोरञ्जन प्रदान गर्न नाचको बीच-बीचमा ढँटुवारे आएर विभिन्न उट्पटयाङ कार्यहरू गर्ने गर्दछ । यस किसिमको शैलीको नाचमा विभिन्न लय/भाकाका गीतहरू गाउँदै नृत्य प्रस्तुत गरिन्छ ।

नृत्यगीत प्रस्तुत गरिने शैली शिल्प कै आधारमा नृत्यगीतको पहिचान हुने हुँदा यसको एउटा अनिवार्य तत्त्वका रूपमा शैली रहेको छ ।

### २.४.७ रस

पूर्व ऋषिमूनिहरूले रसमय काव्य नै साहित्य हो भन्दै काव्यमा रसको आवश्यकतालाई औंल्याएको पाइन्छ । त्यस्तै भरतमुनिले नाटकमा रसको आवश्यकता पर्दछ भन्दै वस्तु, रस र नेतालाई नाटकको प्रमुख तत्त्व मानेका छन् । वास्तवमा रसले दर्शकको मानसिक तहमा प्रभाव पार्ने गर्दछ र कुनै नृत्य हेरिसकेपछि दर्शकहरूको मनमा पर्ने स्थायी प्रभाव नै रस हो । रस भावले नर्तक वा नाच्ने व्यक्ति आफैलाई पनि प्रभाव पारेको हुन्छ र त्यही प्रभावमा उसले नृत्यका भावभाङ्गिमा र मुद्राहरू निर्माण गरेको हुन्छ । जुन नृत्य प्रस्तुतिले रस भावहरू उत्पन्न गर्न सक्द छ त्यस्तो नृत्यले मात्रै दर्शकहरू र नर्तक आफैलाई आनन्द प्रदान गर्न सक्दछ । त्यस्तै आनन्द विनाको नृत्यको औचित्य नहुने हुँदा नृत्यगीतमा रसको महत्त्वपूण भूमिका हुन्छ ।

रस भाव उत्पन्न हुनको लागि विभिन्न भावहरू विभाव, अनुभाव, व्याभिचारी/सञ्चारी भाव र स्थायी भाव हुनु पर्ने कुरालाई औंल्याइएको पाइनछ । यी विभिन्न भावहरूलाई केन्द्रिय गरेर नवरसको कल्पना गरिएको छ । तीनै रसहरूको सीमा भित्र विभिन्न भावहरू आवद्ध गरिएको हुन्छ । नृत्यगीत प्रस्तुत गर्दा ती विभिन्न भावहरू जागृत हुन्छन् र रस उत्पन्न भई दर्शकमा आनन्द प्राप्त हुन्छ । यही आनन्द प्राप्त हुनु नै नृत्यगीत सफल हुनु हो । दूधकोसी क्षेत्रमा प्रस्तुत गरिने मारुनी शैलीको नृत्यगीतमा नवरस मध्येको करुण, हास्य र शृङ्गार रसको प्रयोग गरिएको पाइन्छ । त्यसैले नृत्यगीतको एउटा अनिवार्य तत्त्व रस हो ।

### २.४.८. उद्देश्य

कुनै पनि विधाको सिर्जना गर्दा निश्चित उद्देश्य राखेर गरिएको हुन्छ । त्यस्तै नृत्यगीत पनि कुनै उद्देश्यलाई पूरा गर्ने नै प्रस्तुत गरिएको हुन्छ वा आयोजना गरिएको हुन्छ । उद्देश्यले कुनै पनि नृत्यको स्वरूप वा विधा निर्माण गर्ने भएकोले यसलाई नृत्यगीतको तत्त्वभित्र समावेश गरिएको हो भन्ने नृत्यका अध्येताहरूको प्रस्टोक्ति रहेको छ । नृत्यको संरचना भित्र भने उद्देश्य तत्त्वका रूपमा आएको देखिदैन । नेपाली लोकसमाजमा प्रस्तुत गरिने नृत्यगीतको उद्देश्यहरू विभिन्न रहेको पाइन्छ तर पनि ती सबै नृत्यगीतहरूको प्रमुख उद्देश्य भने मनोरञ्जन प्रदान गर्नु नै हो । नृत्यगीतको केही प्रमुख उद्देश्यलाई निम्नानुसार चिनाइएको छ ।

#### २.४.८.१. मनोरञ्जन

परापूर्वकालदेखि नै लोकसमाजका मानिसहरूले मनलाई खुसी र शान्त पारी आनन्द प्राप्त गर्ने माध्यमका रूपमा लोकमा यस्ता नृत्यगीतहरू प्रस्तुत गरिदै आएको पाइन्छ । नेपाली लोकसमाजमा धेरै जसो समय काम धन्दामा बित्ने र मनलाई शान्त पार्ने कुनै माध्यमहरू नहुने हुँदा विभिन्न समय तथा अवसरहरूमा प्रस्तुत गरिने यस्ता नृत्यगीतहरू नै मानिसहरूका निम्ति भरपुर मनोरञ्जन लिने माध्यमका रूपमा रहेको पाइन्छ । लोकभाकाका गीतहरू गुञ्जिएको सुन्दा नै हृदय पग्लेने नेपाली जनमानसले झन त्यसका साथमा नृत्य नै हेर्न पाउँदा त हर्ष विभोर भई दुःख कष्ट नै बिर्सन्छन् । यसरी जनमानसको आँखालाई रसाएर हृदय पगाली मनोरञ्जन प्रदान गर्नु नै नृत्यगीतको प्रमुख उद्देश्य हो । लोकसमाजमा यस्ता नृत्यगीतहरू जहिले, जस्तो अवसरमा प्रस्तुत गरिए तापनि यसको प्रमुख उद्देश्य लोकमानसको आक्रान्त शरीर र बोझिलो मनलाई शान्त पारी मनोरञ्जन प्रदान गर्नु नै हो ।

#### २.४.८.२. धार्मिक भावनाको प्रस्तुति

नेपाल बहु जातीय, बहु धार्मिक तथा बहु सांस्कृतिक मुलुक हो । त्यसैले यहाँका विभिन्न जातिका मानिसहरूले आ-आफ्नै धार्मिक आस्था, विश्वासअनुसार मृतकको नाममा यस्ता विभिन्न शैलीका नृत्यगीतहरू प्रस्तुत गर्ने गरेको पाइन्छ । यसो गर्नाले मृतात्मा खुसी हुने धार्मिक विश्वास गरिन्छ । यसै सन्दर्भमा दूधकोसी क्षेत्र आसपासमा बसोबास गर्ने विशेषगरी राई जातिले मृतकको आत्मा खुसी पार्ने नाममा मारुनी नाच नचाउने, रात्री जाग्राम राख्ने गर्दछन् । यसो गर्नाले मृतात्मा खुसी भई सन्तुष्टका साथ सरासर आफ्नो बाटो लाग्दछ भन्ने धार्मिक विश्वास रहेको छ । त्यसैले धार्मिक भावनाको प्रस्तुति गर्नु पनि नृत्यगीतको एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा उद्देश्यलाई लिइएको छ ।

### २.४.९. भाषा

मानवीय अन्तरमनका भावनाहरूलाई व्यक्त गर्ने अर्थपूर्ण ध्वनिको समूह नै भाषा हो । यही भाषाद्वारा नै हरेक मानिसहरूले आफ्ना अन्तरमनका भावनाहरू कलात्मक अभिव्यक्तिका रूपमा व्यक्त गर्ने गर्दछन् । त्यस्तै नृत्यगीत अन्तरगतको गीत पनि मानवीय अन्तरमनकै कलात्मक अभिव्यक्ति भएको हुँदा त्यसलाई पनि भाषामा नै अभिव्यक्त गरिन्छ । भाषा विना कुनै पनि सिर्जनात्मक रचना प्रस्फुटन गर्न नसकिने हुँदा सिर्जनालाई व्यक्त गर्ने प्रमुख साधनको रूपमा भाषा आएको हुन्छ । नृत्यगीत लोकप्रचलित हुने हुँदा यसमा गाइने गीतको भाषा पनि लोकसमाजमा प्रचलित विभिन्न स्थानीय भाषाहरूको मिश्रण भएको पाइन्छ । जे-जस्तो भाषाको प्रयोग गरिए तापनि नृत्यगीतमा गाइने गीत सिर्जना गर्ने प्रमुख माध्यम भाषा नै हो । नृत्य र गीतको आन्तरिक रूपमा पारस्परिक सम्बन्ध हुने हुँदा नृत्यगीतको एउटा अनिवार्य तत्त्वको रूपमा भाषा आएको हुन्छ ।

समग्रमा माथि उल्लिखित तत्त्वहरूको पारस्परिक विन्यासद्धारा नृत्यगीतको सिङ्गो संरचना तयार हुन्छ । कुनै पनि तत्त्वहरूको अभावमा नृत्यगीतले पूर्णता पाउन सक्दैन । त्यसैले माथि उल्लिखित नृत्यतत्त्वहरू र गीतितत्त्वहरूको संयोजन नै नृत्यगीतको सिङ्गो संरचना हो ।

## २.५. नृत्यगीतका विशेषताहरू

लोकगीतका विभिन्न शाखाहरू मध्ये नृत्यगीत एउटा महत्त्वपूर्ण शाखा हो । परापूर्वकाल देखि लोकमानसले यिनै माध्यमहरू मार्फत मनोरञ्जन लिनेदिने गर्दै आएको पाइन्छ । यसरी लोकमानसको हृदयलाई रसाउने, कानमा गुञ्जिने र आँखामा नाच्ने यस्ता लोकनृत्यगीतहरूको आफ्नै छुट्टै मौलिक पहिचान रहेका पाइन्छ । यस्तै पहिचानले नै यसले अन्यविधा भन्दा लोकसमाजमा विशेष किसिमले लोकप्रियता पाएको छ । यसरी लोकसमाजमा लोकप्रियता हासिल गर्ने नृत्यगीतका विभिन्न विशेषताहरू औंल्याइएको पाइन्छ । नृत्यगीतका ती विशेषताहरूलाई निम्नानुसार चिनाइएको छ ।

### २.५.१. मङ्गलगान

लोकमानसले धर्मकर्म तथा देवीदेवताहरूको पूजा, अर्चनामा बढी विश्वास राख्ने हुँदा उनीहरूले कुनै शुभकार्य आरम्भ गर्नुभन्दा अगाडि देवीदेवताहरूको पुकार गरी सरण पर्ने गर्दछन् । यसो गर्नाले कुनै पनि कार्य सफलतापूर्वक सम्पन्न हुन्छ भन्ने लोकविश्वास पाइन्छ । त्यस्तै नृत्यगीतको आरम्भ गर्दा पनि प्रस्तुत गरिने समयावधिभरि केही बाधा, अड्चन नआओस र कार्य सफल रूपमा सम्पन्न होस भन्ने कामनाका साथ देवीदेवताहरूको सरण परी मङ्गलगान गाउने परम्परा रहेको पाइन्छ । यही परम्परालाई अवलम्बन गरी मारुनी नृत्यगीत प्रस्तुत गर्दा पनि आकाश पातालका साथै लोकमा प्रचलित विभिन्न

देवीदेवताहरूको पुकार गरी सरण पर्ने गरिएको पाइन्छ । त्यसैले मङ्गलगान गर्नु नृत्यगीतको एउटा महत्त्वपूर्ण विशेषता हो ।

### २.३.२. मनोरञ्जनात्मकता

लोकमा मनोरञ्जन प्रदान गर्नु पनि नेपाली लोकनृत्यगीतको एउटा महत्त्वपूर्ण विशेषता हो । परापूर्वकालदेखि लोकमा प्रचलित नृत्यगीतहरू आजसम्म पनि त्यत्तिकै लोकप्रिय भएर जीवन्त बनेका छन् । लोकका मानिसहरू सदा सर्वदा काममा व्यक्त भई थकित भएको अवस्थामा यस्ता नृत्यगीतहरू हेर्न र सुन्न पाउँदा उनीहरूको हृदय रसिन्छ र क्षणिक समय भए तापनि सम्पूर्ण रोग भोक र शोकलाई बिर्सेर आनन्द महसुस गर्छन् । यसरी लोकमानसको मन, मस्तिष्कलाई रसाउने लोकसाहित्यका यिनै विधाहरू नै लोकसमाजका साझा सम्पत्ति तथा मनोरञ्जन लिने माध्यम हुन् । लोकमा यस्ता नृत्यगीतहरू मनोरञ्जन लिने मूल उद्देश्यका साथ नै आयोजना गरिएको हुन्छ । त्यसैले मनोरञ्जनात्मकता नृत्यगीतको एउटा महत्त्वपूर्ण विशेषता हो ।

### २.५.३. सरलता, सहजता र स्वाभाविकता

नृत्यगीतहरू लोकमानसकै बोली-वचन,चाल-चलन, रहन-सहन, संस्कृति, मान्यता आदिबाटै सिर्जित हुने हुँदा यसमा सरलता, सहजता र स्वाभाविकता रहेको हुन्छ । यसरी लोकको जनजिब्रोबाट अभिव्यक्त हुने यस्ता नृत्यगीतको प्रस्तुतिले मानिसको मन, मस्तिष्क सजिलै रसाइदिन्छ । यसको भावबोध गर्नको निम्ति पनि ऊ (मानिस) गहन चिन्तनमा लाग्नु पर्ने अवस्था हुँदैन । यसरी सहज र स्वाभाविक रूपमा ग्रहण गर्न सकिने तथा लोकको वास्तविक चित्र एवम् यथार्थपन झल्किने हुँदा यस्ता विधाहरू लोकमा जीवन्त बनेका छन् । यसरी लोकमानसको मन, मस्तिष्कलाई सरल र स्वाभाविक रूपमा छुन सक्नु पनि यसको एउटा महत्त्वपूर्ण विशेषता हो ।

### २.५.४. परम्परागत तथा जातीय भेषभूषा

लोकसमाजमा प्रचलित नृत्यगीतहरू विभिन्न जातिको पहिचान झल्किने पहिरनमा प्रस्तुत गर्ने गरिन्छ । यस्ता नृत्यगीतहरू जातीय संस्कार अनुसार ती जातिका पूर्खाहरूले लगाउने गरेको पहिरन तथा भेषभूषामा प्रस्तुत गरिने हुँदा त्यो नृत्य/नाच कुन जातिको हो भन्ने कुरा सहजै पहिचान गर्न सकिन्छ । यसरी नृत्यमा यस्ता किसिमका भेषभूषाको प्रस्तुतिले नृत्य सम्बन्धित जातिभित्र अझ लोकप्रिय भएर विकास हुने गर्दछ । त्यसैले यसको एउटा विशेषता परम्परागत तथा जातीय भेषभूषा रहेको छ ।

### २.५.५. गीत, सङ्गीत र नृत्यको सङ्गम

गीत, सङ्गीत र नृत्य तीनै विषयहरू सँगसँगै हिँड्ने विषय हुन् । यी तीनै विषयहरूको समग्रतामा मात्र नृत्यगीतको प्रस्तुति सफल र प्रभावकारी हुन्छ । उल्लिखित एउटा कुराको अभावमा नृत्यगीत नुनविनाको अचार जस्तै कुनै स्वाद विनाको हुने हुँदा यसमा यी तीनै कुराहरूको संयोजन हुनु आवश्यक देखिन्छ । यसरी नृत्यगीमा यी तीन कुराहरूको संयोजन हुनु पनि यसको एउटा पहिचान वा

विशेषता हो । लोकनृत्यगीतहरूमा परम्परित वाद्यहरू मादल, बाँसुरी, विनायो आदिबाट सङ्गीत ध्वनि प्रस्फुटन गराइ नृत्य र गीत दुवैलाई कथात्मकता तथा रागत्मकता प्रदान गरिन्छ । नृत्य आफैंमा रागात्मक र कलात्मक विषय हो । यसमा गीत र सङ्गीतको समन्वयले यो अझ आकर्षक र प्रभावकारी बन्न जान्छ । यसले गर्दा यसको लोकप्रियता अझ बढेर जान्छ ।

### २.५.६. स्थानीयता

लोकसमाजको संस्कृतिको धरोहरका रूपमा विकास भएको नृत्यगीत लोकसाहित्यको लोकप्रिय एवम् प्रसिद्ध विधा हो । लोकमा प्रचलित यस्ता नृत्यगीतहरू प्रस्तुत गरिने शैलीहरू पनि लोकमा विविध नै रहेको पाइन्छ । यस्ता विविध शैलीहरूमा सम्बन्धित जातिको स्थानीय, संस्कृति, रीतिरिवाज, भूगोल आदिको प्रभाव पाइन्छ । यस्ता विधाहरू लोककै अभिव्यक्ति भएको हुँदा यसको प्रस्तुतिमा पनि स्थानीय जातिको भाषा संस्कृति, रीतिरिवाज, क्षेत्र आदिको चित्रण पाइनु स्वाभाविकै हो । त्यसैले यसको प्रस्तुतिमा स्थानीयता झल्किनु पनि एउटा महत्त्वपूर्ण विशेषता हो ।

### २.५.७. रागात्मकता तथा कलात्मकता

नृत्य शारीरिक अङ्गहरूको सुन्दर सञ्चालनको कलात्मक अभिव्यक्ति हो । यही कला मार्फत नै मनका पीडा, व्यथा, आँसु, हाँसो, उत्साह, उमङ्ग आदिलाई भावका रूपमा अभिव्यक्त गरिन्छ । यिनै विभिन्न कलाका माध्यमबाट नै यसले मानवको मन, मस्तिकलाई रसाउँछ र विभिन्न रागात्मक भावहरू जागृत गराई दर्शक/श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्दछ । यसरी मानवमनमा रहेका रागरूपी भावहरूलाई कलात्मक प्रस्तुति तथा अभिव्यक्ति मार्फत मान्छेको मानसिक परिवर्तन गरी मनोरञ्जन प्रदान गर्नु यसको एउटा विशेषता हो । यिनै विशेषताहरूले गर्दा नृत्यगीतहरू अन्य विधा भन्दा पृथक देखा पर्दछन् ।

## २.६. निष्कर्ष

कुनै पनि विधालाई हचुवाको भरमा हेरिनु भन्दा त्यसलाई सिद्धान्तको कसीमा राखेर व्याख्या, विश्लेषण गरिनु उपयोगी हुन्छ । त्यस्तै लोकभूमिको विशाल परिधिमा हुर्केको नृत्यगीतलाई पनि त्यसको निश्चित सिद्धान्तको आधारमा अध्ययन, विश्लेषण गर्न उपयोगी हुने हुँदा प्रस्तुत दोस्रो परिच्छेद नृत्यगीतको सिद्धान्तमा आधारित छ । लोकको मनमस्तिष्कमा सँधै रसाएर गुञ्जिने र आँखामा नाच्ने नृत्यगीत लोकगीतको एउटा प्रसिद्ध शाखा हो । जसले प्राचीनकालदेखि नै लोकमा आफ्नै छुट्टै अस्तित्व स्थापित गर्दै आएको छ ।

नृत्यगीत लोकमानसको स्वतः स्फूर्त एवम् कलात्मक अभिव्यक्ति तथा शरीरका भावभङ्गिमा सहितको प्रस्तुतिको संयोजन हो । नेपाली लोकमानसको हृदयमा छछल्किने र आँखामा नाच्ने यिनै नृत्यगीतहरू नै उनीहरूको दुःख, व्यथा, आँसु, हाँसो, उत्साह, उमङ्ग, मिलन, विछोड आदिलाई पोख्ने माध्यम हुन् । यिनै माध्यमहरू नै उनीहरूको विह्वल मनमा मलम लगाउने साधन पनि हुन् । यस

किसिमका नृत्यगीतको प्रस्तुतिमा लोकको यथार्थपन झल्किने र वास्तविकता गुञ्जिने हुँदा यसलाई कसैले पनि हेर्न, सुन्न र आनन्द लिन छुट्याउँदैनन् । यही नै यसले लोकमा पाएको प्रसिद्धि पनि हो ।

यसरी लोकमा प्रसिद्धि पाएको नृत्यगीतहरूको आ-आफ्नै विधिविधान तथा सिद्धान्तहरू रहेका छन् । यो नै यसको मौलिक पहिचान पनि हो तर समयको बढ्दो गतिसँगै आधुनिक गीत सङ्गीतको चपेटामा परेर यसको प्रस्तुतिमा ह्रास आउँदै गएको पाइन्छ ।

# तेस्रो परिच्छेद

# दुधकोसीक्षेत्रको मारुनी नृत्यगीतको परिचय

## ३.१. अध्ययन क्षेत्रको परिचय

दुधकोसी नदी विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको सोलुखुम्बू जिल्लाको मध्य भागमा अवस्थित प्रसिद्ध धार्मिक स्थल दुधकुण्डलाई उद्‌गम स्थल बनाई बग्ने एक प्रसिद्ध नदी हो । यसमा छोयू, ग्याचुङ्खाग आदि हिमालको दक्षिणी हिमशृङ्खलाबाट तथा महालङ्गुर हिमालको पश्चिमी हिमशृङ्खलाबाट बग्ने हिमनदीहरू-इमला खुम्बू, लाङमोचेखोला, सोलुखोला आदि मिसिएपछि यो विशाल भएर यस जिल्लाको दक्षिणतर्फ बगेको छ । यसै जिल्लाको दक्षिणी भेग, ओखल्ढुङ्गा जिल्लाको पूर्वी भेग तथा खोटाङ्को पश्चिमी भेगका विभिन्न ठाउँलाई यसले प्रमुख क्षेत्र बनाएको छ । यो नदी दक्षिण तर्फ बग्दै गएर उदयपुर र सिन्धुली जिल्ला स्थित सुनकोसी नदीसँग मिसिइँ पूर्वतर्फ बग्दै सप्तकोसीमा मिसिएको छ । यसरी दुधकोसी नदी नेपाल अधिराज्यकै एउटा प्रमुख नदी सप्तकोसी नदीको सहायक नदीको रूपमा सिद्ध भएको छ । सुनकोसी नदी चाहिँ ओखल्ढुङ्गा जिल्लाको पश्चिमी तथा दक्षिणी भेग हुँदै बगेर दुधकोसीमा मिसिइँ सप्तकोसीमा मिसिने एक सहायक नदी हो । “दुधकोसी नदीको औसत जलप्रवाह : २२३.५ क्यूविक मिटर प्रतिसेकेण्ड र जलाधार क्षेत्र ४,१०० वर्ग कि.मि. रहेको छ भने सुनकोसी नदीको जलप्रवाह अधिकतम २,२०० क्यूविक मिटर प्रतिसेकेण्ड र जलधार क्षेत्र १७,६०० वर्ग कि.मि रहेको छ ।”[१९]

नेपालकै एउटा प्रमुख नदी सप्तकोसी नदीको सहायक नदीका रूपमा चिनिएको दुधकोसी नदीले आफ्नो आसपासका क्षेत्रहरूमा प्रशस्त उर्वर भूमि तथा बेंसीहरू बनाई सिंचाइ पुऱ्याएको छ । यसले गर्दा यहाँका बासिन्दाहरूका लागि राहत पुगेको देखिन्छ । माथि उल्लिखित हिमनदीहरू बाहेक दुधकोसी नदीमा साँखुखोला, रिकुङखोला, लैकुखोला, उजेलीखोला, चस्कुखोला, ठोट्नेखोला, सिस्नेखोला, खार्तेखोला, खानीखोला, बाङ्गेखोला, पङ्खुखोला, रावाखोला, लुङ्गरखोला, अँधेरीखोला आदि थुप्रै स-साना खोलाहरू मिसिएको पाइन्छ । यी नदीहरूका आतिरिक्त उदयपुर र सिन्धुली जिल्लास्थित दुधकोसीमा सुनकोसी नदी पनि मिसिएको छ । यसरी अनेकौं सानाठूला नदीहरू मिसिएर बग्ने यस नदीले आफ्ना आसपासका क्षेत्रहरूमा सिंचाइ पुऱ्याइ अन्नभण्डारमा बृद्धि गराउनुका साथै खानेपानी, जलविधुत आदि कार्यका निम्ति प्रसस्त सहयोग पुऱ्याएको छ ।

दुधकोसी क्षेत्रका प्रमुख ठाउँहरूमा सोलुखुम्बू जिल्लाका दक्षिणी भेगका पावै, छेस्केम, बुङ, जुबु, कांगेल, मुक्लि, पञ्चन, नेचावेद्‌घारी, नेचाबतासे आदि गा.बि.स हरू ओखल्ढुङ्गा जिल्लाका पूर्वी तथा दक्षिणी भेगका कुइभीर, दियाले, पोखरे, भदौरे, उँवु, तलुवा, थाक्ले आदि गा.वि.स. हरू तथा खोटाङ जिल्लाका पश्चिमी तथा दक्षिणी भेगका दुबेकेल, डुम्रेधारापानी, ज्यामिरे, लामिडाँडा, हात्तीटार, च्यास्मीटार

[१९] जि.वि.स. को कार्यलय, **ओखल्ढुङ्गा जिल्ला पार्श्वचित्र**, २०६०, पृ. ९ ।

आदि लगायतका गा.वि.स.हरू रहेका छन् दुधकोसी क्षेत्रमा पर्ने माथि उल्लिखित तीन जिल्लाका विभिन्न ठाउँहरू मध्ये खोटाङ् जिल्लाको कुनै पनि ठाउँलाई यस शोधपत्रको अध्ययन क्षेत्र बनाइएको छैन । यो शोधपत्रको अध्ययन क्षेत्र बनाइएको बाँकी सोलुखुम्बू जिल्ला र ओखल्ढुङ्गा जिल्लालाई मात्र यहाँ सामान्य रूपमा चिनाउने प्रयास गरिएको छ ।

ऐतिहासिक, धार्मिक तथा साहित्यिक स्थलको रूपमा चिनिने ओखल्ढुङ्गा जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सगरमाथा अञ्चलको पहाडी तीन जिल्ला मध्ये एक हो । यस जिल्लाको नामकरणको सन्दर्भमा यहाँ रहेको गहिरो खोपिल्टो ढुङ्गामा मुसलको सहायताले महाभारतकालमा भीमले धान कुटी खाएकोले यस ठाउँको नाम ओखल्ढुङ्गा रहन गएको हो भन्ने जनविश्वास छ । त्यस्तै अर्को प्रसङ्ग पनि यस्तै किसिमको पाइन्छ । मल्लकालीन समयमा राजा लक्ष्मीनरसिंह मल्लले राज्यविस्तार गर्ने क्रममा काजी भीम मल्ललाई यस भेगमा पठाएको र उनको फौजले किंरातीहरूलाई लुटेको धान यहाँको ठूलो ढुङ्गामा कुटेर खाएकोले त्यही ओखल जस्तो ढुङ्गाको नामले यस ठाउँको नाम ओखल्ढुङ्गा रहन गएको हो भन्ने जनश्रुति पाइन्छ । यही ओखल जस्तो ढुङ्गाबाट नै यस जिल्लाको नाम पनि ओखल्ढुङ्गा रहन गएको हो । यो ढुङ्गा अहिले पनि सिद्धिचरण पार्कसँगै राखिएको छ ।[२०]

यसको सीमानाका रूपमा उत्तरमा सोलुखुम्बू जिल्ला, पूर्वमा खोटाङ् जिल्ला, पश्चिममा रामेछाप जिल्ला र दक्षिणमा उदयपुर र सिन्धुली जिल्लाहरू रहेको, ओखल्ढुङ्गा जिल्लाको पूर्वमा दुधकोसी नदी, उत्तरमा लिखुखोला र पश्चिममा सुनकोसी जस्ता प्रसिद्ध नदीहरू बगेका छन् । यस जिल्लाको सदरमुकाम ओखल्ढुङ्गा बजारमा रहेको छ । पूर्वी भेगका १०/१२ कोस टाढाका ठाउँहरू दुधकोसी क्षेत्रका ठाउँहरू हुन् । पश्चिममा रामेछापसँग जोडिएका खिजिकाती, सिंहदेवी आदि ठाउँहरूबाट भौगोलिक विकटताका कारण मानिसहरूलाई सदरमुकाम आइपुग्न ३/४ दिन सम्म लाग्ने गर्दछ ।

विश्वकै सर्वोच्च शिखर सगरमाथा र महालङ्गुर हिमशृङखलाको काखमा अवस्थित सोलुखुम्बू जिल्ला एक प्रसिद्ध पहाडी जिल्ला हो । ओखल्ढुङ्गा जिल्ला जस्तै यो जिल्ला पनि नेपालको पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत सगरमाथा अञ्चलमा पर्ने एक प्रमुख जिल्ला हो । यस जिल्लाको नाम सोलुखुम्बू कसरी रहन गयो भन्ने सन्दर्भमा विभिन्न मतहरू पाइन्छन् । इतिहासकार इमानसिंह चेम्जोङको भनाइमा -"किराती भाषामा माझ किरात इलाका बासीहरूलाई 'खुम्वुङ्वा' अथवा पश्चिमतिरबाट आएका मानिसहरू भन्दछन् । यसरी यस ठाउँमा खुम्वुङ्वाहरूले बसोबास गरेको हुनाले यस इलाकालाई 'खुम्बू' भनिएको अनुमान गरिएको छ ।[२१] त्यस्तै इतिहासकार वावुराम आचार्यले पनि माझ किरातका बासिन्दाहरूलाई 'खम्बु' भनी उल्लेख गरेका छन् ।[२२] पछि यो शब्द अपभ्रंश भएर खुम्बू रहन गएको हुन सक्छ । स्वामी प्रपन्नाचार्यको भनाइमा सोलुखुम्बू जिल्लामा तिब्बतबाट सेर्पाहरू पसेर बसोबास गर्न थाले

[२०] **जिल्ला बस्तुगत विवरण ओखल्ढुङगा,** शाखा तथ्याङ्क कार्यालय, ओखल्ढुङगा, २०६२ ।

[२१] श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, **मेची देखी महाकाली** (भाग १), २०३१, पृ. ५४९ ।

[२२] ऐजन ।

र त्यसबेला सेर्पाहरूलाई 'लेक' र बेंसीको आवश्यकता भएको हुनाले उनीहरूले आफ्नो भाषामा 'लेक' र 'बेसी' लाई क्रमश : 'शेर' र 'खुम्बू' भन्न थाले । शेरको अर्थ लेक र खुम्बूको अर्थ बेंसी हो ।[२३] यही शेर र खम्बुको उच्चारण विग्रेर नै सोलुखुम्बू रहन गएको अनुमान पनि गर्न सकिन्छ । यी विभिन्न भनाइहरूको आधारमा यस जिल्लाको नामाकरण कसरी भयो भनी अड्कलबाजी गर्दा सदरमुकाम हुँदै बग्ने सोलुखोला र उत्तरी खुम्बिला हिमालको फेदमा रहेको 'खुम्बू' उपत्यकाको संयुक्त नामबाट नै सोलुखुम्बू नामाकरण गरिएको हो भन्ने जनश्रुति पनि प्रचलित छ । यसको सीमाना उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा ओखल्ढुङ्गा जिल्ला, र खोटाङ् जिल्ला, पूर्वमा सङ्खुवासभा र भोजपुर जिल्ला र पश्चिममा दोलखा र रामेछाप जिल्लाहरू रहेका छन् । यसरी विभिन्न पहाडी जिल्लाहरूको बीचमा रहेको सोलुखुम्बू जिल्लाको सदरमुकाम सल्लेरी हो । भौगोलिक विकटताका कारण स्याङ्बोचे, फेरोचे, नाम्चे, खुम्जुङ आदि ठाउँका मानिसहरूलाई सदरमुकाम सल्लेरी आइपुग्न ३/४ दिन सम्म समय लाग्दछ ।

यसरी गरिएको राजनैतिक, प्रशासनिक तथा भौगोलिक सीमालाई तोड्दै दुधकोसी नदीले व्यापक क्षेत्रलाई आफ्नो क्षेत्र बनाएको छ । जसमध्ये यस शोधपत्रको अध्ययन क्षेत्र यसैक्षेत्र अन्तर्गत पर्ने सोलुखुम्बू जिल्लाको नेचावेदघारी, नेचाबतासे, पञ्चन, सल्यान तथा ओखल्ढुङ्गा जिल्लाको कुइभीर गा.वि.स. हरूलाई बनाइएको छ ।

यस क्षेत्रलाई विश्वको सर्वोच्च शिखर सगरमाथादेखि अनेकौं हिमशृङ्खलाहरू , भीर, चट्टान, नाङ्गी, कुण्डो, (दुधकुण्डो), तालहरू, खोच, पहाडी फाँटहरू, बेंसी (ठूली बेंसी, रामनाङ्गी बेंसी, चिउसी बेंसी आदि), विभिन्न नदीहरू , हिमनदीहरू, झरना आदि भौगोलिक विविधताले शोभायमान बनाएको छ । यसका साथै धनावन सम्पदा, त्यसभित्र पाइने अमूल्य जडिबुटीहरू (पाखनवेद, चिराइटो, पुंगमार, सुनपातीभइरुङ पाती, वनमाला, टिमबुर आदि) तथा लाली गुराँस, पैंयूँ, बुकीफूल, टाँकीफूल, कोइराला फूल, लेकाली धूपी, सल्ला, कटुस, चाप, चिमल आदि अनेकौ वनसम्पदाले भरिभराउ भएको यस क्षेत्र निकै नै मनमोहक देखिन्छ ।

विभिन्न जात जातिहरूले साझा थलोको रूपमा बसोबास गर्दै आएको यस क्षेत्रमा भौगोलिक विविधताका साथै जातीय तथा भाषिक विविधता, धार्मिक तथा सांस्कृतिक विविधता पनि त्यत्तिकै सशक्त रहेको पाइन्छ । आदिबासी तथा जनजातिको रूपमा रहेका राईजाति तथा सेर्पा जातिको सङ्ख्या अधिक रहेको यसक्षेत्रमा बाहुन, क्षेत्री, नेवार, मगर, कुमाले, तामाङ्, कामी, दमाई, सार्की आदि विभिन्न जातजातिहरूको मिश्रण पाइन्छ । परापूर्वकालदेखि नै यी विभिन्न जातजातिहरूको मानिसहरूले आफ्ना जातीय पहिचान हुने खालका सांस्कृतिक पर्व तथा उत्सवहरू मनाउँदै आएको पाइन्छ । यहाँका मानिसहरूले मुन्धुम नाच, डम्फुनाच, बालन नाच, मारुनी नाच, लाखेनाच, संगिनी नाच आदि जस्ता सांस्कृतिक परम्पराका नाचहरू अवलम्बन गर्दै आएको पाइन्छ । विशेषगरी यस क्षेत्रका आदिबासी

[२३] स्वामी प्रपन्नचार्य, **प्राचीन किराँत इतिहास,** (वाराणसी : किरातेश्वर प्रकाशन, मीराघाट, २०५०), पृ.३३६ ।

जनजाति राईहरूको समुदायमा मारुनी नाच नचाउँने (तिहारपर्व र ठूली एकादशी पर्वमा) प्रचलन रहेको छ । यही मारुनी नाचको सङ्कलन तथा विश्लेषण गर्नु नै यस शोधपत्रको अध्ययन क्षेत्र रहेको छ । त्यस्तै माथि उल्लिखित विभिन्न नाचहरूलाई विभिन्न जातजातिहरूले आ-आफ्नो संस्कृति अनुसार नचाउने गरिएको पाइन्छ । यसरी धार्मिक, भाषिक, सांस्कृतिक, भौगोलिक तथा जातीय विविधता नै यहाँको पहिचान हो । यही विविधता भित्र नै सीमा रेखाको रूपमा दुधकोसी नदी बगेको छ ।

## ३.२. मारुनी नाचको परिचय

नेपाली लोकसंस्कृतिको धरोहरका रूपमा विकास भएको मारुनी नाच नेपाली लोकमानसको साझा ढुकढुकी भएर बाँचेको छ । यस नाचको प्रचलन नेपालको पूर्वदेखि पश्चिमसम्मका विभिन्न मध्य-पहाडी जिल्लाहरूमा तथा नेपाल बाहिरका भारत, बर्मा आदि ठाउँसम्म रहेको छ । यसबाट पनि मारुनी नाचको व्यापकता एवम् लोकप्रियता स्पष्ट हुन्छ । यिनै विविध ठाउँहरू मध्येकै नेपालको उत्तरपूर्वी भेग दुधकोसी क्षेत्रमा प्रचलित मारुनी नाच पनि एक हो । यस क्षेत्रमा यो नाच तिहारपर्वको औंसी तिथिमा र त्यसपछि आउने ठूली एकादशी पर्वमा विशेषगरी यहाँका राईजातिको समुदायमा नचाउने प्रचलन रहेको छ । यसलाई यहाँ 'नाच' शब्दले मात्रै पनि चिन्ने गरिन्छ र नाच उठान गर्नुलाई 'नाच नार्नु' वा 'नाच पहिराउन्' भन्ने गरिएको पाइन्छ भने मारुनी नाच अन्त्य गर्नुलाई 'नाच फुकाउनु' भनिन्छ । त्यस्तै मारुनीलाई नारीको भेषभूषा तथा गरगहनाले सिँगारिने हुँदा उनीहरूलाई सिँगारु पनि भन्ने गरिन्छ । यहाँ मारुनी, मादलेहरूको सम्पूर्ण समूहलाई 'नाचारी' भनिन्छ । यसरी यहाँ मारुनी नाचलाई विभिन्न नामले चिन्नु नै यसले पाएको लोकप्रियता हो । यसलाई विभिन्न नामले चिनिए तापनि यहाँ यसको पहिचान मारुनी नाचकै नामले भएको छ ।

विभिन्न स्थानहरूमा मारुनी नाचलाई विभिन्न नामले चिन्ने गरिएको पाइन्छ । विशेषगरी यो नाच कार्तिक, मङ्सिर अथवा पाङ्दुर पाकेपछि  नचाइने हुनाले यसलाई पाङ्दुरेनाच पनि भन्ने गरिएको पाइन्छ । पाङ्दुर भनेको छिटो पाक्ने एक किसिमको कोदोको जात हो । त्यस्तै यसलाई करङ् नाच, बूढो नाच, सिंगारु नाच आदि नामले पनि चिन्ने गरिएको पाइन्छ । यसरी विभिन्न स्थान, समय, परिवेश, आदि अनुसार यसलाई विभिन्न नामले चिनिए तापनि यसक्षेत्रमा भने यसलाई नाच वा मारुनी नाचकै नामले चिन्ने गरिएको पाइन्छ ।

मारुनी नाचलाई विभिन्न विश्लेषक, अध्येता एवम् संस्थाहरूले आ- आफ्नै  ढङ्गले अर्थ्याउने तथा चिनाउने प्रयास गरेको छन् । जसमध्ये **नेपाली बृहत्त शब्दकोशमा** मारुनी नाचको अर्थ एवम् परिभाषा यसप्रकार प्रस्तुत गरिएको छ- 'मारु' मा 'नी' प्रत्यय लागेर अथवा मारु+नी=मारुनी, आइमाईको भेषमा नाच्ने र गाउने व्यक्ति, नटुवी ; नचुवी"[२४] भनेर उल्लेख गरिएको पाइन्छ । त्यस्तै "'मारु' भनेको

---

[२४] बालकृष्ण पोखरेल (सम्पा), **नेपाली बृहत शव्दकोष,** पाँचौं, स., (काठमाडौं : ने.रा.प्र.प्र, २०५०), पृ. १०११ ।

दीपक रागको एक प्रकार वा सो रागमा गाईने गीत"[२५] भनेर अर्थ्याइएको पाइन्छ । मारुनी नाच भन्नाले "मारुनीले नाच्ने अरूले गाना, बजान गर्ने र ढँटुवारेले स्वाङ् पार्ने प्रसिद्ध नेपाली लोकनाच"[२६] भनी परिभाषित गरिएको छ । मारुनी शब्द मगर भाषाबाट आएको नाम पद शब्द हो । यस कुराको पुष्टि मोतीलाल पराजुलीले 'सोरठी नृत्यनाटिका' भन्ने पुस्तकमा मारुनी सोरठीसँग सम्बद्ध -"मगर भाषाका शब्दहरू मदुस, बनडासो, रहुतेला, दरसनी, विरूपात, मरिया, मरे (कुसुन्डा), रौरा, मारुनी, ऐरी, छ्यावरी ........।"[२७] भनी उल्लेख गरेबाट भएको छ । मारुनी नाच यस क्षेत्रकै लोकप्रिय नाच नभएर नेपाल भरिकै विभिन्न मध्ये पहाडी जिल्लाहरू तथा नेपाल बाहिर भारत बर्मा सम्म प्रसिद्धि पाएको नाच हो । यस नाचको सन्दर्भमा मोतीलाल पराजुलीको कथन-"पुरुषहरूले नारी पुरुषका भेषमा नाच्ने सामूहिक नाच मारुनी नाच हो । यो परम्परागत नाच हो । यस नाचमा पुरुष पात्र मात्रले नारीपात्रको भेषभूषा लगाएर नाच्दछन् । यसमा दुई मारुनी, एक पुर्सुङ्गे, एक ढँटुवारे तथा दुई मादलेहरू रहन्छन् ।यी सबै पात्र पुरुषहरू नै रहन्छन् ।"[२८] भन्ने रहेको छ । "मारुनी गीत वा नाच नेपालीहरूको मुख्य-मुख्य गीतहरू वा नाचहरू भन्दा पनि मुख्य हो । साँच्चै भनौं भने यही गीत वा नाच नै नेपाली गीत वा नाच हो ।"[२९] त्यस्तै यस सम्बन्धी अर्को कथन छ -"मारुनी नेपालको ज्यादै पुरानो ख्याती प्राप्त नृत्य र गीत हो ।"[३०] त्यस्तै अर्का विद्वान् कृष्णप्रसाद पराजुलीको कथनमा "मारुनी नाचमा प्रायः लोग्नेमानिस स्वास्नी मानिसको पहिरनमा मारुनी बन्दछन् र मारुनीकै तालमा छमछमी नाच्छन् ।"[३१] भन्ने रहेको छ । मारुनी नाचलाई चिनाउने क्रममा नै उनले यसका पात्रहरूलाई यसप्रकार चिनाएका छन् "मारुनी गीति नाचमा मारुनी हुने ठिटो सोह्र/सत्र वर्षको र दाह्री जुँगा राम्ररी नआइसकेको हुन्छ । मारुनी नृत्यगीतमा मारुनी (नाच्ने), गुरु ( नियन्त्रण-सञ्चालन गर्ने), गर्रा (भाग लिने, गाउने र सुरक्षा दिने), मादले (मादल बजाउने) आदि लोककलाकारहरूको भूमिका रहन्छ । मारुनीले पहिरने लुगामा चोली, फरिया (गुन्यू वा फर्मु), घुम्टी, फुर्का छोडेको सेतो पटुका अनि गहनामा गोडामा बाजु र घुँगुरा, घाँटीमा नौगेडी/तिलहरी र पोते, कानमा चेप्टे सुन वा मुन्द्री, नाकमा बुलाकी, शिरमा शिरबन्दी र नारीमा सुनका बाला झल्किने चुरा हुन्छन् ।"[३२]

---

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] मोतीलाल पराजुली, **सोरठी नृत्यनाटिका,** (काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन, २०६३), पृ. ३७ ।

[२८] ऐजन, पृ. ६ ।

[२९] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य,** (काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२२), पृ.२२ ।

[३०] आर. डी. र एल. एल., **नेपालका विभिन्न जाति र लोकगीत,** ( ललितपुर : जगदम्बा प्रकाशन, २०२३), पृ.८३ ।

[३१] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ.२६६ ।

[३२] ऐजन ।

माथि उल्लिखित विद्धानहरूको परिभाषामा मारुनी शब्दको व्युत्पत्ति, अर्थ, परिचय र यसको पात्रहरूको सामान्य चित्रण गर्दै यसलाई चिनाउने प्रयास गरिएको छ । त्यस्तै प्रस्तुत केही परिभाषामा मारुनी नाच प्रस्तुत गर्दा गीत पनि सँगै गाइने सङ्केत पाइन्छ । वास्तवमा मारुनी नाचमा गीत अनिवार्य गायन गरिन्छ । यसरी गीत र नाचको संयोजन हुनु नै नृत्यगीत हो त्यसैले मारुनी नाच पनि नृत्यगीत नै हो ।

विभिन्न ठाउँ, क्षेत्र, परिवेश तथा विभिन्न जातजातिमा प्रचलित मारुनी नाच आदि, मध्य र अन्त्यको क्रम मिलेको एक लोकप्रिय नाच हो । यस नाच प्रस्तुत गरिने समयमा यहाँ आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू (मारुनीका लुगा, कपडा, गरगहना तथा वाद्ययवादनका सामग्रीहरू -मादल, बाँसुरी आदि) लाई जम्मा गरी रीतपूर्वक पूजा गरिन्छ । त्यसपछि मादल बजाउँदै गीत गाएर दुई जना पुरुष पात्रलाई लुगा कपडा तथा गरगहनाले सिँगारी मारुनीको रूपमा प्रस्तुत गरिन्छ । मारुनीलाई नाच्न निर्देशन गर्ने एउटा मूल मान्छे हुन्छ । यसरी मारुनीलाई सिँगारी सकेपछि मादले तथा गीताङ्गेहरूको समूहबाट कुनै जान्ने मूल मादले/गुरुले देवीदेवता तथा प्रकृतिको मङ्गलगान गाउने र सरण पर्ने गर्दछन् । त्यसपछि नाचलाई उठान गरिएको घरबाट अन्य घरहरूमा लगी विभिन्न लय/भाकाका गीतहरू गाउदै नाच्न लगाई रमाइलो गर्ने गरिन्छ । यसरी नाच नचाउदा घर धनीहरूले नाचारीहरूलाई दान, दक्षिणा दिने गर्दछन् भने उनीहरूले चाहिँ दान, दक्षिणा लिई आशिष दिने गर्दछन् । यसरी गाउँ-गाउँ टोल-टोलमा नाच नचाइसकेपछि फेरि उठान गरिएकै घरमा लगेर नाचलाई विधिपूर्वक अन्य गरिन्छ । यस क्षेत्रको मारुनी नाचमा शृङ्खलित घट्ना वा कथानक नभएका स्वतन्त्र एवम् मुक्त किसिमका गीतहरू गाउने गरिएको पाइन्छ । यो नै यस क्षेत्रको मारुनी नाचको मौलिक पहिचान हो । विशेषगरी यस्ता गीतहरू फूल, पशुपन्छी, कीराफट्याङ्ग्रा, सामाजिक, सांस्कृतिक तथा पौराणिक विषय वस्तुसँग सम्बन्धित हुन्छन् । यसरी विभिन्न विषयवस्तुसँग सम्बन्धित गीतको विभिन्न अंशहरू स्वतन्त्र किसिमले गाउदै मारुनी शैलीमा नाच प्रस्तुत गरिनुलाई मोतीलाल पराजुलीले मारुनी नाचको वर्गीकरण गर्ने क्रममा 'मारुनी ख्याली' भनी विभाजन गरेका छन् ।[३३]

### ३.३. मारुनी नाच प्रस्तुत गरिने समय तथा अवसरहरू

मारुनी नाच आनुष्ठानिक विधिविधान पूरा गरी प्रस्तत गरिने एक लोकप्रिय नाच हो । त्यसैले यसलाई जथाभावी समयमा प्रस्तुत गर्नु तथा गीतसमेत गाउनु हुँदैन भन्ने यहाँको लोकविश्वास रहेको छ । यस नाचलाई निश्चित समय तोकी अवसर मिलाएर मात्र प्रस्तुत गरिने यहाँको चलन छ । अन्यथा विभिन्न देवीदेवताहरू मान्छेको आङ्मा चढ्छन् र हानि, नोक्सानी पुऱ्याउछन् भन्ने लोकमान्यता रहेको छ ।

दुधकोसी क्षेत्रमा यसले गहिरो प्रभाव पारेको छ । गाउँमा तिहारमा नाच निकाल्ने रे भन्ने सुन्ना साथ मानिसहरूको कानमा गुञ्जन र आँखमा नाच्न थाल्छ र उनीहरू त्यही समयको प्रतीक्षामा बस्छन् । यसरी हरेक मानिसहरूको मन-मास्तिष्कलाई छोएर आकर्षित पार्नु नै यहाँको मारुनी नाचको लोकप्रियता

[३३] मोतीलाल पराजुली, पूर्ववत्, पृष्ठ ८ ।

एवम् प्रसिद्धि पनि हो । यहाँ विशेषगरी दुई समयमा विभिन्न तीन अवसरहरू जुराएर मारुनी नाच प्रस्तुत गर्ने गरिन्छ । ती समयहरू मध्ये नेपालीहरूको महान चाँड तिहार पर्वको औंसी तिथिमा रमाइलो गरी मनोरञ्जन दिने उद्देश्यले र त्यसपछि आउने ठूली एकादशी तिथिमा विशेष गरी मृतकको नाममा यहाँ मारुनी नाच प्रस्तुत गरिने चलन रहेको पाइन्छ । यहाँ औंसी तिथिमा प्रस्तुत गरिएको नाचलाई गाउँघर र टोलहरूमा डुलाउने र विभिन्न रागका मारुनी गीतहरू गाउदै नाच नचाउने गरिएको पाइन्छ । यसरी नाचलाई गाउँघरमा नचाउन लैजादा घर धनीहरूले नाचारीहरलाई आफ्नो स्वइच्छाले दान, दक्षिण दिने गर्दछन् । यसरी दिइएका दान, दक्षिणा नाचारीहरूले लिन्छन् र उनीहरूलाई आशीष दिइराखेर फेरि त्यहाँबाट अन्य घरहरूमा जाने गर्दछन् । एवम्रीतले गाउँघर नविराई डुलिसकेपछि नाचलाई उठान गरिएकै घरमा ल्याई विधिपूर्वक अन्त्य गर्ने चलन रहेको छ । यसरी औंसी तिथिमा प्रस्तुत गरिएको मारुनी नाचको प्रमुख उद्देश्य देउसी-भौलो खेलिए जस्तै गरी नाच नचाइ मनोरञ्जन प्रदान गर्नु हो ।

तिहारपर्वपछि आउने ठूली एकादशी तिथिमा प्रस्तुत गरिएको मारुनी नाचलाई गाउँघर तथा टोल/छिमेकमा नचाउन लगिदैन । जुन घरको धनीले मृतक आफन्तको नाममा मारुनी नाच प्रस्तुत गरेको हो । त्यही घरमा मात्र रातभरि विभिन्न विरहनीयुक्त लय/भाकाका गीतहरू गाउँदै नाच नचाउने गरिन्छ । विहान नजिकको खोलामा नाचारीहरूको सम्पुर्ण समूहसँगै मृतकका सबै आफन्तहरू जाने गर्दछन् । त्यहाँ मृतकको नाममा नाचारीहरूलाई दान, दक्षिणा दिने, फूल तार्ने काम गरिन्छ । यी सम्पूर्ण कार्यहरूको समाप्ति पछि त्यहाँबाट नाचारीहरूको समूह लगायत सबैजना त्यही घरमा आउँदछन् र मारुनी नाचलाई उठान गरिएकै विधिविधान अनुसार अन्त्य गरिन्छ । यसरी मारुनी नाच नचाउने इच्छा भएका मृतकका आफन्तले त्यो तिथि आउनु भन्दा पहिले नै आफ्ना आफन्त, इष्टमित्र तथा मान्यजनहरूलाई फूल बाँडेर निमन्त्रणा गर्ने गर्दछन् । ती सबै आमन्त्रित मान्यजनहरूले आ-आफ्नो गच्छे अनुसारको कोसेली लिएर त्यहाँ आउने गर्दछन् ।

हिन्दू परम्परा अनुसार आर्यजातिहरूले मृतकको नाममा गौदान गर्ने, पुरेत पढाउने, सप्ताह पुराण लगाउने, सत्‌विऊ छर्ने, पिण्डदान गर्ने बालन खेलाउने आदि कर्मकाण्ड गर्दा मृतक नरकबाट सहजै स्वर्ग पुग्छ भन्ने विश्वास रहेको पाइन्छ भने विशेषगरी यहाँका राईजातिले चाहिँ मृतकको नाममा नाच नचाउने, दान, दक्षिणा गर्ने र फूल तारिदिने गरेको पाइन्छ । यसो गर्नाले मृतक पापबाट मुक्त हुन्छ र उसलाई स्वर्गमा जान अवरोध हुँदैन भन्ने उनीहरूको विश्वास रहेको छ ।

यहाँ माथि उल्लिखित अवसरहरू बाहेक कुनै निसन्तान दम्पतीले पुत्र प्राप्त गर्ने इच्छाले वर-पीपल रोपेर त्यसको विधिपूर्वक विवाह गरिदिने र त्यसैको उपलक्ष्यामा ठूली एकादशी तिथि नै पारेर मारुनी नाच प्रस्तुत गर्ने गरिएको पनि पाइन्छ तर आजभोलि यस्तो चलन ज्यादै न्यून हुँदै गएको छ । यस अवसरमा मारुनी नाच प्रस्तुत गर्दा पनि जुनघरमा नाच आयोजना गरिएको हो त्यही घरमा मात्रै नाच नचाउँने गरिन्छ । आयोजना गर्ने व्यक्तिले नाचारीहरूलाई आफ्नो स्वइच्छाले दान, दक्षिणा आदि दिने गर्दछन् र त्यसपछि नाचलाई त्यही घरमा विधिपूर्वक अन्त्य गर्ने चलन छ । यसरी यस अवसरमा

नाच प्रस्तुत गर्दा पनि माथि प्रस्तुत गरिए जस्तै विधि विधान अपनाएर नाच उठान गर्ने तथा वैठान गर्ने गरिन्छ ।

यसरी धार्मिक शुभकार्य पूरा गर्ने उद्देश्यले ठूली एकादशी तिथिमा र रमाइलो गरी मनोरञ्जन लिने उद्देश्यले तिहार पर्वको औँसी तिथिमा यस नाचलाई प्रस्तुत गर्ने यहाँको चलन रहेको पाइन्छ । यसरी यहाँका राई जातिको समुदायमा माथि उल्लिखित तीन अवसरहरूमा दुईवटा तिथिलाई जुराएर मारुनी नाच प्रदर्शन गर्ने चलन रहेको पाइन्छ ।

### ३.४. मारुनी नाचको उठान तथा वैठान गर्ने विधि

मारुनी नाच आदि, मध्य र अन्त्यको शृङ्खलामा शृङ्खलित एउटा लोकप्रिय नाच हो यस नाचको उठान वैठानका आफ्नै किसिमका विधि-विधानहरू रहेको पाइन्छ । यस्तो विधिविधानहरू मारुनी नाच प्रस्तुत गर्ने समूह मध्ये मूल मादले वा गुरुबाट हुने भएको हुँदा विभिन्न स्थान, व्यक्ति विशेषमा फरक-फरक रहेको पाइन्छ । यसरी प्रत्येक व्यक्ति, स्थान, समय आदिमा विविध विधिविधान अपनाएर प्रस्तुत गर्नु यसको निजी तथा मौलिक पहिचान हो । यसका साथै मङ्गलगान, गाउँदै नाचको आरम्भ गरिनु पनि यसको विशेषता हो । यस सन्दर्भमा मोतीलाल पराजुलीको कथन यस्तो छ -“मारुनी नाचको प्रारम्भमा मङ्गलगान हुन्छ । यो मङ्गलगान सखी बाँध्नु वा तान्त्रिक विधि अनुसार अमङ्गल नाश गर्नका लागि गरिने तान्त्रिक विधि पनि हो । यसरी सखी बाँध्नाले कुनै जादु वा अनिष्टको प्रभाव पर्दैन भन्ने मारुनीका गुरुवाहरूको भनाइ छ । सखी बाँधेपछि देवताहरूको सुमिरन गर्दा कुनै एक मारुनीमा कम्प आउनु आवश्यक मानिन्छ । मारुनीमा कम्प आउनु भनेको नटेश्वरी देशी उत्रनु वा आङ्मा चढ्नु हो । नटेश्वरी देवी आङ्मा चढेपछि देवी प्रसन्न भएको मानिन्छ र नाच प्रारम्भ हुन्छ ।”[३४] मारुनी नाचलाई पूर्णता दिने क्रममा “सखी गीत सकिएपछि मारुनी नाचको कुन हाँगो अभिनय गर्न थालिएको हो, सो हाँगो अनुरूपको गीत सङ्गीत तथा अभिनय प्रारम्भ हुन्छ । सम्बन्धित गीत र नाचको समाप्तिपछि आर्शीवाद दिई गीत फुकाउने प्रचलन छ । गीत फुकाउनु भनेको बन्धनमा राखिएका मादल, मुजुरा, गरगहना कपडा, नर्तक, नर्तकी तथा गुरु एवंम् गर्राहरूलाई बन्धन मुक्त गर्नु हो । यसरी तान्त्रिक विधि एवम् गायन, नृत्य समाप्त भएपछि मारुनी नाच पूर्ण हुन्छ ।”[३५]

यसको आदि, मध्य र अन्त्यको क्रमबद्ध चरणलाई संक्षेपमा यसप्रकार चर्चा गरिएको छ ।

#### ३.४.१. प्रथमचरण

मारुनी नाचको प्रथम चरण नाच पहिऱ्याउने घरमा नै पूरा गरिन्छ र यसको अन्त्य पनि सोही घरमा गरिन्छ । मारुनी नाच प्रस्तुत गरिने समयमा सर्वप्रथम घरमा लिपपोत गरी दुईवटा दियो बालिन्छ र दुईवटै आङ्खोरामा चोखो पानी भरी फूलले सजाइन्छ । यसलाई कलश भनिन्छ । त्यसपछि मारुनीको

---

[३४] ऐजन्, पृ.७ ।

[३५] ऐजन् ।

भेषभूषा तथा गरगहना (सारिया, चोलिया, चुरिया, पटुका, पछ्यौंरा, पटना, पोते, सिन्दुर आदि) तथा मादल, बाँसुरी, झ्याली आदिलाई नाङ्लोमा जम्मा गरी राखिन्छ । यी सामग्रीहरूलाई गाईको चोखो घिऊ वा सालको धूप बाली फूलपाती र अक्षताले मूल मादले वा गरुले पुज्ने गर्दछन् । त्यसपछि नाच प्रस्तुत गर्ने सबै समूह उभिन्छन् र मूल मादले वा गुरुले मादललाई तीनचोटी ठोकन हानेपछि सबैले मादल बजाउदै गीत गाउन सुरु गर्दछन् । कुनै ठाउँमा मारुनी नाच घरभित्र पहिराउने गरिन्छ भने कुनै ठाउँमा घर बाहिर आँगनबाट नाच निकाल्ने गरिएको पाइन्छ । यसरी मारुनी नाच पहिऱ्याउने वा निकाल्ने स्थान गाउँपिच्छे फरक-फरक पाइए तापनि सामान्यतः नाच घरभित्र नै निकाल्ने प्रचलन व्याप्त रहेको पाइन्छ । यदि नाच घरको आगनमा उठान गरिएको खण्डमा आँगनमा नै सम्पूर्ण आवश्यक सामग्रीहरू जम्मा गरी तिनीहरूको पूजा गर्ने चलन रहेको पाइन्छ ।

### ३.४.१.१. मारुनीको लुगाकपडा तथा गरगहना पहिराउँदा गाइने गीत

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

शिरैको सिन्दुर लाऊ है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है शिरैकी सिन्दुरले त शिरै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

कम्बरैकी सारिया लाऊ है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है कम्बरैकी सारियाले त कम्बरै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

कम्बरैकी पटुका लाऊ है चेली

जसुधा मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है कम्बरैकी पटुकाले त कम्बरै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

कुमैको चोलिया लाऊहै चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है कुमैकी चोलियाले त कुमै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

शिरैकी पछयौरी लाऊ है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है शिरै पछयौराले त शिरै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

गलहैकी पटना लाऊ है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है गलहैकी पछयौराले त गलहै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽछ

कानैकी कुण्डल लाऊ है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है कानैकी कुन्डलले त कानै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हातैकी चुरिया लाऊ है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है हातैकी चुरियाले त हातै सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

गलहैकी पोतिया लाउ न्है चेली

जसुधा, मै चेली लैजाउँला

हा ऽऽ है मै चेली लैजाउँला

हा ऽऽ है गलहैकी पोतियाले त गलहै सुवायो -२

माथि उल्लिखित गीत गायनसँगै मारुनालाई लुगा कपडा तथा गरगहनाले सिँगारी सकिएको हुन्छ । यसरी मारुनालाई सिंगारिसकेपछि मारुनी लगायत सम्पूर्ण नाचारीहरूको समूह बाहिर आँगनमा निस्किएर उभिन्छन् र मादलेहरूले मादललाई तीनचोटी ठोकन हान्दछन् ।

### ३.४.१.२. ठकुवान (ठोकन) मादललाई हान्दा बज्ने ताल

माथि उल्लिखित नं. १ को सम्पूर्ण कार्यको समाप्तिपछि मारुना लगायत सबै नाचारीहरूको समूह आँगनमा निस्कन्छन् र मादलेहरूले मादललाई तीनचोटी ठोकन हान्ने गर्दछन् । ठोकुवान वा ठोकन भनेको मादललाई हिर्काउँदा बज्ने ताल मात्र हो । यस्तो मादललाई ठोकन हान्ने प्रक्रिया पनि प्रत्येक मादले पिच्छे फरक-फरक हुने गर्दछ । सामान्यतः तीनचोटी ठोकन हान्ने चलन छ । तर व्यक्ति, ठाउँ अनुसार यो पाँचचोटी वा सातचोटी पनि हान्ने गरिएको पाइन्छ । ठोकन हान्दा सबै मादलेहरूले मादललाई एकैतिर फर्काएर हिर्काउने गर्दछन् । यो प्रत्येक लय/भाका फेरिदा र गीत सकिदा हान्नु पर्दछ ।

जस्तै :- ताङ्, ताङ्,ताङ् (पहिलो ढिलो त्यसपछि क्रमशः छिटो)

ताङ्, घिनताङ्, घिनताङ्, ताङ् घिन

(तीन पटक वा पाँचपटक क्रमशः बजाएपछि ताल परिवर्तन गरी बजाइने गरिन्छ । )

(स्रोतः मुलमादले नौधन राई, कुइभिर १)

### ३.४.१.३. मादल जगाउँदा गाइने गीत

यहाँ माथि उल्लिखित कार्यको समाप्तिपछि मादललाई जगाउने गीत गाउने गरिन्छ । मारुनी नाचमा मादल वाद्यवादनका अन्य सामग्री भन्दा महत्त्वपूर्ण र प्रमुख साधन भएकोले यसको विशेष महत्त्व रहेको छ । त्यसैले यहाँ अन्य वाद्यसामग्रीहरूको नभई मादलकै गीत गाउने गरिएको हो भन्ने यहँको मूलमादलेहरूको भनाइ रहेको छ ।

श्रीखण्डकी मेरी मादलु

छालामृगकी तालामथुरा

पिताम्बरकी तालाखरी

बजिरहुन घुनु-घुनुनु ऽऽऽ

सती सालकी मेरी मादलु

छाला मृगकी तालामथुरा

बजिरहुन घुनु-घुनुनु ऽऽऽ

छतीवनकी मेरी मादलु

छालामृगकी ताला मथुरा

पिताम्बरकी तालाखरी

बजिरहन घुनु-घुनुनु ऽऽऽ

सिउडीको मेरी मादलु

छालामृगकी तालामथुरा

पिताम्बरकी तालाखरी

बजिरहुन धुन-घुनुनु ऽऽऽ

### ३.४.१.४. सरस्वती जगाउँने वा सती ढाल्ने कार्य

मादललाई मूल मादलेहरूले गीत गाएर जगाई सकेपछि सरस्वती वा सती ढाल्ने कार्य आरम्भ हुन्छ । सती ढाल्नु वा सरस्वती जगाउनु भनेको सम्पुर्ण देवीदेवता तथा प्रकृतिको मङ्गलगान गरी उनीहरूको सरण पर्नु हो । यसो गर्नाले मारुनी नाच प्रस्तुत गरिने समयावधि भरी उनीहरूले रक्षा गर्दछन् र केही नराम्रो हुनबाट जोगाउँछन् भन्ने यहाँको जनविश्वास रहेको छ । सरस्वती जगाउने गीत मारुनी नाच प्रस्तुत गर्दा बाहेक गाउँनु हुदैन । जथाभावी यस्तो गीत गाउनाले देवीदेवताहरू आङ्मा चढ्छन् र दु:ख दिन्छन् भन्ने यहाँको मूल मादलेहरूको भनाइ रहेको छ । यस्तो कार्य नाचारीहरूको समूह मध्ये जान्ने मूल मादलेले मात्र गर्ने गर्दछन् । सरस्वती जगाउँदा वा सती ढाल्ने गीत गाउँदा नाचारीहरको समूह मध्ये कुनै-कुनै व्यक्तिमा कम्प आउने गर्दछ । यसो हुनु देवीदेवता खुसी भएर वा रुचाएर उसको आङ्मा चढेको हो भन्ने यहाँको जनविश्वास रहेको छ । आँगनमा सरस्वती जगाउने गीत गाउदै गर्दा नाच प्रस्तुत गर्ने घर धनीले दुईवटा नाङ्लोमा दियो सहित दान दक्षिणा दिने गर्दछन् ।

सरस्वती जगाउँदा वा सती ढाल्दा गाउँने गीत यसप्रकार छ -

पूर्वै दिशा गड्याङ्गुडुङ् असिना र पानी

उही दिशा पऱ्यो शैया पानीको मूल

पछिमै दिशा गड्याङगुडुङ् असिना र पानी

उही दिशा पऱ्यो शैया पानीको मूल

उत्तरै दिशा गड्याङ्गुडुङ् असिना र पानी

उही दिशा पर्‌यो शैया पानीको मूल

दखिणै दिशा गड्याङ्गुडुङ् असिना र पानी

उही दिशा पऱ्यो शैया पानीको मूल

पुखैबाट कुदायी ल्यायो लायी हो

लाशा घोडीया ए.भाइ लछुमन

लङ्कै सो मारी ल्याओ

पलङ्कै सो मारी ल्याओ

हे वीरै हनुमन

पछिमैबाट कुदायी ल्यायो लायी हो

लाशा घोडीया ए भाइ लछुमन

लङ्कै सो मारी ल्याओ

पलङ्कै सो मारी ल्याओ

हे वीरै हनुमन

उत्तरैबाट कुदायी ल्याओ लायी हो

लाशा घोडीया ए भाइ लछुमन

लङ्कै सो मारी ल्याओ

पलङ्कै सो मारी ल्याओ हे वीरै हनुमन

दखिणैबाट कुदायी ल्यायो लायी हो

लाशा घोडीया ए भाइ लछुमन

लङकै सो मारी ल्याओ

पलङ्कै सो मारी ल्याओ

हे वीरै हनुमन

हा ऽऽ है सरस्वती मायी हो

सरण तमारे सखी रक्षा हमारे -२

हा ऽऽ है धरती माता हो

सरण तमारे, सखी रक्षा हमारे

हा ऽऽऽ  हा ऽऽऽ  हा ऽऽऽ

यसै गाउँको नाग नागेनी

झाक्रि झाक्रेनी हो

सरण तमारे, सखी रक्षा हमोर

हा ऽऽ है यसै गाउँको गंगा जमुना देवी

रक्तकाली देवी, सेतीमाला देवी हो

सरण तमारे, सखी रक्षा हमारे

हा ऽऽ है यसै गाउँको दुधकोसी मायी

सोलुखोला मायी हो

सरण तमारे, सखी रक्षा हमारे

दुधकुण्डोको दुधकाली देवी, कैलाशैको शिवशङकर हो

सरण तमारे सखी रक्षा हमारे

हा ऽऽ है सल्ले गाउँको काजेदवी,

साप्सु ढापको जयन्ती देवी हो

सरण तमारे, सखी रक्षा हमारे

हा  ऽऽऽ हा ऽऽऽ  हा ऽऽऽ

रावाखोला रेनुका मायी

सेतीमायी, टिष्टा रङ्गीता मायी हो

सरण तमारे, सखी रक्षा हमारे

हा ऽऽ है अरुण तमोर, कमला मायी

सुनकोसी तामाकोसी मायी हो

सरण तमारे सखी रक्षा हमारे

हा ऽऽऽ  हा  ऽऽऽ  हा ऽऽऽ

नेपालैको पशुपतिनाथ, स्वयम्भूनाथ हो

सरण तमारे, सखी रक्षा हमारवे

हा ऽऽ है नेपालै गुजेश्वजरी देवी,

दक्षिणकाली देवी हो

सरण तमारे सखी रक्षा हमारे

हा ऽऽ है हलेसीको महादेव ठाकुर

दोलाखको भीमसिंह ठाकुर हो

सरण तमारे सखी रक्षा हमारे

### ३.४.१.५. रुद्राक्ष जगाउँदै मारुनी नाच बाँध्ने गीत

धार्मिक रूपमा पवित्र मानिने रुद्राक्षलाई मारुनी नाचमा पनि त्यही रूपमा लिने गरिन्छ । यसलाई विधिपूर्वक जपेर विजोडी मुखे रुद्राक्षले मारुनाको लुगा, कपडा, गरगहना तथा मादले गीताङ्गे सबैलाई बाँध्ने गरिन्छ । भने जोडी मुखे रुद्राक्षले चाहिँ हानवान मात्रै बाँध्ने गरिएको पाइन्छ । यसरी रुद्राक्षले नाचारीहरूको समूहलाई बाँध्नाले उनीहरूलाई केहीले आक्रमण नगर्ने र सुरक्षित रहने लोकविश्वास रहेको छ । सामान्यतः सातमुखे सम्म रुद्राक्ष जप्ने चलन रहेको छ । तर कुनै-कुनै ठाउँमा भने एकमुखे देखि नौ मुखे तथा एघार मुखे सम्मको रुद्राक्षलाई जप्ने गरिएको पनि पाइन्छ ।

**रुद्राक्ष जगाउँने गीत :-**

हा ऽऽहै एकै मुखे रुद्राक्ष हो

गलहै उमारी जन्तरै बाँधङ्ला मन्तरै बाधुङ्ला

सीमे - भुमे बाँधुङला

सखी रक्षा हमारे

हा ऽऽ है दुवै मुखे रुद्राक्ष हो

गल हौ उमारी हानवान बाँधुङ्ला

सखी रक्षा हमारे

हा ऽऽ है तीनै मुखे रुद्राक्ष हो

गलहै उमारी जन्तरै बाँधुङ्ला, मन्तरै बाधुङ्ला

मादले, मारुना, गीताङ्गेको, शिरपावै बाँधुङ्ला

सखी रक्षा हमारे

हा ऽ है चारै मुखे रुद्राक्ष हो

गलहै उमारी हानवान बाँधुङ्ला

सखी रक्षा हमारे

हा ऽऽ है पाँचै मुखे रुद्राक्ष हो

गलहै उमारी जन्तरै बाँधुङ्ला, मन्तरै बाधुङ्ला

मारुनीको सारिया, चोलिया, पोतिया

चुरिया, पोतिया,पटना, पछ्यौरा बाधुङ्ला

हा ऽऽ है पाँचै मुखे रद्राक्ष हो सर्बै बाँधुङ्ला

सखी रक्षा हमारे

हा ऽऽ है छवै मुखे रुद्राक्ष हो

गलहै उमारी हानवान बाँधुङला

सखी रक्षा हमारे

हा क है सातै मुखे रुद्राक्ष हो

गलहै उमारी जन्तरै बाँधुङ्ला, मन्तरै बाँधुङ्ला

ओजे-ओजेनी, विजुवा-विजुवानी

बोक्सी- डायनी बाँधुङ्ला

हा ऽऽहै सातै मुखे रुद्राक्ष हो सर्बै बाँधुङ्ला

हा ऽऽ है रामैले बाँधुङ्ला

हा ऽऽ है कृष्णैले बाँधुङ्ला

### ३.४.१.६. मारुना मादले तथा चारैदिशा बाँध्ने गीत

माथि उल्लिखित रुद्राक्ष बाँध्ने कार्यको समाप्तिपछि मारुना, मादले तथा चारैदिशालाई 'हनुमान जापैले' बाँध्ने गरिएको पाइन्छ । तर यो प्रक्रिया पनि गाउँपिच्छे फरक-परक रहेको पाइन्छ । कुनै गाउँमा रुद्राक्षले नै मारुना, मादले तथा सबैलाई बाँध्ने गरिएको पाइन्छ भने कुनै ठाउँमा हनुमान जापले मारुना तथा मादलेहरूलाई बाँध्ने गरिएको पाइन्छ ।

हा ऽऽ है हनुमान जापैले

बाँधिमा ल्याओं हा ऽऽ है बाँधिमा ल्याऔं

मादले, मारुनी बाँधिमा ल्याऔं

हा ऽऽ है हनुमान जापैले

मादले, मारुनीको शिरपवै बाँधिमा ल्याऔ

हा ऽऽ है हनुमान जापैले

मारुनीको लुगा-कपडा र

गरगहना सबै बाँधिमा ल्याऔं

पूर्वै जो बाँधिमा ल्याऔं

हा ऽऽ है हनुमान जापैले

उत्तरै जो बाँधिमा ल्याऔं

दक्षिणै जो बाँधिमा ल्याऔं

**३.४.१.७. देवी देउराली तथा खोलानालालाई फूलपाती चढाउँने गीत**

माथि उल्लिखित कार्य सम्पन्न भएपछि यसप्रकारको गीत गाउने गरिएको पाइन्छ । माथि उल्लिखित सरस्वती जगाउने गीत गाउँदै गर्दा नाचारीहरूलाई घरधनीले दान दिएको हुन्छ । त्यही दानबाट अक्षता, फूलपाती मारुनाले लिन्छन् र मादले तथा गीताङ्गेहरूले गीतिशैलीमा देवीदेवता तथा खोलानालाको नाम उच्चारण गर्ने गर्दछन् र त्यही समयमा मारुनाले नाच्दै फूलपाती चढाउने गर्दछन् ।

हा ऽऽ है अक्षता पाती, फूलै र पाती

आकाशैको तेतीसकोटी

पात्तालैको बाँसुकी नागलाई

चढाइ जाइ जाउला

हा ऽऽ  है चढाइ जाइ जाउला

पाचै र पुन्नेको वर है लिजाउला

हा है अक्षतापाती फूलै र पाती

धरती माता, सरस्वती मातालाई

चढाइ जाइ जाउला

हा ऽऽ है चढाइ जाइ जाउला

पाँचै र पुन्नेको वर है लिजाउला

हा ऽऽ है अक्षता पाती, फूलै र पाती

हा ऽऽ है यसै गाउँको सीमेभुमे, नागनागेनी

देवी देउराली सबैलाई

चढाइ जाइ जाउला

हा ऽऽ है चढाइ जाइ जाउला

पाचै र पुन्नेको वर है लिजाउला

हा ऽऽ है अक्षता पाती, फूलैर पार्ता

यसै गाउँको दुधकोसी मायी

सोलुखोला मायी, रेणकामायीलाई चढाइ जाइजाउला

हा ऽ है चढाइ जाइ जाउला

पाँचै र पुन्नेको वर है जिलाउँला

माथि उल्लिखित अक्षता फूलपाती चढाउने गीतको समाप्तिसँगै मारनी नाच उठान गर्ने सम्पूर्ण विधिविधानको कार्य समाप्त हुन्छ । प्रथम चरणको सम्पूर्ण कार्यहरू मारुना उठान गरिएको घरमा नै सम्पन्न गरिन्छ । त्यसपछि नाचारीहरू दीयो बत्तीसँग सरण परी अन्य गाउँघर तथा टोलहरूमा जाने गर्दछन् । मारुनी नाच उठान गर्दा बालिएको दियो अन्त्य नगरुन्जेल निभ्न दिनु हुँदैन भन्ने यहाँको जनविश्वास रहेको छ ।

### ३.४.२. मध्यचरण

माथि उल्लिखित प्रथम चरणका सम्पूर्ण विधिविधानका कार्यहरू समाप्त भएपछि मध्यचरण आरम्भ हुन्छ । मारुनी नाचको यस चरणमा नाचलाई गाउँघर तथा टोलहरूमा नचाउन लगिन्छ र विभिन्न लय/भाकाका गीतहरू गाउने गरिन्छ । यदि नाचलाई अन्य घरहरूमा लगिएन भने पनि यस नाचको माध्यचरणमा विभिन्न विरहनी, ख्याली चुड्का, गर्रा आदि रागका गीतहरू गाउँने गरिन्छ । यस चरणमा गाइने विभिन्न गीतहरूको सङ्कलन गरेर चौथो परिच्छेदमा मूल पाठको रूपमा राखिएको छ । यहाँ भने ती गीतहरूको केही नमुना मात्र प्रस्तुत गरिएको छ ; जस्तै :-

हा ऽऽऽ  हा ऽऽऽ  हा ऽऽऽ

हिमाल चुली पल्लोपट्टि

जोरै जोर पोखरी

हो जोरै जोर पोखरी

हा ऽऽ है खेलिरहयो जोरै रजहोस

हेर हेर आमयी-बाबै आँगनमा

आइरपुग्यो रमाइलो लाग्दो नाचारीको नाच

हा ऽऽ है रमाइलो लाग्दो नाचारीको नाच -२

हा ऽऽऽ  हा ऽऽऽ  हा ऽऽऽ

दुधकोसी मेहनैमा जलपुर माछा

हो जलैवैले गाँची लग्यो

जलेवैले होयन राजै

भगुवानले हरि लग्यो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लङ्कै बाट रावणैले रथ हाकी ल्यायो

हो सीता रानी हरनै भनेर

हा ऽऽ है हरि लग्यो सीता रानी

हो ब्रह्मचारी जोगी भएर -२

(स्रोतः मूलमादलेहरू नौधन राई र सार्खीधन राई)

(मादलको ताल ढिलो, विरहनी गीत)

हा ऽऽऽ  हा ऽऽऽ  हा ऽऽऽ

उधोमा जाँदा देखेथे मैले

हा ऽऽ है वर-पीपल गाँची

हा ऽऽ है सीताले लाएको

दिदै रमैले बारेको -२

हा ऽऽ है उभो जो फिरि आउँदामा खेरी भैगयो चौतारी

है बनियो चौतारी -२

हा ऽऽ है चारै कुने चौतारी माथि होम जग्गे लाएको

हो ब्रह्मज्यू बसेको दिदै   -२

हा ऽऽ है चारै कुने चौतारी माथि

हो ऽ होम जग्गे लाएको -२

(स्रोतः मूल मादले नौधन राई कुइभिर १)

मारुनी नाचको मध्यचरणमा नाचारीहरूले रमाइलो गर्दै माथि उल्लिखित ख्याली,विरहनी आदि लय/भाकाका मुक्त तथा स्वतन्त्र गीतहरू गाउने गर्दछन् र गाउँघर तथा टोलहरूमा नाच्दै रमाइलो गर्ने गर्दछन् । र यसबेला सरस्वती जगाउने गति भने गाउने चलन छैन । त्यस्तै गाउँघर तथा टोलहरूमा नाच नचाउँदा घरधनीहरूले आफ्नो स्वइच्छाले नाचारीहरूलाई दान, दक्षिण दिने गर्दछन् । त्यसलाई स्वीकार गर्दै नाचारीहरूले अशिष दिइराख्ने गर्दछन् । एवम् प्रकारले नाचारीहरूले कुनै घर-टोल नविराई नाचलाई डुलाउने गर्दछन् । यहाँको मारुनी नाचमा वाद्यसमग्री भने मादल नै प्रमुख हुन्छ । यसका अतिरिक्त बाँसुरी, विनायो आदि पनि बजाइने गरिएको पाइन्छ ।

**३.४.२.१. आशिष दिने खण्ड**

**स्थान** :- मारुनी नाच नचाइने घर

**पात्रहरू :-** मादले, मारुनी (दुईजना), पुर्सुङ्गे र गीताङ्गेहरू

**आशिष दिने गीत**

यसै घरको सुदाताले दानै र दियो

चोया खिपी, नाङ्लै र बुनी

त्यसै र माथि स्ववर्ण थाल

थालै र माथि कोर्रा चामल लक्ष्मी बत्ती,

कम्पनी मुण्डा, आठानी रेजी

बलीको नाउँमा दान सिदा दिएछ

जो जाने सम्म जो सुने सम्म आशिकै भरुङ्ला

यसै घरको लाला-बाला, बूढाबूढी

दुःखुन र पिरुन मङ्गल, केतु ग्रह

संसार ग्रह  उधै गंगाजीले बगाइलगुन

हरमा हर सैँया सितलु, होइमा रहून है

यसैमा घरको नारेनीले माटोमा हुँदा

अन्न र धन्न, ढुङ्गामा  छुँदा धन दौलत होवन है

पानीमा छुँदा तेल घिऊ होवन है

हा ऽऽ है होइमा रहून है -२

यसै घरमा मदेशैको कमलमल खासा

नेपालैको काँसन, ताँबन भरिपूर्ण होवन

हो ऽऽ है भोइमा रहून है

यसै घरको भैंसी गोठ

गाई गोठ, भेडी गोठ

उभो जो लेक लादामाखेर जैदुंखर्क, राम्नाङ्खर्क

खाइचर्ने होउन

हा ऽऽ है होइमा रहून -२

उभो जो फीरि ल्याउँदा माखेरी

ताँदको, ताँद मदेशैको दाना मैदानै सम्म खाइचर्ने होवन है

यसैमा घरको बाखरी पाठा

चराउन लादा वनभरी होवन

फिराइमा ल्याउदचा खोरभरी होवन

हा ऽऽ है होइमा रहून -२

यसैमा घरको कुखुरा चल्ला

सुँगुर पाठा सरसरी बढुन है

यसै घरको परेवा पंखि उसड्दामाखेरी सिरीसुर्जे छेलने होवन है

हा ऽऽ है होइमा रहून -२

लाखै दियौं, दौलाखै दियौं

फेरि आउँदो सालमा

यसैमा गरी मानाले भरी

पातीले भरी दिखाने होवन

नाचारीले दिएको आशिक

फलिजो फापुन

हिमाल चुली चुलेमा जैँसो

चुलिमा रहून है

लाख है दियौँ, दौलतै दियौँ

लाखै बरिसो

### ३.४.३. अन्तिम चरण

मारुनी नाचको मध्य चरणमा विभिन्न विषयवस्तुसँग सम्बन्धित विभिन्न लय/भाकाका गीतहरू गाउँदै त्यही गीतिलयमा मारुनीलाई नचाउने र रमाइलो गर्ने गरिन्छ । र त्यसपछि मारुनी नाचलाई उठान गरिए जस्तै विधिविधान अपनाएर अन्त्य गरिन्छ । यही नै मारुनी नाचको अन्तिम चरण हो । यस चरणमा पनि सबभन्दा पहिले धूप बालिन्छ । त्यसपछि सरस्वती जगाउने, रुद्राक्ष फुकाउने तथा मारुनीको लुगा कपडा खोल्ने आदि गीतहरू गाएर नाचको अन्त्य गरिन्छ । यस क्षेत्रमा कुखुरा वा परेवाको भोग दिएर सरस्वती माताको आराधना गर्ने चलन भने पाइँदैन । तर दियो, कलश, वाद्यवादनका सामग्रीहरू त्था मादले, मारुनी आदिलाई भने फूलपाती, अक्षता, अबिर आदिले चाहिँ पूजा गर्ने चलन रहेको छ ।

#### ३.४.३.१. देवीदेवताको सरण पर्ने वा सरस्वती फुकाउने गीत

नाच उठान गर्दा जस्तै नाच अन्त्य गर्दा पनि विभिन्न देवी-देवताहरूको मङ्गलगान गाउदै सरण पर्ने गरिन्छ । उठान गर्दा 'सखी रक्षा हमारे' भन्ने गरिएको पाइन्छ भने वैठान गर्दा 'सखी रक्षा गरी जाऊ' भनेर भनिन्छ ।

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

सरस्वती मायी हो

सरण तमारे, सखी रक्षा गरी जाऊ

हा ऽऽ दै धरती माता हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ है आकाशैको तेत्तीस कोटी

पात्तालैको बासुकी नाग हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

यसै गाउँको नाग-नागेनी

झाक्रि-झाक्रिनी हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ  है यसै गाउँको गंगा जमुना देवी

रक्तकाली देवी, सेतीमाला देवी हो सरण तमारे

सखी रक्षा गरिजाऊ

हा ऽऽ है यसै गाउँको दुधकोसी मायी

सोलुखोला मायी हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽऽ  हा ऽऽऽ  हा ऽऽऽ

रावाखोला रेनुका मायी

सेती मायी, टिष्टा, रङ्गीत मायी हो

सरण तमारे सखी रक्षा गरिजाऊ

हा ऽऽ है, सुनकोसी, तामाकोसी मायी

अरुण, तमोर सखी रक्षा गरिजाऊ

हा ऽऽऽ  हा ऽऽऽ  हा ऽऽऽ

दुधकुण्डोको दुधकाली देवी हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ है कैलाशको शिवशंकर, गौरापर्व हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ है सल्ले गाउँको काजेदेवी हो

साप्सु ढापको जयन्ती देवी हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ है नेपालैको पशुपतिनाथ

स्वयम्भूनाथ हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ है नेपालैको गुजेश्वरी देवी

दक्षिणकाली देवी हो

सरण तमारे, सखी रक्षा गरिजाऊ

हा ऽऽ है हलेसीको महादेव ठाकुर हो

दोलखाको भिमसिङ ठाकुर हो

सरण तमारे सखी रक्षा गरिजाऊ

### ३.४.३.२. रुद्राक्ष फुकाउदा गाउने गीत

मारुनी नाच उठान गर्दा जतिमुखे रुद्राक्ष जपेर धारण वा बाँध्ने गरिएको हुन्छ  त्यति नै मुखे रुद्राक्षको गीत गाएर नाचको अन्त्य गर्ने चलन रहेको पाइन्छ । यसरी नाच अन्त्य गर्दा उठान गर्दा जुनमुखे सम्म पुऱ्याइएको हुन्छ  त्यही मुखेबाट फुकाउदै एकमुखेमा झारेर अन्त्य गर्ने चलन रहेको पाइन्छ । तर कुनै ठाउँमा भने उठान गर्दा जस्तै अन्त्य गर्दा पनि गर्ने चलन रहेको छ । नाच उठान गर्दा बाँधुङ्ला भन्नु पर्दछ भने अन्त्य गर्दा चाहिँ फुकाउला भन्दै जानु पर्दछ ; जस्तै :-

हा ऽऽ है रामैले फुकाउला

हा ऽऽ है कृष्णैले फुकाउला

हा ऽऽ है सातै मुखे रुद्राक्ष हो

गल है उमारी जन्तरै फुकाउला, मन्तरै फुकाउला

बोक्सी-डायनी, ओजे-ओजेनी

विजुवा-विजुवानी फुकाउला

सखी रक्षा गरिजाऊ

हा ऽऽ है सातै मुखे रुद्राक्ष हो सबैं फुकाउला

हा ऽऽ है छतै मुखे रुद्राक्ष हो

गलहै उमारी हानवान फुकाउला

सखी रक्षा गरिजाऊ

हा ऽऽ है पाँचै मुखे रुद्राक्ष हो

गलहै उमारी जन्तरै फुकाउँला, मन्तरै फुकाउँला

मारुनीको सारिया, चोलिया, चुरिया

पोतिया, पटना, पछ्यौंरी, सिन्दुर फुकाउँला

हा ऽऽ  है पाँचै मुखे रुद्राक्ष हो सर्वै फुकाउँला

सखी रक्षा गरिजाऊ

हा ऽऽ है चारै मुखे रुद्राक्ष हो

गलहै उमारी हानवान फुकाउँला

सखी रक्षा गरिजाऊ

ह ऽऽ है तीनै मुखे रुद्राक्ष हो

गलहै उमारी जन्तरै फुकाउँला, मन्तरै फुकाउँला

मादले, मारुना, गीताङ्गेको

शिर-पातै फुकाउँला

हा ऽऽ है तीनै मुखे रुद्राक्ष हो सर्वै फुकाउँला

सखी रक्षा गरिजाऊ

हा ऽऽ है दुवै मुखे रुद्राक्ष हो

गलह उमारी हानवान फुकाउँला सखी रक्षा गरिजाऊ

हा  ऽऽ है एकै मुखे रुद्राक्षले

गलहै उमारी जन्तरै फुकाउँला, मन्तरै फुकाउँला

सीमे-भूमे-देवीदेउराली फुकाउँला

हा ऽऽ है एकै मुखे रुद्राक्ष हो सर्वै फकाउँला सखी रक्षा गरिजाऊ

### ३.४.३.३. मारुना तथा मादले फुकाउने गीत

मारुनी नाच उठान गर्दा मादले तथा मारुनालाई हनुमान जापले बाँधिएको हुन्छ । नाच अन्त्य गर्दा त्यही गीत गाएर फुकाउनु पर्दछ ; जस्तै :-

हा ऽऽ है हनुमान जापैले

फुकाइमा ल्याऔं हा ऽऽ है फुकाइमा ल्याऔं

हा ऽऽ है हनुमान जापैले

मादले, मारुनी, गीताङ्गेको

शिर-पावै फुकाइ ल्याऔं

हा ऽऽ है हनुमान जापैले

पूर्वै जो फुकाइमा ल्याऔं

पश्चिम जो फुकाइमा ल्याऔं

हा ऽऽ है हनुमान जापैले

उत्तर जो फुकाइमा ल्याऔं

दक्षिणै जो फुकाइमा ल्याऔं

### ३.४.३.४. मारुनाको लुगा कपडा तथा गरगहना खोली नाच अन्त्य गर्ने गीत

माथि उल्लिखित कार्यको समाप्ति पश्चात मारुनीको लुगा कपडा तथा गरगहना खोलिने गीत गाउदै उक्त कार्य सम्पन्न गरिन्छ र वाद्यसामग्री मादललाई पनि थन्क्याइन्छ । दियो कलशलाई पनि विसर्जन गरिन्छ अनि मारुनी नाचको विधिपूर्वक अन्त्य भएको घोषणा हुन्छ । अन्त्य गर्दा मारुनीलाई आशिष दिने विधि भने यहाँ छैन् ।

हा ऽऽ है शिरैको सिन्दुरता

हा ऽऽ है सौतेनी मोरीले हरिमा लइग्यो, खोसीमा लइग्यो

कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी मै दु:ख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसने मात्रै

हा ऽऽ है अभागी करम दैवैले हरेको

नि दिदै अभागी करम दैवैले हरेको

हा ऽऽ है शिरैको पछ्यौरा त

हा ऽऽ है सौतेनी मोरीले

स्वोसीमा लइग्या, हरिमा लइग्यो

कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी, मै दु:ख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसने मात्रै

हा ऽऽ है अभागी करम दैवैले हरेको

निदिदै अभागी करम दैवैले हरेको

हा ऽऽ है गलहैकी पटना त

हा क है सौतेनी मोरीले

हरिमा लइग्यो, खोसीमा लइग्यो

हा ऽऽ है कौनैबेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी, मै दु:ख कउला

हा ऽऽ है सौतेनी ज्यानलाई दोषने मात्रै

हा ऽ है अभागी करम दैवैले हरेको

नि दिदै अभागी करम दैवैले हरेको

हा ऽ है कुमैको चोलिया ता

हा ऽऽ है सौतेनी मोरीले

हरिमा लइग्यो, खोसीमा लइग्यो

हा ऽऽ है कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

हा ऽऽ है काख है बसी रुयी-रुयी,

मै दु:ख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसनै मात्रै

अभागी करम दैवैले हरेको

नि दिदै दैवैको हरेको

हा ऽऽ है कम्बरैकी पटुकी ता

सौतेनी मोरीले खोसीमा लइग्यो, हरिमा लइग्यो

हा ऽऽ है कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी, मै दु:ख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसने मात्रै

हा ऽऽ है अभागी करम दैवैले हरेको

नि दिदै अभागी करम दैवैले हरेको

हा ऽऽ है कम्बरैकी सारिया ता

हा ऽऽ है सौतेनी मोरीले

हरिमा लइग्यो, खोसिमा लइग्यो

हा ऽऽ है कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी, मै दुःख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसने मात्रै

हा ऽऽ है अभागी करम दैवैले हरेको

नि दिदै अभागी करम दैवैले हरेको

हा ऽऽ है हातैकी चुरियाता

सौतेनी मोरीले

हरिमा लइग्यो, खोसीमा लाइग्यो

हा ऽऽ है कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी, मै दुःख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसने मात्रै

हा ऽ है अभागी करम दैवैले हरेको

नि दिँदै अभागी करम दैवैले हरेको

हा ऽऽ है कानैकी कुण्डलता

हा ऽऽ है सौतेनी मोरीले

हरिमा लइग्यो, खोसीमा लइग्यो

हा ऽऽ है कौनै बेला उज्याली होला

स्वामी राजै आउनु होला

काख है बसी रुयी-रुयी, मै दुःख कउँला

हा ऽऽ है सौतेनी ज्यानलाई दोसने मात्रै

हा ऽऽ है अभागी करम दैवैले हरेको

नि दिदै अभागी करम दैवैले हरेको

## ३.५. निष्कर्ष

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा दुधकोसी क्षेत्रको मारुनी नाचको परिचय, उठान, वैठानका विधिविधान तथा यसलाई प्रस्तुत गरिने समय एवंम् अवसरहरूको बारेमा जानकारी गरिएको छ । परापूर्वकालदेखि नै लोकमा प्रस्तुत गरिने लोक नृत्यगीतहरूको उठान, वैठानमा विभिन्न विधिविधानहरू अवलम्बन गरिएको पाइन्छ । लोकमा प्रस्तुत गरिने यस्ता नृत्यगीतहरू अन्तरगत मारुनी नाच, धाननाच, मुन्धुम नाच, लाखेनाच, चण्डीनाच आदि विभिन्न नाचहरू पर्दछन् । यी सबै नाचहरूको आ-आफ्नै उठान, वैठानका विधिविधानहरू रहेको पाइन्छ । यस्तै नाच अन्तरगत पर्ने मारुनी शैलीको नाचमा पनि आफ्नै किसिमका उठान, वैठानका विधिहरू रहेको पाइन्छ । लोकसमाजले पूजा, अर्चना तथा धर्मकर्मप्रति बढी आस्था राख्ने हुँदा यस्ता लोकमा प्रचलित विभिन्न किसिमका नाचहरू प्रस्तुत गर्दा आ-आफ्नै लोकमान्यता अनुरूप देवी-देवताको मङ्गलगान गाउने, आराधना गर्ने जस्ता अनुष्ठानिक कार्यहरू सम्पन्न गर्ने गर्दछन् । यस्तै विभिन्न विधिविधान भएका अन्य नाचहरू जस्तै यहाँका राईजातिमा प्रचलित मारुनी नाच पनि अनुष्ठानिक विधिविधानका साथ उठान, वैठान गरिने नृत्यगीत हो ।


# चौथो परिच्छेद

# दुधकोसीक्षेत्रको मारुनी नृत्यगीतको सङ्कलन र वर्गीकरण

## ४.१. दुधकोसीक्षेत्रको मारुनी नृत्यगीतको वर्गीकरण

मारुनी नाच विधिविधान युक्त लोकप्रसिद्ध गीतिनाच हो । यसमा आदि, मध्य र अन्त्यको क्रमिकता पाइन्छ । विभिन्न किसिमका मर्मस्पर्शी गीत गायनकलाका रागहरू पाइनु समग्र मारुनी नाचकै मौलिक पहिचान हो । यहाँ गुरु वा अगुवा मूल मादलेहरूले सती ढाल्ने वा सरस्वती जगाउने कार्य सम्पन्न गरिसकेपछि मात्र अन्य गीताङ्गे तथा मादलेहरूले विभिन्न रागका गीतहरू गाउने अवसर पाउँदछन् र त्यही गीतको लयभाकामा नै मारुनीलाई नाच्न लगाइन्छ । १५/१६ वर्षको ठिट्टाहरूलाई स्त्रीको भेषभूषामा सिँगारेर नचाइने हुनाले नै यस किसिमको नाचलाई मारुनी नाच भनिएको हो ।

परापूर्वकालदेखि नै प्रसिद्ध मानिने मारुनी नाच नेपालको पूर्व मेचीदेखि पश्चिमको रापतीसम्मका विभिन्न मध्य पहाडी जिल्लाहरूमा तथा नेपाल बाहिर भारत, बर्मा आदि स्थानहरूमा पनि नाचिने परम्परा रहेको पाइन्छ । नेपालको मारुनी नाचका सन्दर्भमा के-कति प्रकारहरू छन् भनी अध्ययन, विश्लेषण गर्न नसकेको अवस्थामा मोतीलाल पराजुलीले 'सोरठी नृत्यनाटिका' पुस्तकमा सोरठीको विश्लेषण गर्ने क्रममा मारुनी नाचको चर्चा गर्दै यसको वर्गीकरण गरेको पाइन्छ । उनको यस वर्गीकरणलाई निम्नानुसार आरेखामा प्रस्तुत गरिएको छ ।[३६]





यसरी मारुनी नाचलाई विभिन्न वर्गमा विभाजन गरिएको पाइन्छ । वास्तवमा मारुनी नाच प्रस्तुत गर्ने एउटा शैली मात्र हो । यही शैलीमा विभिन्न आख्यानयुक्त तथा चरित्रमा आधारित एवम् विभिन्न मुक्त, स्वतन्त्र विषयवस्तुसँग सम्बन्धित गीतहरू गाउदै नाच प्रस्तुत गर्ने गरिएको पाइन्छ ।

[३६] मोतीलाल पराजुली, पूर्ववत्, पृ.७ ।

यसरी विभिन्न स्वतन्त्र तथा मुक्त विषयवस्तुहरूसँग सम्बन्धित गीत गाउदै नाच प्रस्तुत गरिने मारुनी शैलीको नाचलाई मारुनी ख्याली भनी चर्चा गरिएको पाइन्छ ।[३७]

दुधकोसी क्षेत्रका विभिन्न ठाउँहरूमा प्रचलित मारुनी नृत्यगीतको स्थलगत अध्ययन गर्ने क्रममा भेटिएका सामग्रीहरूलाई निम्नानुसार विभाजन गरी अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ । यसका साथै अध्ययन गरिएका प्रमुख चार स्थानका सामग्रीहरूलाई छुट्टाछुट्टै मूल सामग्रीको रूपमा राखिएको छ भने यसको विश्लेषण चाहिँ यसै शोधपत्रको पाँचौ परिच्छेदमा गरिएको छ ।




### ४.१.१. सङ्गीतको ताल र नृत्य प्रस्तुतिमा आधारित मारुनी नृत्यगीत

दुधकोसी क्षेत्रको मारुनी नृत्यगीतमा गीतगायनका विभिन्न रागहरू भेटिन्छन् । मारुनी नृत्यगीतमा पाइने यी गीतिरागहरूमा दुःख, व्यथा मिलन, विछोड, शृङ्गार, उत्साह, उमङ्ग आदि अनेक

[३७] ऐजन् , पृ. ८ ।

भावहरू स्वतः स्फूर्त रूपमा व्यक्त भएको पाइन्छ । सङ्गीतको ताल र नृत्य प्रस्तुतिको आधारमा हाल यहाँ प्रचलनमा रहेका मारुनी नृत्यगीतलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.१.१.१. **विरहनी /विलहनी**

दुधकोसी क्षेत्रको सबैभन्दा महत्वपूर्ण मारुनी गीत विरहनी हो । यसलाई यहाँ विलहनी पनि भन्ने गरिएको पाइन्छ । विरह शब्दबाट बनेको विरहनी शब्दको अर्थ मनमा उराठ-विराट लाग्नु, दुःख पीडा, चिन्ता, वेदनाले आकुल-व्याकुल हुनु भन्ने हुन्छ । यस्तै किसिमका भावहरू चित्रण हुने गीत गाउँदै नाच प्रस्तुत गर्नु नै विरहनी हो । यस क्षेत्रमा मारुनी नृत्यगीत प्रस्तुत गरिने विधिविधानको कार्य सम्पन्न भएपछि नाचको मध्य चरणमा यस्ता विरहनी गीत गाउने गरिएको पाइन्छ । यहाँ गाइने यस्ता गीतमा सामाजिक, प्राकृतिक वस्तुहरूको वर्णन, तथा पौराणिक विषयवस्तुसँग सम्बन्धित गीतांशहरू पर्दछन् । यी उल्लिखित विषयवस्तुसँग सम्बन्धित गीतका अंशलाई स्वतन्त्र रूपमा गाउदै मारुनी शैलीमा नाच प्रस्तुत गरिने हुँदा यसलाई यहाँ प्रचलित मारुनी नृत्यगीतको एउटा महत्त्वपूर्ण शाखाका रूपमा लिइएको पाइन्छ । यसलाई चतुरभक्त राईले “दुमीराईहरूको संस्कृति र परम्परामा मारुनी नृत्यगीतको स्थान” शीर्षकको लेखमा यसप्रकार प्रस्ट पारेका छन् “यसलाई मादलमा छ मात्रा र बोलको आधारमा धीन जौं -नक, र गीत अक्षरको आधारमा एक पङ्क्तिमा पच्चीसदेखि चालीस अक्षरसम्म रहेका हुन्छन् ।”[३८] विरहनी गीतहरूको प्रमुख पहिचान नै करुणरस प्रधान हुनु हो । यहाँ गाइने विरहनी गीत यसप्रकार छन् ।

उधोमा जाँदा देखथे मैले

साइ हो पत्र विरुवा

हा ऽऽ है उभोमा फिर्दा भएछ

दिदै रानी कोपिला -२

हा ऽऽ है फुलकी जोभन वारम्वार आउँछ

जनमा एकैबार दिदै

जनमा एकबार दिदै

योफूलै फुलाउला

हो यो फलाउला

हा ऽऽ है हामारे माइती फर्की आउँला

दोहोरी फूल नी फुलीमा रहला

---

[३८] चतुर्भक्त राई, “दुमीराइहरूको सँस्कृती र परम्परामा मारुनी नाचको स्थान”, **इलिसिलिम,** बर्ष ४, अङ्क ५, (२०५९) पृ.१२ ।

हा ऽऽ है फूलकी जोभान बारम्बार आउँछ।

जनमा एकैबार दिदै -२

जनमा एकैबार

(स्रोतः माइतराज राई र भइमन राई नेचावेद्घारी -१)

### ४.१.१.२. ख्याली

यस क्षेत्रको अर्को महत्त्वपूर्ण मारुनी नृत्यगीत ख्याली हो। लोक जीवनको व्यवहारमा सामान्यतः हाँसखेल, ठट्टा, मज्जा गर्नु नै ख्याली हो। यसप्रकारका गीतहरू सुमधुर लय/भाकामा गाउँदै मारुनी शैलीमा नाच प्रस्तुत गर्ने गरिएको पाइन्छ। आङ्गिक, वाचिक अभिनयको बाहुल्य रहने यस नाच यहाँ मारुनी नृत्यगीतको मध्य चरणमा वा विधिविधानको कार्यसम्पन्न भए पश्चात प्रस्तुत गर्ने गरिएको पाइन्छ। आमोद-प्रमोद, ख्याल ठट्टा, हाँसो खुसी आदि विषयसँग सम्बद्ध हुने यहाँ गाइने ख्याली गीतमा कुनै शृङ्खलाबद्ध कथानक भने भेटिदैन। खाली यो मनोरञ्जनपूर्ण हुने भएकोले नै यसलाई ख्याली भनिएको हो ; जस्तै :-

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लावैर लस्कर वारिपारि बसिहाले बाघ

हो ढोकैमा राखिहाले साप

देवकीको आठ ठाममा गरभ

हो कंशजीले मारुङ्ला

भनी चिताइहाले पाप -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी वारिपारी, जोरै घैला पानी

हो सपनीमा नुवाई हरर

कौसीका मायी हो इन दुःख

ग्रह र दशा सबै हरर -३

### ४.१.१.३. चुड्की

यस क्षेत्रमा प्रचलित अर्को महत्त्पूर्ण मारुनी नृत्यगीत चुड्की हो। यहाँ गाइने यस गीतको गायन गति एकदमै छिटो हुन्छ। यहाँका मूल मादलेहरूको भनाइमा यो गीत छिटो-छिटो गाइने भएकोले नै यसलाई चुड्की भनिएको हो भन्ने रहेको छ। यो गीत यहाँ मारुनी नाचको मध्य चरणमा ख्याल, ठट्टा गर्दै मारुनीलाई घरबेटीसँग पैसा माग्न लगाई मनोरञ्जन लिने दिने उद्देश्यले गाउने गरिएको पाइन्छ। यो बाहेक यस गीतमा कुनै मर्मस्पर्शी भाव भने भटिदैन; जस्तै :-

के-के टिप्ने हो रेशम के-के टिप्ने हो

भुँइमा केही छैन के-के टिप्ने हो

यता नहेर उता नहेर

रेशम घरबेटीलाई हेर -२

फूल टिपी माथ भराइ

पैसा मागी ल्येऊ रेशम -२

मदेशैको दामारैमा लाग्यो तुँवालो

रेशम लाग्यो तुँवालो

पैसा मागी ल्याइस भने लाउलिस प्वँलो

रेशम लाउलिस प्वँलो

पानी भित्ता पोखरीमा

पानी रसायो रेशम -२

बालैमा पैसा दिने बानी बसायो

रेशम पैसा दिने बानी बसायो

### ४.१.१.४. गर्रा

यस क्षेत्रमा प्रचलित अर्को मारुनी गीत गर्रा हो । यो शब्द गर्र वा ग्वार्र शब्दबाट आएको हो । ग्वार्र भन्नाले धेरै मानिसले एकैचोटि कुनै काम गर्नु भन्ने बुझिन्छ । तर यहाँ प्रचलित गर्रा गीतमा त्यो अर्थ लाग्ने देखिदैन किनभने यहाँका मूल मादलेहरूको भनाइमा गर्रा गीत चुड्की जस्तै तिब्रगतिमा गाइने एक किसिमको गीत हो भन्ने रहेको छ । यसै सन्दर्भमा नेचावेद्घारी-१ का मूलमादले छविलाल राईले यो गीत मारुनीको निद्रा, अल्छिपन हटाई जोश-जाँगर जगाउन गाउँने गरिन्छ भनेका छन् । यो गीत ठट्याउलो किसिमले गाइने मनोरञ्जन दिने खालको हुन्छ ; जस्तै :-

लौरी त लौरी वेदै काटी लौरी

हो वेदै काटी लौरी

हा ऽऽ है हामी त जान्छौ डुङ्गैतरि

ल है त लहै तिमी आऊ है पौरी -२

छपनीमा छानी -छानी

डबकीमा हानी-हानी -२

मातेको मित आमयी

घ्यामपैको निगारैले

हो घ्यामपै निगारैले -२

### ४.१.१.५. समला

यस क्षेत्रमा गाइने अर्को मारुनी गीत समला हो । यसलाई सभला पनि भन्ने गरिएको पाइन्छ । टर्नर शब्दकोशले यसलाई गीतको सुरिलो अन्त्य भनेर अर्थ्याएको पाइन्छ ।[३९] यहाँको अनुभवी मूल मादलेहरूको भनाइमा ख्याली जस्तै गरी गाइने तर यसको लय/भाका र ताल अलिक भिन्न हुने भएकोले यसलाई ख्याली नभनी समला भनिएको हो भन्ने रहेको छ ; जस्तै :-

झलमल काँकरीको

तिहुन खाने करेला

पाँच कन्ने हाकी-हाकी

आँखा झिम्काइ ल्याउने परेला

तर यस क्षेत्रमा गाइने यो गीत त्यत्ति लोकप्रिय भने देखिदैन् । समयको बढ्दो गतिसँगै लोप उन्मुख अवस्थामा पुगेको समग्र मारुनी गीत मध्येकै समला एक हो । यस क्षेत्रका कुनै-कुनै ठाउँमा मात्र यो गीत गाउँने गरिएको पाइन्छ ।

### ४.१.२. विषयवस्तुमा आधारित मारुनी नृत्यगीत

हरेक किसिमको गीत कुनै न कुनै विषयवस्तुसँग सम्बन्धित गराएर सिर्जना गरिएको हुन्छ । यस्तै लोकगीतहरू अन्तर्गत पर्ने मारुनी नृत्यगीतमा पनि समाज, प्रकृति, पुराण आदि विषयवस्तुको चित्रण भएको हुन्छ । दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा गाइने मारुनी गीतमा पनि उल्लिखित विभिन्न किसिमका विषयवस्तुहरूसँग सम्बन्धित भावहरू व्यक्त भएको पाइन्छ । यस क्षेत्रमा प्रचलित रहेका विषयवस्तुमा आधारित मारुनी नृत्यगीत यसप्रकार छन् -

### ४.१.२.१. पौराणिक मारुनी नृत्यगीत

यस क्षेत्रमा पौराणिक ग्रन्थहरू (रामायण, महाभारत) बाट विषयवस्तुहरू लिई गीत गाउदै मारुनी शैलीमा नाच प्रस्तुत गर्ने गरिएको पाइन्छ । यहाँ नाचको मध्यचरणमा यिनै पौराणिक विषय

[३९] ऐजन्, पृ.१३ ।

अन्तर्गत रामचरित्र तथा कृष्ण चरित्रका केही अंश गीत गाउँने गारिएको पाइन्छ । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीत मारुनी ख्याली अन्तर्गत पर्ने हुनाले माथि उल्लिखित विषयसँग सम्वन्धित गीतहरू कथानकीय शृङ्खलामा नभई टुक्रा-टुक्रा गीतको अंशका रूपमा मात्र गाउने गरिएको पाइन्छ ।

क. **रामचरित्र** - यस क्षेत्रका मारुनी नृत्यगीतको मध्यचरणमा रामचरित्रसँग सम्बन्धित केही अंशगति गाइएको पाइन्छ । रामचरित्र अन्तर्गत राम, सीता, रावण, लक्ष्मण आदि पात्रहरूको जीवन गाथामा आधारित गीतहरू पर्दछन् ; जस्तैः-

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लङ्कैबाट रावणले रथ हाँकी ल्यायो

हो सीता रानी हरणै भनेर -२

उहा ऽऽ है हरि लग्यो सीता रानी

हो ब्रह्मचारी जोगी भएर -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

रामको दुधले साँघु थाप्यो

समुद्रको घाटैमा

हो पापी रावण मार्ने भनेर

मर्ने भयौं पापी रावण

हो अब तिमी रामको हातैमा  -२

**ख. कृष्णचरित्र** - यस क्षेत्रको मारुनी नृत्यको मध्यचरणमा कृष्णचरित्रसँग सम्बन्धित केही अंश गीतहरू गाइएको पाइन्छ । कृष्णचरित्र अन्तगर्त कृष्णको विभिन्न लीलाको प्रसङ्ग, कंस, राधा, देवकी आदि पात्रसँग सम्बन्धित गीतहरू पर्दछन् ; जस्तै :-

राधाले गाना गाओइला

कृष्णजी बाजा बजाओइला -२

हो गोकुलैमा कृष्णको नाच

हेर लोकपाँच हो गोकुलैमा

सोरसय गोपेनी कृष्णको नाच -२

हाऽऽऽ हाऽऽऽ हऽऽऽ

लावै र लस्कर वारिपारि बसी हाले बाघ

हो ढोकैमा राखिहाले साप -२

देवकीको आठ ठाम गरम

हो कंसजीले मारुङ्ला

भनी चिताइहाले पाप -२

(स्रोतः मूल मादले नौधन राई र गीताङ्गे टुकराज राई कुइभीर -१)

### ४.१.२.२. प्राकृतिक मारुनी नृत्यगीत

प्रकृतिसँग सम्बन्धित वस्तुहरूको वर्णन गरी गीत गाउनु नै प्राकृतिक विषयवस्तुमा आधारित गीत हो । यस क्षेत्रको मारुनी नृत्यगीतमा यस्ता विभिन्न वस्तुहरूसँग सम्बन्धित गीत गाउदै मारुनी शैलीमा नाच प्रस्तुत गरिएको पाइन्छ । विशेषगरी मारुनी नृत्य गीत यहाँ शरद ऋतुमा पर्ने तिहारपर्वमा प्रस्तुत गरिने हुँदा प्रकृतिमा स्वतन्त्र रूपमा फुलीरहेको फूलहरूको वर्णन यहाँको मारुनी गीतमा गरिएको पाइन्छ ; जस्तैः-

हाऽऽ है साइपत्र फूलै फुल्यो

महालङ्कैमा दिदै पहालङ्कैमा

टिपीमा लेऊ बासुना दिदै

यो शिर माथैमा -२

वारिजो गंगा पारीजो जमुना

बीच-बीच मेहनैमा

है मखमली फूल, दिदै मखमली फूल

फुली गयो ढकरमक -२

सीमली फुल्यो गुहेली फूल्यो

टुप्पैमा लरिका दिदै, टुप्पैमा लरिका

आज जाऊ-जाऊ, भोलि जाऊ - जाऊ,

लाग्यो बरिका दिदै

### ४.१.२.३. सामाजिक विषयवस्तुमा आधारित मारुनी नृत्यगीत

यहाँको मारुनी नृत्यगीतमा सामाजिक जीवन, अवस्था, परिस्थिति आदिसँग सम्बन्धित गीतहरू गाउँने गरिन्छ । यसका अतिरिक्त वर्गीय विभेद, जाति, धर्म, संस्कृति आदिसँग सम्बन्धित गीतहरू पनि यहाँको मारुनी नृत्यगीतमा गाउने गरिन्छ । यी विभिन्न वस्तुसँग सम्बन्धित गीतमा कुनै घट्ना वा

वस्तुको क्रमिक वर्णन भने पाइँदैन् । त्यसैले यी गीतहरू स्वतन्त्र रूपमा मारुनी नृत्यगीतको मध्यचरणमा गाउने गरिन्छ । यस्ता यहाँ गाइने केही गीतको नमुना यसप्रकार छन् -

हाऽऽऽ हाऽऽऽ हाऽऽऽ

दौडीमा - दौडी जाँदा

है पछ्यौरीमा लाग्यो मैलो

धोइदेउन है धोबिना

के-को रङ्गै लाग्यो मलाई

हा ऽऽ है धोइदेउन धोबिना

है रानी रङ्गै लाग्यो मलाई -२

तारिदेऊन तरिदेऊ, घटुवारे दाजु

शिरैकेरे पछ्यौंरीत

मै खेवै बुझाउँला

दिदै खेवै बुझाउँला

हा ऽऽ है सक्दिन म त

गोपेनी नानी उर्लिन्दो मेलैमा,

हो जल पुग्यो दोभान

(स्रोतः माइतराज राई र मइमन राई नेचावेदघारी - १)

### ४.१.३. क्षेत्रगत अध्ययनमा आधारित मारुनी नृत्यगीत

दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा बसोबास गर्ने राई जातिमा प्रचलित मारुनी नृत्यगीतको स्थलगत अध्ययन गरी केही प्रमुख स्थानको मारुनी गीतलाई यहाँ प्रस्तुत गरिएको छ । समग्र मारुनी नृत्यगीतको अध्ययन, अनुसन्धान न्यून भएको अवस्थामा यहाँको मारुनी नृत्यको अध्ययन-अनुसन्धान पनि प्रायः शून्य नै देखिन्छ । यसै सन्दर्भमा गरिएको यस अध्ययनले केही टेवा पुग्ने अपेक्षा गरिएको छ। यस क्षेत्रका विभिन्न स्थानहरूको स्थलगत अध्ययन गरी सङ्कलन गरिएका प्रत्येक ठाउँका सामग्रीहरूलाई यहाँ छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२ कुइभीर गा.वि.स.को मारुनी नृत्यगीत

दुधकोसी क्षेत्र अन्तर्गत पर्ने कुइभीर गा. वि.स सगरमाथा अञ्चल, ओखल्ढुङ्गा जिल्लाको पूर्वी भेगमा पर्दछ । यहाँ बसोबास गर्ने राई जातिमा प्रचलित विभिन्न नृत्यगीतहरू मध्ये प्रमुख र लोक प्रिय

नाच मारुनी नृत्यगीत हो । यहाँ प्रस्तुत गरिने यो नाच आनुष्ठानिक विधिविधानमा आधारित छ । यसमा अवलम्बन गरिने विधिविधान सम्बन्धी सम्पूर्ण कार्यको जानकारी यस शोध पत्रको तेस्रो परिच्छेदमा नै गरिएको हुँदा यहाँ भने नाचको मध्यचरणमा गाइने मूल गीतहरूलाई सङ्कलन गरी प्रस्तुत गरिएको छ ।

**ख्याली गीतहरू :**

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी वारिपारि

मजुरले गुँडै लाएको

हो मजुरले गुँडै लाएको -२

हा ऽऽ है पाताली नानी

हिन्दै, डुल्दै माया लाएको -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हिमाल चुली कैलासैमा

काम र धेनु गाई

हो चारै र पाऊ सुनैले बाँधौ - २

हा ऽऽ है राम र रस मुराहली

गोकुलैमा कृष्णै बजाऔं - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी वारिपारि

जोरै घैला पानी

हो सपनीमा नुवाई हरर -२

हा ऽऽ है कौसीका मायी इन दुःख

ग्रह र दशा सबै हरर - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

रामै हो लछुमन वनबास

जाँदा बास बस्यो मधुवनैमा - २

हा ऽऽ है मधुराजा मुहानीले

घुमाई-घुमाई ल्यायो घरैमा - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

तीर्थै जाउँला वरतै लिउँला

गंगा र जाउँला नुवाउँला -२

हा ऽऽ है मागी देऊ है मलाई पनि

हो इन्द्रै लोक बैकुण्ठ बास - २

हा ऽऽऽ ह ऽऽऽ हा ऽऽऽ

तीनै सहर नेपालैमा

गुजुमुजे हात्ती

हो हात्तीमाथि राजा र रानी - २

हा ऽऽ है राजाको शिरैमा

झलक्क झल्कियो हिरामोती - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

तीनै सहर नेपालैमा

हो तीनै खुट्टे लिस्नो - २

हा ऽऽ है करनीले ठाटेको

ऐनाखोले झ्याल

हो के लेखिदियौं भावी

हा ऽऽ है इन दिन करमैको खेल - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी किनारैमा

हो केको लायौं पूजा - २

हा ऽऽ है बालुवामा हेर रगत

श्री कृष्ण भगुवान हो

हामी आउँछौं तिम्रै भगत -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी मेहनैमा जलपुर माछा

हो जलेवैले गाँची लग्यो - २

हा ऽऽहै जलेवैले होइन राजै

भगुवानले हरि लग्यो - २

हा ऽऽ है भातलाई पनि खावइन

हो के भयो बालालाई -२

हा ऽऽ है हेरिदेऊन धामी जैसी

हो के भयो मेरो बालालाई -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

बोली पनि जेमाको

हो वचनै पनि जेमाका

हा ऽऽ है नलैजाऊ जेमाराजै

हालहली हाम्रै जोभान - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी मेहनैमा

जोरै बस्यो राजाको हाँस

आइ र पुग्यो सोरसय

गोपेनी कृष्णको नाच

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

बाबा र ज्यूको दिउनलैमा (दलनै)

श्याम र कर्ण घोडा -२

मेरो लागि विजुलीको वान

हा ऽऽ है दिमाहलमा मातरी आमयी -२

दया र उचित लछिमी बत्ती, बलीको दान -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

आधी र माया गयिता गयौं  - २

आधी माया हामीलाई भयौं

हा ऽऽ है जो बोल्न त बोलन

आधी र माया हामीलाई भयौं - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

महामुन्डन डाँडैमा चोरी जारी

पिछा हो लियो रुम्जटार, हो टारैमा बास

हा ऽऽ है कठै मेरी सिउदासे तिम्रै मुक्ति

ठोड्नेखोला मङ्लैबार -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

रक्षामा गरुण सरस्वती  -२

मारीमा आउँछौं बैरीको देश

हा ऽऽ है छुपु-छुपु रोपनी

सपर सपी काटनी  -२

हो पलाम पावै रानीको खेत

हा ऽऽ है रक्षा है रक्षा सरस्वती

हो मारीमा आउँछौं वैरीको देश  -

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

एकैदिन जन्मियौं

एकै र दिन बढियौं (बढ्यो)

हा ऽऽ है एकै र दिन भयौं बरण  -२

सरस्वती माता हो

हामी परियौं तमु सरण  -२

(स्रोतः मूल मादले नौधनराई र पूर्वमारुनी अदमकुमार राई, कुइभीर -१)

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

राधाले गाना गाओइला

कृष्णजी बाजा बजाओइला

हो गोकुलैमा कृष्णको नाच -२

हा ऽऽ है हेर लोकपाँच हो गोकुलैमा

सोरसय गोपेनी कृष्णको नाच - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

खोलै र सुहायो मछेडुले (माछा)

हो खोलै रसुहायो मछेडुले

हा ऽऽ है बगरै सुहायो काम र धेनु गाई

हा ऽऽ है हामेरु दिदि राम्री थिइन

हो राम्री भो मलाई - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

खैतनी मलाई ओछ्याउने र विछेयाउने

मेरी दिदि जसुधा भयौं बिरानो

हा ऽऽ है हातैर भरि गहना पसरीभरि सिन्दुर

हो मलाई आज लिनै र आयौं

श्रीकृष्ण भगुवान हे,

निसिपैले जुरायल्यायौं -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी वारिपारि

कुसुमैको घारी हो

हा ऽऽ है लामो-लामो जिरी जैसो पात -२

बस-बस माया र बैना

म त जान्छु स्वामीकै साथ - २

(स्रोतः गीताङ्गे टुकराज राई, कुइभीर -१)

**विरहनी/ विलहनी गीत :-**

(मादलको ताल ढिलो

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हो दुधैकोसी मेहनैमा

हो शिवजी देउतैको थान

शिवजीको थानै माथि श्रीखण्ड फूल

दिदै हो सिरीखण्डफूल फुली गयो ढकरमक - २

हा ऽऽ है टिपूर भने पुगेन बाँहा (हात लम्काउनु)

मैचेली अभागी, करमै अभागी

हो निसिपै अभगी

हो मै चेली अभागी वारैन पार - ३

जेठी दिदि साथ है लियी

हा ऽऽ है कैँसै गरी उतारुङ्ला

यही नदी जाँगर -२

वारिजो गंगा पारिजो जमुना

बीच-बीच मेहनैमा कमलकी फूल

दिदै हो कमलकी फूल

फुली गयो ढकमक -२

हा ऽऽ है टिपूँर भने पुगेन अभागी

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

माइली बहिनी साथ है लियी

हा ऽऽ है कैँसै गरी उतारुङ्ला

यही नदी जाँगर -२

वारिजो गंगा पारिजो जमुना

बीच-बीच मेहनैमा हो गुजुमुजे फूल

दिदै हो गुजुमुजे फूल

फुली गयो ढकरमक -२

हा ऽऽ है टिपूँर भने पुगेन बोहा

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

साइली बहिनी साथ है लियी

हा ऽऽ है कैँसैगरी उतारुङ्ला

यही नदी जाँगर -२

वारिजो गंगा पारिजो जमुना

हा ऽऽहै बीच-बीच मेहनैमा साइहो पत्र फूल

दिदै हो साइहो पत्र फूल

फूली गयो ढकरमक -२

हा ऽऽ है टिपूँर भने पुगेन बाँहा

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

काइली बहिनी साथ है लियी

हा ऽऽ है कैंसै गरी उतारुङ्ला

यही नदी जाँगर -२

वारिजो गंगा पारिजो जमुना

हा ऽऽ है बीच-बीच मेहनैमा मखमली  फूल

दिदै हो मखमली  फूल

फुली गयो ढकरमक  -२

हा ऽऽ है टिपूँर भने पुगेन बाँहा

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

अन्तरी बहिनी साथ है लियी

हा ऽऽ है कैंसै गरी उतारुङ्ला

यही नदी जाँगर -२

वारि जो गंगा पारि जो जमुना

हा ऽऽ है बीच-बीच मेहनैमा हो साइहो रङ्ग फूल

दिदै हो मखमली फूल

फुली गयो ढक र मक  -२

हा ऽऽ है टिपुँर भने पुगेन बोहा

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

जन्तरी बहिनी साथ है लियी

हाऽऽ है कैंसै गरी उतारुङ्ला

यही नदी जाँगर -२

वारिजो गंगा पारिजो जमुना

हाऽऽ है बीच-बीच मेहनैमा हो बाबरी फूल

दिदै हो बाबरी फूल

फुली गयो ढकरमक -२

हा ऽऽ है टिपूँर भने पुगेन बाँहा

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

कान्छी बहिनी साथ है लियी

हा ऽऽ है कैँसै गरी उतारुङ्ला

यही नदी जाँगर -२

वारिजो गंगा पारिजो जमुना

बीच-बीच मेहनैमा हो गोदावरी फूल

दिदै हो गोदावरी फूल

फुली गयो ढकरमक -२

हा ऽऽ है टिपूँर भने पुगेन बाँहा

मै चेली अभागी, करमै अभागी

हो निसिपै अभागी

हो मै चेली अभागी वारै न पार - ३

हा ऽऽ है सात र बैनी

दिदी हो बैनी धूप र धिप

कलशैसँग उतारुङ्ला

यही नदी जाँगार - २

(मादलको ताल छिटो त्यसपछि ढिलो)

डाँडा होइन परीको साइपत्र विरुवा

लहैत लहै डाँडावरीको मगमग

फूल बासुना (बासना)

साइपत्र फूलमा तेर जुर मौरी

ल हैत लहै तेर जुर खाएछ

हरिणी पापीले -२

निदाराको बेलामा गुँदलीमा थियो

लहैत लहै त्यसैमा बेला

खाएछ हरिणी पापीले - २

डाँडा होइन परीको बावरी विरुवा

ल हैत लहै डाँडैन वरिको

मगमग फूल बासुना

बाबरी फूलमा तेर जुर मौरी

ल है त लहै तेर जुर

खाएछ हरिणी पापीले -२

निदाराको बेलामा गुँदलीमा थियो

त है त लहै त्यसैमा बेला खाएछ

हरिणी पापीले - २

डाँडा होइन परिको मखमली विरुवा

मखमली फूलमा तेर जुर मौरी ल है त लहै तेर जुर

खाएछ हरिणी पापीले - २

निदाराको बेलामा गुँदलीमा थियो

ल है त लहै त्यसैमा बेला

खाएछ हरिणी पापीले - २

डाँडा - डाँडा जाउँला, खरी घाँस खाउला

खोला-खोला जाउँला, चिसो पानी खाउँला

लहैत लहै त्यसैमा बेला, हरिनाथको शिकार

शिकारपछि भएछ रक्त पोखरी

उधोमा जाँदा देखेथे मैले (मादलको ताल ढिलो)

हा ऽऽहै वर-पीपल गाँची, सीताले लाएको

दिदै रामैले बारेको -२

हाऽऽ है उभो जो फिरि आउँदामा खेरी

भैगयो चौतारी, है बनियो चौतारी - २

हा ऽऽ है चारैकुने चौतारी माथि

होम जग्गे लाएको दिदै, होम जग्गे लाएको

हो ब्रह्मज्यू बसेको दिदै

हा ऽऽ है चारैकुने चौतारीमाथि

होम जग्गे लाएको -२

आकाशैमा हेरुङ्ग है, झिलिमिली तार

हा ऽऽहै उधो हेरुङ्ग नि दिदै कालीनिर

है काली-काली निर -२

हा ऽऽ है वैराङ्गीलाई दिदै चल्यो बिरह

सुनैको काङ्गीयो हो मालिङ्गोकी थाकरी

हा ऽऽ है कोरी देउन बाटी देउन, यो मेरो लाछीकेश

दिदी मेरी जसुधा

हा ऽऽ है यो सिलङ्गीको

फूलै टिपी माथ भराइदेऊ

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

मट्टिकै सिरानी मट्टिकै ओछ्यान

हङ्सैरउडी इनद्रसन पुग्यो

जीऊ भिज्यो मट्टिमा

जबछु इन्द्रलोकैमा नभिजुङ् नरलोकैमा

हा ऽऽ ह कौनै दिन भेट होला, जुराइदेऊ हजुर -२

सुन्तलाको गौचीमुनि

आज त मेरो डेरा, काली भुमरो

काली-काली भुँमरो - २

लहय चल्यो विकार, भिज्यो निधार

हो ऐसेलुको झाडैमुनि हात मियो निर

हो काली भुँमरो, हो काली भुँमरो

हा ऽऽ है लहय चल्यो बिकार, भिज्यो निधार

हो ज्याम्बीरैको गाँचीमूनि

आजत मेरो डेरा, काली भूँमरो

काली-काली भूँमरो -२

हा ऽऽ है लहय चल्यो विकार, भिज्यो निधार -२

हो सङ्खत्रकी गाँचीमूनि

आज त मेरो डेरा काली भुँमरो

काली-काली भुँमरो -२

हा ऽऽ है लहय चल्यो बिकार

है भिज्यो निधार

सीमली फुल्यो, गुहेली फूल्यो -२

टुप्पैमा लरिका दिदै

टुप्पैमा लरिका दिदै

हा ऽऽ है आज जाऊ-जाऊ

भोलि जाऊ-जाऊ

लाग्यो बरिका दिदै, लाग्यो बरिका

के ल्यायो भीमैराजा, के ल्यायो भीमैरानी

हा है सुनै र चाँदीको

ल्यायो है उज्यालो -२

जसको घरमा जोगीनी आयो

उसको घरमा लछिमी बस्यो

लछिमीको आँगनैमा कैंस सुवायो

दिदै है कैंस सुवायो

हा ऽऽ ऽ हा ऽऽ ऽ हा ऽऽ ऽ

उभै लेक के हेरि मालिङ्गोको

फेदैं काटी टुप्पै छासी बनाउला बिनायो

बिनायोको सवतैले मन तिम्रो रुवाउला

उधो है मधेश जाँदाखेरी कोपी बाँस

फेदै है काटी टुप्पै छासी बनाउला बाँसुरी

बाँसुरीको सवतैले मन तिम्रै रुवाउँला

एकैदिनको पिरतीले बर्षदिन रुवाउला

हा ऽऽ ऽ हा ऽऽऽ हा ऽऽ ऽ

खै मलाई ओछ्याउने भोटैको काम्लो

खै मलाई निरह सिरानी

बिरहसे पापेनी दिनदिनै, भइयो बिरहनी -२

हाऽऽहै चम्पैरासि डालीमा बस्यो मैना

रुन्छ बरी च्याइच्वाइ -२

एकहरे महिना दुहरे मासां

ल है त ल है मधुको रानी गरभवती भएछ -२

दुइहरे महिना तीनहरे मासा

ल है त ल है मधुको रानी गरभवती भएछ -२

तीनहरे महिना चारहरे मासा

ल है त ल है मधुको रानी गरभवती भएछ -२

चारहरे महिना छहरे मासा

ल है त लहै मधुको रानी गरभवती भएछ

पाँच हरे महिना छहरे मासा

ल है त ल है मधुको रानी गरभवती भएछ -२

छहरे महिना सातहरे मास

लहै त ल है मधुको रानी गरभवती भएछ -२

सातहरे महिना आठहरे मासा

ल है त लहै  मधुको रानी गरभवती भएछ -२

आठ हरे महिना नवहरे मासा

लहै त ल है मधुको रानी गरभवती भएछ -२

नवहरे हरे महिना दशहरे मासा

ल है त लहै मधुको रानी गरभवती भएछ

दशहरे महिना दश हरर मासा

लहै त ल है मधुको रानी गरभवती पैदा पो भएछ -२

(बच्चा पैदा भएपछि मधुको रानी सुँधेनी हुन्छ)

मैनैले खोपेको रानी वरपीपलु

किन खोप्यो मैना बिस्नु-बिस्नु

सुँघ र सुघेनी बच्चै हुर्काउनु भनेर -२

**चुड्की गीतः -** (मादलको ताल छिटो)

के- के टिप्ने हो रेशम -२

भूँइमा केही छैन के-के टिप्ने हो

यता नहेर उता नहेर

रेशम घरबेटीलाई हेर -२

फूल टिपी माथ भराइ

पैसा मागी ल्याऊ रेशम

मदेशैको दामेरैमा लाग्यो तुँवालो

पैसा मागी ल्याइस भने लाउलिस खाँलो

रेशम लाउलिस प्वाँलो - २

गुडी-गुडी, ढोगी-ढोगी

पैसा मागी ल्याऊ रेशम

पैसा मागी ल्याऊ रेशम

मारुनाको सारी, चोला जोखे हमाली

रेशम जोखे हमाली

खेती छैन, किसान छैन यही छ धमाली

रेशम यही छ धमाली -२

नाम्जेबाट घुमी झऱ्यो

पुग्यो इलाम रेशम

थैली खोली पैसा दिन के को विलाम

रेशम के को विलाम

जन्तरैको उकालीमा लाली केसरी

रेशम लाली केसरी

जति नाच्यो उत्ति दिन्छन्

नाच बेसरी रेशम, नाच बेसरी

बारुले कम्बर मर्कायी-मर्कायी

पितले भूँडी फर्कायी -फर्कायी

पैसा मागी ल्याऊ रेशम -२

पारी भित्ता पोखरीमा पानी रसायो

थैली खोली पैसा दिने बानी बसायो

रेशम बानी बसायो -२

झुर्के - मुर्के फलामैको बाँकी करिदो

रेशम बाँकी करिदो

थैली खोली पैसा दिने उही हो मरिदो

रेशम उही हो मरिदो -२

**गर्रा गीतः** - (मादलको ताल छिटो)

लौरीत लौरी वेदै काटी लौरी

हो वेदै काटी लौरी

हा ऽ है हामी जान्छौ डुङ्गै तरि

ल है त ल है तिमी आउ है पौरी

ऐसेलुको झाङ्मूनि

कति चिसो पानी, हो कति चिसो पानी

सिन्दुर माथि गाँजलु लाउँने

ल है त ल है छैन हाम्रो बानी

**समला गीत**

झलमल कौकरीको, तिहुन खाने करेला

पाँचकन्ने हाकी-हाकी

आँखा झिम्काइ ल्याउने परेला

हा ऽऽ है त्रिसुल गंगा बाडी आयो, हो बाडी आयो

छेव लाग्यो घेवा, हो छेव लाग्यो घेवा

थाकरी काङ्गीयो माइती रहयो

चुल्ठि रहयो पेवा, हो चुल्ठि रहयो पेवा

(माथि उल्लिखित गीतहरू गाइसकेपछि आशिष दिने कार्य सम्पन्न हुन्छ । त्यसपछि मारुनी नृत्यगीतको मध्यचरण समाप्त हुन्छ ।)

## ४.३. नेचावेद्घारी गा.वि.स. को मारुनी नृत्यगीत

दुधकोसीक्षेत्र अन्तरगत पर्ने यो गा.वि.स. सगरमाथा अञ्चल सोलुखुम्बू जिल्लाको दक्षिण भेग सोलुखोला र दुधकोसीको दोभान भन्दा केही माथि अवस्थित छ । यहाँ बासेबास गर्ने राई समुदायमा प्रचलित मारुनी नृत्यगीत अन्य विभिन्न नाचहरू भन्दा लोकप्रिय एवम् प्रसिद्ध नाच हो । यो विधिविधान युक्त नाच हो । यसमा अवलम्बन गरिने विधि विधान सम्बन्धी जानकारी यस शोधपत्रको तेस्रो परिच्छेदमा गरिएको हुँदा यहाँ चाहिँ स्थलगत अध्ययन गरी सङ्कलन गरिएका नाचको मध्यचरणमा गाइने मूल गीतहरूलाई प्रस्तुत गरिएको छ । यहाँ यस गा.वि.स को वडा नं १ र ९ को मारुनी नृत्यगीतलाई प्रस्तुत गरिएको छ ।

**ख्यालीगीतहरू**

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हिमालचुली पल्लोपट्टि काम र धेनु गाई -२

हो कैलाशमा चरणैमा छ

रक्षा गरिदेऊ सरस्वती

हो हामु भाइ खेलनैमा छ -२

जय गर सरस्वती हो

हो हामु भाइ खेलनैमा छ -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हिमालचुली पल्लोपट्टि, जारै जोर पोखरी -२

हा ऽऽ है खेलिरहयो जोरै रजहाँस

हेर-हेर आमयी बाबै आइ र पुग्यो

सोरसय गोपेनीको नाच

देखोन र दुँनिया आइपुग्यो

रमाइलो लाग्दो कृष्णजीकोनाच -२

हो गोकुलैमा कृष्णजीको नाच -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

इटाकी गारो हो झिगटीको छानो -२

हा है हेर राजै ऐना खोली झ्याल

के गरौं आमै -बाबै

आफ्नै भावी हो करमैको खेल -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हात्तीमाथि माउते माउते माथि छाता

हो छातामाथि झुलुमुले घाम -२

हा है सती जाने सतीवान्ते

हो सती जाने बेलैमा बोलेन राम -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी किनारैमा

हो के को पूजा लायौं

हा ऽऽ है रगतैको होइन राजै

हो आँसुले भिज्यो पछ्यौंरी  -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

तीनै सहर नेपालैमा

किन्धारा-किन्धारा केटी

कोही आमा छोडी बाबा छोडी -२

होसै आयो स्वामी राजै

हो तमारे मायाले घुमाइ ल्यायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधकोसी वारिपारि कुसुमैको घारी

हो मजुरैले गुँड लायो -२

हा है पाताली नानी

हिन्दै रङुन्दै माया लायौं

हा है हिन्दै र डुल्दै माया लायौं

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हातैमा गुलेसी काधैमा

जाबी हो चल्यो भाइ

शिकारैमा हो रानी वनैमा

रानी चरी वनैमा है -२

लहरी छुट्यो मेरो मनैमा -२

ह ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लङ्कैबाट रावणैले रथहाकी ल्यायो

हो सीता रानी हरणै भनेर -२

हा ऽऽ है हरि लग्यो हो सीता रानी

हो ब्रह्मचारी जोगी भएर -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

माता र पिता हो कति लायौं भार

हो दशधारा दुध पिएको -२

हो कि होइन सैब राजै

हो परधाम सोध नै जाऊ

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

के ले बाँधौ जलेवा

हो के ले बाँधौ मलेवा

हो के ले बाँधौ रानी सुकुमा

हा है रानी चरी सुकुमा है

पिँजडीमा बैंस गुमायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हामुले घोडी ल्याओइन

तमुले हात्ती देओइन

जो सकेसम्मको दिहाल दान

बिदा देऊ है विधाता

पाऊ बिदा मागी म जान्छु -२

(स्रोत : सार्खीधन राई र हरिमाया राई नेचावेदधारी -९)

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

छुपुछुपु रोपन सप र सप काटन -२

हो पलाम पाते रानीकै खेत

फाटी देऊ है काली बाँदल

म हेरि जान्छु माइतीकै देश -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

रामको दुधको साँघु थाप्यो

समुन्द्रको घाटैमा -२

हो पापी रावण मारनै भनेर -२

मर्ने भयौं पापी रावण

हो अब तिमी रामको हातैमा -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकुण्डो महाकुण्डो, जारै जोर पोखरी -२

हो जोरै धारा धरर

कौसीका मायी हो इन-इन

बालालाई नुहाइ हरर

हो इन-इन बालालाई नुहाइ हरर-२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हामारे माग्ने होओइन

तमारे बोली देओइन

हो सखी सकेसम्म दिहाल दान -२

बिदा देऊ है आमयी बाबै

पाऊ बिदा मागी म जान्छु

बिदा मागी म जान्छु -२

हा ऽऽऽ हाऽऽऽ हा ऽऽऽ

हो गंगा र जलै ल्याइदिउला

हो तुलसालाई पानी चढाइ जाउला

इन दिनको ग्रह र दशा सबै हरर -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधकोसी मायी हो सुनकोसी मायी

हो बेनीमा पऱ्यो दोभान - २

पाताली नानी तिमी बिना

हो रहयो जोभान -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

पूरवै दिशा मारुना पश्चिमै दिशा मादले

हो कव दिन होइजाला भेट

नरौंउ सानो मारुना

समयमा होइजाला भेट -२

(स्रोतः मूलमादले माइत राज राई र भइमन राई नेचावेदधारी -१सिरानटोल)

**विरहनी /विलहनी गीत :-**

पूरवै बाट आउला, जोगी बैठ आँगन -२

हा ऽहै बाबा र ज्यूको आँगनैमा अलग्गा जगाऊ

हो अलग्गा जगाऊ

हा ऽऽहै बाबार ज्यूको आँगनैमा सिंगारु डुलाऊ

है सिंगारु डुलाऊ

के मागौला जोगी के भागौला

राजैको दरवारैमा धुनी लगाऊ

है जोगी धुनी लगाऊ

ह ऽऽ है शंङ्ख बजाऊ जोगी -२

हाऽऽ है पाँच कन्याको भिग मागौला -२

हा ऽऽहै बैरागी जोगीलाई दिइहाल दान

हा ऽऽ है दिइहाल भीग मायी -२

हा ऽऽ है बोलीले बाँधौला लालारसै जोभान

हो बचनैले बाँधुङ्ला लालरसै जोभान

हो वचनैले बाँधुङ्ला यही लाली जोभान

हा ऽऽ है माया र मोहनी लायी रहौंला

यही लाली जोभान - २

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दियो बल्यो रामै राम

जन बल्यो रामै राम

म त्यसै जमुना तिरीजली रामैराम -२

डाँडा होइन परीको मखमली विरुवा

हे लै बरिको लै लै ओ मगमग बासुना

डाँडा होइन परीको साइपत्र विरुवा

हे लै बरिको लै लै ओ मगमग बासुना

डाँडा होइन परीको बाबरी विरुवा

हे लै बरिको लै लै ओ मगमग बासुना

डाँडा होइन परीको गोदावरी विरुवा

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दियो बल्यो रामै राम

जन बल्यो रामै राम

म त्यसै जमुना तिरीजुली रामैराम

डाँडा-डाँडा जाउली, खरु घाँस खाउली

खोला-खोला जाउली, चिसो पानी खाली

ए लै बरिओ गरभेना हरिणा

हरिणाको शिरैमा रक्तको पोखरी

दियो बल्यो रामै-राम

जन बल्यो रामै-राम

म त्यसै जमुना तिरीजुली रामै-रामै

(स्रोत : मूलमादले सार्खीधन राई नेचा वेदघारी -९)

हा ऽऽ है उधोमा जाँदा देखेथे मैले

साइ हो रङ्ग विरुवा

हा ऽऽ है उभोमा फिर्दा भएछ

दिदै रानी कोपिला

हा ऽऽ है फूलकी जोभान बारम्बार आउँछ

जनमा एकैबार -२

दिदै जनमा एकैबार

यो फूलै फुलाउला हो -२

हा ऽऽहै टिपीमा राखे सुकिमा जाला

हा ऽऽ है पानीमा छम्के कुहिमा जाला -२

हा ऽऽ है हामारे माइती फर्कि आउँला

दोहोरी फूलनी फुलिमा रहला

हो यो फूलै फुलाउला - २

हा है फूलकी जोभान बारम्बार रहला

जनमै एकैबारी -२

दिदै जनमै एकैबारी

हा ऽऽ है लेकै जाउला मालिङ्गो ल्याउला

फेदै काटी टुप्पै छासी बनाउला बाँसुरी

दिदै बनाउला बाँसुरी

बाँसुरीको सवतैले थरथरी रुवाउला

दिदै थरथरी रुवाउला

हा ऽऽ है लेकै जाउला मालिङ्गो ल्याउला

केदै काटी टुप्पै छासी बनाउला बिनायो

दिदै बनाउला बिनायो

बिनायोको सबैले धरधरी रुवाउला

दिदै धरधरी रुवाउला

हा ऽऽहै एकैदिन पिरतीले

वर्ष दिन रुवाउला दिदै

बर्षदिन रुवाउला दिदै

हा ऽऽ है नाम्जेबाट चहरी झप्यो

हो डाली नुहायो

हा ऽऽ है विरहले मातेको चेलीलाई

कसले रुवायो दिदै -२

हा ऽऽ है पाकी गयो अम्बाकी दाना

डाली नुहायो दिदै  -२

पिरतीले मातेकी चेलीलाई

कसले रुवायो दिदै -२

दियो बल्यो रामै राम

जन बल्यो रामै राम

म त्यसै जमुना तिरीजुली रामैराम

यतिका आनागा खेलैमा गर्दछौं

ए लै बरि हो लै ले ओ फेरि आहोइन

आमा र बाबाले दिएको ठाममा

ए लै बरि हो लै लै ओ फेरि आहोइना

दियो बल्यो रामै-राम

जन बल्यो रामै- राम

म त्यसै जमुना तिरीजुली रामै-राम

शिरैमा केरे हो सिन्दुर बाबा

नाकैमा केरे हो नकिया बाबा

एलै बरि हो लै लै ओ म त ला ओइन

हो. ओ म त लाओइन

आमा र बाबाले दिएको ठाममा

म त जाओइन -२

ए लै बरि हो मत जाओइन

कानैमा केरे हो कुण्डल बाबा

गलैमा केरे हो पटना बाबा

हो मत लाओइन

ए लै बरि हो लै लै हो म त लाओइन

आङै केरे हो चोलिया बाबा

पाबै केरे हो सारिया बाबा

हो म त लाओइन

ए लै बरि हो म त लाओइन

कम्बरै केरे हो पटुका बाबा

शिरै केरे हो पछ्यौरी बाबा

हो म त लाओइन

ए लै बरि हो लै लै ओ मत लाओइन

दियो बल्यो रामै-राम

जन बल्यो रामै-राम

म त्यसै जमुना तिरीजुली रामै-राम

(स्रोत : छविलाला राई र चन्द्रबहादुर राई नेचावेदधारी -१, पुच्छर टोल)

वारि जो गंगा, पारि जो जमुना

हा ऽऽ है माझै र भेलैमा

यो कमलकी फूल टिपी ल्याऊँ भने पुग्दैन बाँहा

हा ऽऽ है मै हुँ चेली अभागीनी वारै न पार -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

तारिदेऊ न तारिदेऊ, घटुवारे दाज्यु

शिरै केरे पछ्यौरी त मै खेवै बुझाउला

दिदै मै खेवै बुझाउला

सक्दिन म त गोपेनी नानी

उर्लिन्दो भेलैमा, जल पुग्यो दोभान

तारिदेऊ न तारिदेऊ, घटुवारे दाजु

कानै केरे कुण्डलत

मै खेवै बुझाउला

दिदै मै खेवै बुझाउला

हा ऽऽ है सक्दिन मत गोपेनी नानी

उलिन्दो भेलैमा, जल पुग्यो दोभान -२

तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

गलै केरे पटना त मै खेवै बुझाउला

दिदै खेवै बुझाउला

हा ऽऽ है सक्दिन मत गोपेनी नानी

उर्लिन्दो भेलैमा, जलपुग्यो दोभान -२

तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

हातै केरे चुरिया त मै खेवै बुझाउला

दिदै मै खेवै बुझाउला

हा ऽऽ है सक्दिन मत गोपेनी नानी

उर्लिन्दो भेलैमा, जलपुग्यो दोभान -२

तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

कम्बरै केरे पटुका त मै खेवै बुझाउला

दिदै मै खेवै बुझाउला

हा ऽऽ है सक्दिन मत गोपेनी नानी

उर्लिन्दो भेलैमा, जलपुग्यो दोभान -२

तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

पावै केरे सारिया त मै खेवै बुझाउला

दिदै मै खेवै बुझाउला

हा ऽऽ है सक्दिन मत गोपेनी नानी

उर्लिन्दो भेलैमा, जलपुग्यो दोभान -२

तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

कानै केरे कुण्डल  त मै खेवै बुझाउला

दिदै मै खेवै बुझाउला

हा ऽऽ है सक्दिन मत गोपेनी नानी

उर्लिन्दो भेलैमा, जलपुग्यो दोभान -२

मायाले बाधुङ्ला, पिरतीले बाधुङ्ला

हो यो बोली बचन -२

स्रोतः माइतराज राई र भइमनराई नेचावेदघारी -१, पुर्के सिरान टोल)

**चूड्की गीत :-**

के-के टिप्ने हो रेशम -२

फूल टिपी शिर भराइदेऊ

रेशम माथ भराइदेऊ

पैसा मागी ल्याऊ

रेशम पैसा मागी ल्याऊ

पारी भित्ता पोखरीमा

पानी रसायो रेशम

पानी रसायो

बालैमा पैसा दिने

बानी बसायो रेशम

बानी बसायो

आयो नुवायो रेशम

आयो नुवायो

बालैमा पैसा झप्यो

सारै सुवायो रेशम

सारै सुवायो

(स्रोतः- सार्खीधन राई नेचावेदघारी -९ पूरानोखानी गाउँ)

**गर्रा गीतः-**

छपनीमा छानी -छानी

डबकीमा हानी-हानी

मातेको मीत आमयी

घ्यामपैको निगारैले

चयनपुरको उकालै उकालो

पानी तिर्खै लाग्यो -२

पधेरीमा पानी छैन

पाताहाली नानी -२

आँखा गाँजलु सिन्दुर

लाउने बानी छैन

हो लाउने बानी छैन -२

(स्रोत :- छविलाल राई र चन्द्रबहादुर राई नेचावेदघारी -१, पुच्छारटोल)

माथि उल्लिखित गीतहरू गाइसकेपछि नाचारीहरूले आशिक दिने गर्दछन् र मारुनी नृत्यगीतको मध्यचरण सकिन्छ ।

## ४.४. नेचाबतासे गा.वि.स.को मारुनी नृत्यगीत

यो गा.वि.स. नेचा वेदघारी सँगै जोडिठएको गा.वि.स हो । यस गा.वि.स. मा बसोबास गर्ने बाहिङ राई समुदायमा प्रचलित मारुनी नृत्यगीतलाई सङ्कलन गरिएको छ । यहाँ मारुनी नृत्यगीत प्रस्तुत गरिदा अपनाइने विधि विधान सम्बन्धी जानकारी भने यस शोधपत्रको तेस्रो परिच्छेदमा गरिसकिएको छ । यहाँ चाहिँ नाचको मध्यचरण गाइने मूल गीतहरूलाई निम्नानुसार राखिएको छ ।

**ख्यालीगीतहरूः-**

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लालीमा रस जोभानता

हा ऽऽ है सुर्जेलाई चढाऔं है

यही रजमति फूल

दिदै यही रजमति फूल

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हात्तीमाथि गाउने माउनेमाथि छाता

हो छातामाथि झुलुमुले घाम -२

हा है सती जाने सती बान्ते

हो सती जाने बेलैमा बोलेन राम -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी किनारैमा

हो के को पूजा लायौं

हो रगतैले भिज्यो बालुवा

हा है रगतैले होइन राजै

आँसुले भिज्यो चोलिया -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैंकोसी वारिपारि, कुसुमैको घारी -२

हो लामे -लामे, चिराइ जैसो पात -२

रणै जीति आयौं राजै

हाँसी खुसी मारिमा जाउला बात -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

छुपुछुपु रोपौला है

सपर सपी काटौंला

हो पलामपुरे रानी मायीको खेत -२

हा  ऽऽ है काँटी देउन बाँदलु

म त हेर्छु माइतीको देश -२

**(विरहनी गीत) मादलको ताल ढिलो**

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

है उधै जाँदा देखेथे मैले

मखमली विरुवा -२

हा है फिरी आउँदा दिदै -२

भएछ रानी कोपिला

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

है उधै जाँदा देखेथे मैले

बावरी विरुवा -२

हा है फिरी आउँदा दिदै -२

भएछ रानी कोपिला

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

पाकीमा गयो आँपकी दाना

डाली नुहायो, दिदै डाली नुहायो

हा ऽऽ है विरहले मातेकी चेलीलाई

कसले रुवायो, दिदै कसले रुवायो -२

हा ऽऽ है पाकीमा गयो अम्बाकी दाना

डाली बुहायो दिदै -२

हा ऽऽ है विरहले मातेकी चेलीलाई

कसले रुवायो दिदै कसले रुवायो

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

बारीको छेउ छेउ नेवली चरी **(पहिले छिटो त्यसपछि ढिलो मादलको ताल)**

हा ऽऽ है नरुयी बस नेवलीचरी

मनपो रुवायो, दिदै मनपो रुवायो ।

हा ऽऽ है मारुनालाई सिन्दुर पटना,

पछ्यौरीले बल्ल पो सुवायो ।

दिदै बल्लपो सुवायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

थालैभरि अक्षतु लेऊ चेली जसुधा

हा ऽऽ है बरिओ लै लै शिवलाई

चढाइ जाउला पुजाइ जाउला -२

थालैभरि अक्षलु लेऊ चेली जसुधा

हा ऽऽ है बरिओ लै लै कृष्णलाई

चढाइ जाउला हो पुजाइ जाउला -२

थालैभरि अक्षतुलेऊ चेली जसुधा

हा ऽऽ है बरिओ लै लै रामलाई

चढाइ जाउला हो पूजाइ जाउला -२

डाँडा डाँडा जाउला, खरु घाँस खाउला

खोला-खोला जाउला, चिसो पानी खाउला

हा ऽऽ है बरि लै लै गरमेना हरिना

हरिणाको शिरैमा रक्तको पोखरी

डाँडा होइन पारीको मखमली विरुवा

हा ऽऽ है बरि लै लै डाँडा वरि बासुला -२

डाँडा होइन पारी साइपत्र विरुवा

हा ऽऽ है बरि लै लै डाँडा वरि बासुना -२

डाँडा होइन पारीको गादावरी विरुवा

हा ऽऽ है बरिलै लै डाँडा वरि बासुना -२

(स्रोतः- मूलमादलेहरू जागिरमन राई र रुद्रबहादुर राई नेचावतासे -३, सेपुलुङ)

## ४.५. पञ्चन गा.वि.स. को मारुनी नृत्यगीत

दुधकोसी क्षेत्र अन्तर्गत पर्ने यो गा.वि.स. सगरमाथा अञ्चल सोलुखुम्बु जिल्लाको दक्षिण भेगमा अवस्थित छ । यस ठाउँमा बसोबास गर्ने थुलुङराई जातिमा प्रचलित मारुनी नृत्यगीतलाई सङ्कलन गरी यहाँ प्रस्तुत गरिएको छ । मारुनी नृत्यगीत एक विधिविधानयुक्त नाच हो । यहाँ मारुनी नृत्यगीत प्रस्तुत

गर्दा अपनाइने विधि सम्बन्धी कार्यको जानकारी भने यस शोधपत्रको तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ भने मारुनी नृत्यगीतको मध्यचरणमा गाइने मूल गीतहरू प्रस्तुत गरीएको छ ।

**विरहनी गीतः-**

वारिजो गंगा पारिजो जमुना

हा ऽऽ है माझै र मेलैमा है शिवजीको थान

है शिवजीको थान -२

है शिवजीको थानैमाथि

है कमलकी फूल

फूलि गयो दिदै ढकमक नी -२

हा ऽऽ है टिपुर भने पुगेन बाँहा

करमै अभागी निसिपै अभागी

हा ऽऽ है मै चेली अभागी वारैको वार -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

है आँगनैमा मुढो लियी दिदै

बजाओला मोरली -२

हा ऽऽ है मोरलीको सबतैले

म तिमीलाई रुवाओला -२

कित नी हँसाउला दिदै

कि त नी रुवाओला -२

हा ऽऽ है एकै छिनको पिरतीले

धरधरी रुवाओला -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लेकै जाँदा मालिङ्गो त फेदै

काटी टुप्पै छासी बनाउला बाँसुरी

हा ऽऽ है बाँसुरीको सवतैले

धरधरी रुवाओला -२

कि त नी हँसाउला दिदै

कि त नी रुवाओला

हा है वर्ष र दिनको पिरतीले

धरधरी रुवाओला -२

हा है मालिङ्गोको फेदै काटी

टुप्पै छासी बनाउला बिनायो

हा ऽऽ है बनाउला बिनायो

बिनायो को सबतैले

धरधरी रुवाओला -२

कि त नी हँसाउला दिदै

कि त नी रुवाओला

हा ऽऽ है एकैदिनको पिरतीले

वर्ष दिन रुवाओला -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

के ल्यायौं भीमैराजा, के ल्यायौ भीमैरानी

हा ऽऽ है सुनै र चाँदीको, भयो है उज्यालो

हा ऽऽ है भयौं है उज्यालो -२

हा ऽऽ है कुबोली बोल्दा हुन्छ

रसैको लागि मै भूल्नु मायाले

हा ऽऽ है लङ्कै जो मारि ल्याऔं

पलङ्कै जो मारि ल्याऔं

उही हो लछुमन -२

हा ऽऽ है पलङ्कै जो मारि

ल्याउने उही हो लछुमन -२

है ऽऽ साइपत्र फूलै फुल्यो

हा ऽऽ है महालङ्कैमा दिदै पहालङ्कैमा

टिपी ल्याऔं बासुना दिदै

यो शिर माथैमा दिदै

हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा ऽऽ है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

है मखमली  फूलै फूल्यो

हो महालङ्कैमा हो पहालङ्कैमा

बासुना टिपी लेऊ दिदै

यो शिर माथैमा-२

हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

है बाबरी फूलै फूल्यो

हो महालङ्कैमा हो पहालङ्कैमा

टिपी लेऊ बासुना दिदै, यो शिर माथैमा

हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा ऽऽ है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

है गादावरी  फूलै फुल्यो -२

हो महालङ्कैमा हो पहालङ्कैमा

टिपी लेऊ बासुना दिदै

यो शिर माथैमा दिदै -२

हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

हा हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

है बाबरी फूलै फुल्यो

हो महालङ्कैमा हो पहालङ्कैमा

टिपी लेऊ बासुना दिदै

यो शिर माथैमा-२

हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

है बाबरी फूलै फुल्यो

हो महालङ्कैमा हो पहालङ्कैमा

टिपी लेऊ बासुना दिदै

यो शिर माथैमा-२

हो मायाले बाधुङ्ला

लाला हो रसै जोभान

हा है यो पिरतीले बाधुङ्ला

यो बोली वचन -२

है बाबरी फूलै फुल्यो

हो महालङ्कैमा हो पहालङ्कैमा

टिपी लेऊ बासुना दिदै

यो शिर माथैमा-२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

उभोमा जाँदा देखेथे मैले

हा ऽ है साइ हो पत्र विरुवा

हा ऽऽ है उधोमा आउँदा भएछ कोपिला

दिदै भएछ कोपिला

फुलीमा गयो ढकरमक -२

हा ऽऽहै डाली हो भाँचौं सुकिमा जाला

हाऽऽहै पानीले छेपौं सुकिमा जाला

हा ऽऽ है हामारे स्वामी

दरदेशी होइमा रहोला

यो फूलै कोलाउला -२

दिँदै फूलै कोलाउला

हा है लेकै जाँदा देखेथे मैले

मखमली विरुवा -२

हा ऽऽ है उधोमा आउँदा भएछ कोपिला

दिदै भएछ कोपिला

फुलीमा गयो ढकमक -२

हा ऽऽ है डाली हो भाँचौं सुकिया जाला

पानीले छेपौं कुहिमा जाला

हा ऽऽ है हामारे स्वामी परदेशी

यो फूलै को लाउला

दिदै यो फूलै को लाउला

हा ऽऽ है उभोमा जाँदा देखेथे मैले

बाबरी विरुवा -२

हा ऽऽ है उधोमा आउँदा भएछ कोपिला

दिदै भएछ कोपिला

फुलीया गयो ढकरमक -२

हा ऽऽ है डालीमा भाचौं सुकिमा जाला

हा ऽऽ है पानीले छेपौं कुहिमा जाला

हा ऽऽ है हामारे स्वामी परदेशी

यो फूलै कोलाउला

दिदै यो फूलै कोलाउला

हा ऽऽ है जसलाई लाग्छ

फूलको माया उसैले लावोला -२

जसले उन्छ फूलको माला

उही चेली लावोला -२

हा ऽऽ है चम्पैरासि डालीमै बस्यो मैना

रुन्छ बरी च्वाँइच्वाँइ -२

एकहरे महिना दुवाहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

दुवाहरे महिना तीनहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

तीनहरे महिना चारहरेमासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

चारहरे महिना पाँचहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

पाँचहरे महिना छ हरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

छहरे महिना सातहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

सातहरे महिना आठहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

आठहरे महिना नवहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

नवहरे महिना दशहरे मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

दशहरे महिना दशाहरर मासा

ल है त ल है मधुको रानी, गरभवती भएछ -२

**ख्याली गीतः-**

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी तिरैमा हो

के को लायौं पूजा  - २

रगतैले बालुवा भिज्यो

रगतैले होइन सैब राजै

आँसुले चोलियो भिज्यो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

बजाउन बजाऊ मादलु त

तरि त तरि जाँगर -२

जुनदिन माया मट्टि र मुनि

उहि दिन माया मारौंला

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हो के ले बाधुङ्ला मलेवा

हो के ले बाधुङ्ला जलेवा

हा ऽऽ है के ले बाधुङ्ला लाली सुकुमार -२

पिंजडीमा बैंस गुमायो -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

आकाशैमा भिलीर मिली तारा

है धरतीमा परिगयो रात -२

हा है बस माया र बैना

म त जान्छु स्वामीकै साथ -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

हो रगतै लिउला तुलसालाई

चढाइ जाउला -२

मागी देऊ है तुलसा

इन्द्रैलोकमा बैकुण्ठबास होला

हो इन्द्रैलोकमा बैकुण्ठबास होला

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकोसी वारिपारि

हो कुसुमैको घारी

चिराइ जैसो लाम्मे-लाम्मेपात

रणै है जीति आइरपुग्यो

राजै मारौला बात

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दौडीमा -दौडी जाँदा

है पछयौंरीमा लाग्यो मैलो -२

धोइदेऊन है धोबिना

है के को रङ्गै लाग्यो मलाई

हा ऽऽ है धोइदेऊन धोवीना

है रानी रङ्गै लाग्यो मलाई -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

जीवै र बस्त्रै जेमाको

बोली र वचन नरलोकमा -२

न लैजाऊ है जेमा राजै

हल र हली हाम्रै जोभान

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

पूरवै देशको मादले

पश्चिमै देशको मारुना

है कवदिन भेट होला -२

नरोउन हैमारुनी समयमा -२

इनदिन भेटै होला -२

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुध पियौं दश धारा धरर

हो दुध पियौं दश धारा धरर

कौसीको मायी इन-दूख

(स्रोतः मूल मादलेहरू मानबहादुर राई, सेरबहादुर राई, अदलसिङ राई, बदलसिङ राई, किपालसिंह राई पञ्चन-९ रातो गाउँ)

**४.६. निष्कर्ष**

प्रस्तुत परिच्छेद दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा प्रचलित मारुनी नृत्यगीतको सङ्कलन र वर्गीकरणमा आधारित छ । व्यापक क्षेत्रमा फैलिएको मारुनी नृत्यगीतको अध्ययन, अनुसन्धान न्यून रहेको अवस्थामा यसक्षेत्रका विभिन्न स्थानहरूमा गई जानकार राख्ने व्यक्तिहरूबाट यहाँ प्रचलित मारुनी नृत्यगीतको सङ्कलन गरी यहाँ प्रस्तुत गरिएको छ । ती सङ्कलित सामग्रीहरूलाई प्रमुख तीन आधारमा

वर्गीकरण गर्ने प्रयास गरिएको छ । ती सङ्कलित सामग्रीहरूलाई प्रत्येक ठाउँको छुट्टाछुट्टै रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

यसरी नेपाली लोकसमाजको अमूल्य सम्पत्तिका रूपमा लोकप्रसिद्ध भएको मारुनी नृत्यगीत कुनै क्षेत्रमा नाटकीय स्वरूपमा प्रस्तुत गरिएको उल्लेख पाइन्छ भने यस क्षेत्रको मारुनी नृत्यगीत चाहि लोकनाचकै स्वरूपमा पाइन्छ । यसरी यस नाचले विभिन्न स्थान, क्षेत्र आदिमा छुट्टाछुट्टै रूपमा आफ्नो मौलिक पहिचान स्थापित गर्न सफल देखिन्छ ।

# पाँचौं - परिच्छेद

# नृत्यगीतको तत्त्वको आधारमा दुधकोसीक्षेत्रको मारुनी नृत्यगीतको विश्लेषण

## ५.१. परिचय

परापूर्वकालदेखि नै नेपली लोकसमाजमा प्रचलित हुँदै आएको मारुनी नृत्यगीत दुधकोसीक्षेत्रमा लोकप्रिय भएर रहेको छ । यहाँ बसोबास गर्ने राई जातिमा प्रचलित हुँदै आएको यो नाचको आफ्नै मौलिक पहिचान रहेको पाइन्छ । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा मुक्त एवम् स्वतन्त्र किसिमका विभिन्न विषय वस्तुहरूसँग सम्बन्धित गीतहरू गाउदै मारुनी शैलीमा नाच प्रस्तुत गर्ने गरिन्छ । यस प्रकारको मारुनी नृत्यगीतलाई मोतीलाल पराजुलीले मारुनी ख्याली भनी उल्लेख गरेका छन् । उनले यसलाई यसरी चिनाएका छन् -"दुई मारुनी, एक पुर्सुङ्गे (पुरुष पात्र), दुई मादले र एक ढटुवारे (कुनै ठाउँमा पात्रहरू घटी बढी हुन सक्दछन्) पात्रहरू समावेश भएको, सखी बाँध्ने र बन्धन फुकाउने गीत पनि गाइने र बीचमा मुक्त वा स्वतन्त्र झ्याउरे गीत वा दोहोरे गीत गाएर नाचिने नाचलाई मारुनी ख्याली नाच भनिन्छ ।"[४०] यहाँ प्रचलित मारुनी नृत्यगीतमा पनि माथि उल्लिखित पात्रहरू समावेश गरी सरस्वती जगाउने, बन्धन फुकाउने र बाँध्ने गीतहरू गाइनुका साथै नाचको मध्यचरणमा विरहनी, ख्याली, चुड्की आदि विभिन्न रागका गीतहरू गाउने गरिएको पाइन्छ ।

यस्ता गीतहरूमा भौगोलिक विकटताका कारण चेली, माइती घरमा जान नसकेको र तिहारपर्वमा आफ्नो माइतीलाई पवित्र फूलमालाले पुज्न नपाई दुःखित बनेको अवस्थाको वर्णन गरिएको सामाजिक विषयवस्तु झल्किने गीतहरू, पुराणमा वर्णित विभिन्न चरित्रहरूको जीवनगाथासँग सम्बन्धित गीतांशहरू तथा प्रकृतिमा सुगन्ध छर्दै फुलेको फूल एवम् खोलानालाहरू सुसाएको वर्णन गरिएका प्राकृतिक विषयवस्तुहरूसँग सम्बन्धित गीतहरू रहेका छन् । यसरी विभिन्न विषयवस्तुहरूसँग सम्बन्धित गीतहरू गाउँदै मारुनी शैलीमा नाच प्रस्तुत गरिने हुँदा यस किसिमको प्रस्तुतिलाई लोकनृत्यगीत भनी उल्लेख गरिएको पाइन्छ । हरेक विधालाई आ-आफ्नै सिद्धान्तका आधारमा अध्ययन, विश्लेषण गरिए झैं यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतलाई पनि यसैको सिद्धान्तको आधारमा व्याख्या विश्लेषण गर्न सकिन्छ । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यलाई यसैको सिद्धान्त अन्तर्गत पर्ने तत्त्वहरू विषयवस्तु/भाव,लय/भाका, स्थायी, अन्तरा र थेगो, अभिनय, सङ्गीत, शैली, रस, उद्देश्य र भाषाको आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

[४०] मोतीलाल पराजुली, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिका,** (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. १८१ ।

### ५.२. विषयवस्तु /भाव

दुधकोसी क्षेत्रका लोकगायकहरूले यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतको प्रमुख विषयवस्तु आफ्नै समाज र प्रकृतिलाई बनाएका छन् । यसका अतिरिक्त रामायण, महाभारत आदि जस्ता पौराणिक ग्रन्थमा वर्णित पात्रहरूको जीवनगाथालाई पनि विषयवस्तु बनाएको पाइन्छ । समाजमा घटेका विभिन्न घट्ना, परिस्थिति तथा प्रकृतिमा स्वतन्त्र रूपमा रहेका मनमोहक वस्तुहरूको आकर्षणले यहाँका लोक गायकहरूको अन्तस्करणलाई स्पर्श गरी प्रस्फुटन भएका सामाजिक तथा प्राकृतिक झलक दिने गीतहरूकै बाहुल्यता यहाँ पाइन्छ । यहाँ गाइने केही सामाजिक गीतहरूको नमुना यसप्रकार छ :-

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

शिरै केरे पछ्यौरी त

म खेवै बुझाउँला, दिदै म खेवै बझाउँला

हाऽऽ है सक्दिन म त गोपेनी नानी

उर्लिन्दो मेलैमा, हो ऽ जलपुग्यो दोभान

हाऽऽ है तारिदेऊ न तारिदेऊ घटुवारे दाजु

गलै केरै पटना त

म खेवै बुझाउँला, दिदै म खेवै बुझाउँला

हा ऽऽ है सक्दिन म त गोपेनी नानी

जल पुग्यो दोभान, हो उर्लिन्दो भेलैमा

हाऽऽ है मायाले बाँधुङ्ला

पिरतीले बाँधुङ्ला

हो ऽ यो बोली वचन -२

सामाजिक संस्कार अनुसार नेपाली समाजको कुनै पनि चेलीले पराइघरमा आफ्नो कर्म थलो बनाई बस्नु पर्ने र आफ्नो माइतीघर वा जन्मघरमा आउन भौगोलिक समस्या लगायत अनेक समस्याहरू झेल्नु पर्ने बाध्यतालाई प्रस्तुत गीतमा चित्रण गरिएको छ । आफ्नो माइतीघर जाने क्रममा कुनै चेली नदीको किनारमा पुग्छे । त्यहाँ डुङ्गा बाहेक पारि तर्ने कुनै साधान हुँदैन र उनले घटुवारेलाई (डुङ्गा चलाउने व्यक्ति) लाई म जति लागेको खेवा बुझाउँछु मलाई पारि तारिदिनुस् भनी अनेक अनुरोध गर्छिन तर त्यो घटुवारेले पारि तार्न नसक्ने अनेक बाहाना गर्छ । अन्त्यमा खेवा होइन मलाई तिम्रै जीवन र माया चाहिन्छ भनी घुटुवारेले भनेको प्रसङ्गलाई प्रस्तुत गीतमा व्यक्त गरिएको छ । यसरी विभेदपूर्ण

समाजमा नेपाली चेलीले भोग्नु परेको दुःख, पीडा तथा बाध्यता र परिस्थितिलाई उक्त गीतमा चित्रण गरिएको छ । यस्तै विषयवस्तु सम्बन्धित यहाँ गाइने अर्को गीत यसप्रकार छ-

हा ऽऽ है उधोमा जाँदा देखेथे मैले

साइपत्र हो विरुवा

हा ऽऽहै उभोमा फिर्दा भएछ,

दिदै रानी कोपिला

हा ऽऽहै फूलकी जोभान बारम्बार आउँछ

जनमा एकै बार दिदै -२

ए फूलै फुलाउला हो फूलै फुलाउला -२

हा ऽऽहै टिपीमा राखे सुकिमा जाला

पानीमा छम्के कुहिमा जाला

यो फूलै को लाउँला-२

हा ऽऽहै हामारे माइती फर्कि आउँला

दोहोरी फूलनी फुलीमा रहला

हा ऽऽहै फूलकी जोभान बारम्बार आउँछ

जनमा एकैबार दिदै -२

प्रस्तुत गीतमा नेपाली समाजको चेलीले आफ्नो परदेशी माइती फर्केर आउने आशामा ढकमक्क फूलहरू फुलाएर पर्खी बसेको प्रसङ्गलाई चित्रण गरिएको छ । फूल लगाउन आफ्नो माइती अन्तिम समयसम्म पनि आइपुग्दैन त्यसैले उनले फूलको जोभान बारम्बार आए जस्तै गरी कुनै दिन मेरो माइती पनि आइपुग्छ भन्ने आशयलाई प्रस्तुत गीतको हरफहरूमा व्यक्त गरिएको छ । यस्तै विषयवस्तु भएको यहाँ गाइने अर्को गीत यसप्रकार छ :-

हा ऽऽ है दौडीमा-दौडी जाँदा २

है ऽ पछ्यौरीमा लाग्यो मैलो

है ऽ धोइदेऊन धोबिना

के को रङ्गै लाग्यो मलाई -२

हा ऽऽ है धोइदेऊन-धोइदेऊ धोविना

है ऽऽ रानी रङ्गै लाग्यो मलाई -२

प्रस्तुत गीतमा समाजमा गरिएको कार्य विभाजन तथा वर्ग भेदलाई सङकेत गरिएको छ । संसारमा एउटै अस्तित्व तथा प्रतिष्ठा पाएर जन्मेको मानवले पनि समाजको चलन, नियम अनुसार कार्य गर्नु पर्ने बाध्यतालाई प्रस्तुत गीतमा चित्रण गरिएको छ । यस कुराको पुष्टि प्रस्तुत गीतमा धोविनाले लुगा धुने कार्य गर्नै पर्ने बाध्यता को चित्रण गरिएबाट भएको छ । यस्तै विषय भएको अर्को गीतको नमुना यसप्रकार छ -

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

तीर्थै जाउँला बरतै लिउला  - २

गंगा र जाउला नुहाउला

मागी देऊ है मलाई पनि

हो ऽ इन्द्रैलोक बैकुण्ठ बास  - २

प्रस्तुत गीतमा नेपाली समाजमा तीर्थ धाम गई गंगा नुहाउने र ब्रत बस्ने आदि जस्ता धार्मिक कार्यहरू गर्नाले जीवन समाप्तिपछि सहज रूपमा इन्द्रलोक पुगिने सामाजिक मान्यता विश्वास तथा परम्परालाई यहाँ चित्रण गरिएको छ । यसरी यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा यस्ता विभिन्न किसिमका सामाजिक विषयवस्तु भएका गीतहरू गाउने गरिएको पाइन्छ ।

प्रकृतिमा स्वतन्त्र रूपमा ढकमक फुलेको विभिन्न थरीका फूलहरूको वर्णन गरी गाइएका गीतहरू यहाँको मारुनी नृत्यगीतमा पाइन्छन् । यस्ता किसिमका प्राकृतिक वस्तुहरूले यहाँका लोकगायकहरूको अन्तस्करणलाई पगाली उनीहरूबाट स्वतः स्फूर्त रूपमा प्रस्फुटन भएको प्रकृतिको वर्णन गरिएका गीतहरू यसप्रकार छन् -

हा ऽऽहै साइपत्र हो ऽ फूलै फुल्यो

टिपीमा ल्याओ बासुना दिदै

यो शिर माथैमा -२

वारिजो गंगा पारिजो जमुना

बीच-बीच मेहनैमा हे मखमली फूल

दिदै है मखमली फूल

फुलीमा गयो ढकमक -२

हा ऽऽ है टिपूँर भने पुगेन बाँहा

मै चेली अभागी -२

सीमली फुल्यो, गुहेली फुल्यो -२

टुप्पैमा लरिका दिदै - २

हा ऽऽहै आज जाऊ-जाऊ

भोलि जाऊ-जाऊ

लाग्यो बरिका दिदै -२

(स्रोत : नौधन राई, कुइभीर -१ ओखलढुङ्गा)

माथि उल्लिखित गीतको हरफहरूमा प्रकृतिमा स्वतन्त्र रूपमा ढकमक फुलेको फूलहरूको वर्णन गरिएको छ । यस्ता विभिन्न थरीका फूलहरू डाँडा, पाखा, नदी किनार आदि विभिन्न स्थानहरूमा ढकमक फुल्दा मानवीय जीवनलाई आकर्षण पारेको र कहाँ जाऊ, के गरौं बनाएको प्रसङ्गलाई उल्लिखित गीतमा चित्रण गरिएको छ । यसरी प्रकृतिमा सुवास छर्दै स्वतन्त्र रूपमा जतातततै फुलेका फूलहरूले प्रकृतिलाई सुन्दर बनाउनुका साथै मानव जीवनलाई आकर्षण गरी विरक्त बनाएको भावलाई माथि उल्लिखित गीतमा व्यक्त गरिएको छ । यहाँ गाइने यस्तै विषयवस्तुसँग सम्बन्धित अर्को गीत यसप्रकार छ -

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

दुधैकुण्डो महाकुण्डो
जोरै जोर पोखरी } २

हो जोरै धारा धरर

कौसीका मायी होइन इन
बालालाई नुवाइ हरर } २

माथि उल्लिखित गीतमा कुण्ड, पोखरी, नदी, नाला आदि पवित्र प्राकृतिक वस्तुहरूको चित्रण गरिएको छ । यसरी स्वच्छ एवम् पवित्र रूपमा प्रकृतिमा रहेका यस्ता वस्तुहरूको वर्णन गरी यहाँका गायकहरूले मारुनी नृत्यगीतको सिर्जना गरेको पाइन्छ । यसरी प्राकृतिक वस्तुहरूलाई विषयवस्तु बनाई प्रस्तुत गरिएका गीतहरू नै प्राकृतिक विषयवस्तुसँग सम्बन्धित गीतहरू हुन् ।

दुधकोसी क्षेत्रका मारुनी नृत्यगीतमा रामयण तथा महाभारत जस्ता पौराणिक ग्रन्थहरूमा वर्णित पात्रहरूको चरित्र वर्णन गरी केही गीतहरू गाइएको पाइन्छ । यस्ता गीतहरूमा कृष्ण चरित्र तथा रामचरित्रको वर्णन गरिएका गीतहरू पर्दछन् ; जस्तैः-

लावै र लस्कर वारिपारि बसीहाले बाघ

हो ऽ ढोकैमा राखिहाले साप - २

देवकीको आठ ठाम गरभ

हो कंसजीले मारुङ्ला भनी

चिताइहाले पाप - २

प्रस्तुत गीतमा कंसले भाञ्जा श्रीकृष्णलाई बहिनी देवकीको गर्भमा नै मार्न खोजेको प्रसङगलाई उल्लेख गरिएको छ । यस प्रसङ्गलाई पुष्टि गर्नको निम्ति प्रस्तुत गीतको हरफहरूमा बाघ, साप, पाप जस्ता वस्तुहरूको प्रसङगलाई पनि जोडिएको पाइन्छ । कृष्णचरित्रसंग सम्बन्धित यहाँ गाइने अर्को गीत यसप्रकार छ : -

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

राधाले गाना गाओइला

कृष्णजी बाजा बजाओइला

हो गोकुलैमा कृष्णको नाच

हेर लोकपाँच हो गोकुलैमा सोरसय

गोपेनी कृष्णको नाच -२

प्रस्तुत गीतमा गोकुलपुरी (कृष्णको निवास स्थान) को रमाइलो प्रसङ्गको चित्रण गरिएको छ । जहाँ कृष्णले बाजा बजाउँदै नाच्दै गरेको तथा राधाले गाना गाउदा सोह्रसय गोपेनीहरू नाचेको प्रसङ्गलाई उल्लेख गरिएको छ र उनीहरूको यस्तो रमाइलो लाग्दो नाच हेर्नको निम्ति लोकपाँचसँग अनुरोध गरिएको छ ।

त्यस्तै यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा रामचरित्रका वर्णन गरिएका गीतको केही अंशहरू पनि गाउने गरिएको पाइन्छ ; जस्तैः-

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

लङ्कैबाट रावणैले रथ हाँकी ल्यायो

हो सीता रानी हरणै भनेर -२

हा ऽऽ है हरि लग्यो सीता रानी

हो ऽ ब्रह्मचारी जोगी भएर -२

प्रस्तुत गीतमा रामायणमा वर्णन गरिएको नायक पात्र रामकी पत्नी सीतालाई खलनायकको रूपमा चिनाइएको पात्र रावणले हरण गरी लगेको प्रसङ्गलाई उल्लेख गरिएको छ । यस्तै विषयसँग सम्बन्धित यहाँ गाइने अर्को गीत यसप्रकार छ-

हा ऽऽ ऽ हा ऽऽ ऽ हा ऽऽ ऽ

रामको दूतले साँघु थाप्यो<br>
समुन्द्रको घाटैमा } २

हो ऽपापी रावण मार्नै भनेर

मर्ने भयौं पापी रावण

हो ऽ अब तिमी रामको हातैमा -२

प्रस्तुत गीतमा सीता रानीलाई रावण्यले जोगी भई लङ्का लगेको कुरा थाहा पाइसकेपछि रामले आफ्नो दूतहरूलाई समुद्रको घाटमा रावणलाई मार्नको निम्ति साँघुजस्तो बनाई पासो थाप्न लगाएको प्रसङ्गलाई उल्लेख गरिएको छ ।

यसरी पुराणमा वर्णन गरिएका राम, सीता, लक्ष्मण, रावण, कृष्ण राधा, देवकी, कंस आदि पात्रहरूको जीवन चरित्रलाई विषयवस्तुको स्रोत बनाई यहाँका गायकहरूले मारुनी नृत्यगीतको सिर्जना गरी गाउने गरिएको पाइन्छ । यसरी पौराणिक विषयवस्तुहरूलाई यहाँको मारुनी नृत्यगीतको विषयवस्तुको स्रोत बनाईएको पाइन्छ ।

यहाँको मारुनी नृत्यगीतमा पौराणिक विषयवस्तुसँग सम्बन्धित केही गीतहरू गाइएको पाइए तापनि अधिक मात्रमा सामाजिक तथा प्राकृतिक विषयवस्तुसँग सम्बन्धित गीतहरू नै गाइने हुँदा यहाँको मारुनी नृत्यगीतको प्रमुख स्रोत पनि समाज र प्रकृति नै रहेको देखिन्छ ।

### ५.३. लय/भाका

हरेक ठाउँमा गाइने हरेक किसिमका गीतगायनमा लय/भाकाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विशेषगरी यहाँ गाइने मारुनी नृत्यगीतमा ढिलो, मध्यम अनि छिटो गरी तीन किसिमका लय/भाकाहरू रहेको पाइन्छ । यहाँ गाइने मारुनी नृत्यगीतको संरचनालाई हेर्दा अधिकांश ख्याली, गर्रा, समला र चुड्की रागका गीतहरू असमवृत्त चतुष्पदी लयमा संरचित देखिन्छन् । विरहनी रागका अधिकांश गीतहरू भने बहुपदी र आंशिक रूपमा संमवृत्त लय भएको पाइन्छ । समग्रमा हेर्दा यहाँ गाइने मारुनी नृत्यगीतमा बहुपदी असमवृत्त लय नै बढी भएको पाइन्छ । त्यस्तै यहाँ गाइने मारुनी नृत्यगीतमा यति र गतिको पनि त्यत्तिकै महत्त्व एवम् भूमिका रहेको पाइन्छ ।

#### ५.३.१. यति

हरेक किसिमका गीतहरूमा यतिको माध्यमबाट नै मात्राहरूको समायोजन गरिए जस्तै यहाँ गाइने मारुनी नृत्यगीतको मात्राहरूको समायोजन पनि यतिकै माध्यमबाट गरिएको पाइन्छ । यहाँ गाइनेविरहनी रागका गीतको गायनमा ढिलोपन ल्याई मात्राको उच्चारणमा समायोजन गरिएको पाइन्छ ; जस्तै :-

उधोमा जाँदा देखेथे मैले

हा ऽऽ है वरपीपल गाँची

हा ऽऽहै सीताले लाएको

दिदै रामैले बारेको - २

हा ऽऽ है उभो जो फिरि आउँदामा खेरी

भैगयो चौतारी है ऽ बनियो चौतारी

हा ऽऽ है चारैकुने चौतारी माथि

होम जग्गे लाएको दिदै -२

गीत लय/भाका निर्माण गर्नको निम्ति प्रस्तुत गीतको ध्वनि/वर्णको उच्चारणमा ढिलोपन ल्याई मात्राको समायोजन गरिएको छ । लोकगीतहरूको मात्राहरूको समायोजन तथा पुनरोक्ति गर्ने कुनै निश्चितनियम नहुने हुँदा गायकहरूले गीत गाउदा जसरी ध्वनि/वर्णहरूको उच्चारणमा मेल हुन्छ त्यसरी नै गीतलाई लय/भाका मिलाएर गाउँने गरेको पाइन्छ । प्रस्तुत गीत दुई पङ्क्ति समवृत्त र अन्य असमवृत्त लयमा संरचना भएको बहुपदीय लयमा आधारित गीत हो ।

यहाँ गाइने चूड्की रागका गीतगायनमा प्रत्येक वर्ण/ध्वनिहरूको उच्चारणमा तीब्रता ल्याई मात्राहरूको समायोजन गर्ने गरिएको पाइन्छ ; जस्तै :-

के-के टिप्ने हो, रेशम -२

भुइँमा केही छैन्, के-के टिप्ने हो

यता नहेर उता नहेर

घरबेटीलाई हेर रेशम

प्रस्तुत गीतमा ध्वनि /वर्णहरूको उच्चारणमा तीब्रता ल्याई गीतको मात्रामा समायोजन गरी गाउने गरिएको पाइन्छ । संरचनाका दृष्टिले हेर्दा प्रस्तुत गीत आंशिक रूपमा समवृत्त लय भएको चतुष्पदी लयमा आधारित गीत हो ।

यसरी गीतमा यतिले मात्राहरूको समायोजन गर्ने मुख्य भूमिका निर्वाह गर्ने हुँदा यहाँ गाइने मारुनी नृत्यगीतमा यतिको भूमिका र महत्त्व रहेको पाइन्छ ।

**५.३.२. गति**

गीत वा लोकगीतमा गति वा लयले नै मिठासपन ल्याउने गर्दछ । यस क्षेत्रमा गाइने मारुनी गीतमा पनि यस्ता मिठासपन थप्ने/ल्याउने विभिन्न किसिमका गति/लयहरूको संयोजन गरिएको पाइन्छ । यहाँ गाइने गीतमा पाइने त्यस्ता गतिहरू द्रुतगति, मध्यगति र विलम्बित गति गरी तीन किसिमका छन् ।

**क. द्रुतगति-** यहाँ गाइने चुड्की, गर्रा आदि रागका मरुनी गीतहरू द्रुत गतिमा गाउँने गरिएको पाइन्छ । यस्तो गीत गायन गर्दा गीतका शब्दहरूको तीब्रगतिमा उच्चारण गर्ने गरिन्छ ; जस्तै :-

छपनीमा छानी-छानी

डबकीमा हानी-हानी

मातेको मित आमयी

घ्यामपैको निगारैले

प्रस्तुत गीतको गायन तीब्रगतिमा गर्ने गरिएको पाइन्छ । यसले गर्दा गीतको लय/भाकामा बेग्लै किसिमको मिठासपन उत्पन्न हुने गर्दछ । प्रस्तुत गीत संरचनाका दृष्टिले समवृत्त लयमा संरचित चतुष्पदी लयमा आधारत गीत हो । यस्तै भावलय भएको अर्को गीत यस प्रकार छ -

नाम्जेबाट घुमी झऱ्यो

पुग्यो इलाम, रेशम -२

थैली खोली पैसा दिन

के को विलाम, रेशम

के को विलाम

प्रस्तुत गीत गायनमा अघिल्लो गीत गायन जस्तै गरी ध्वनिहरूको उच्चारणमा तीव्रता ल्याई गाउने गरिएको पाइन्छ । यसले गर्दा गीत कर्णप्रिय बन्न जान्छ । संरचनाका दृष्टिले पहिलो र तेस्रो पङ्क्तिमा ८/८ अक्षर तथा दोस्रो र चौथो पङ्पक्ति ५/५ अक्षर रहेको समवृत्त लयमा आधारित चतुष्पदी लय भएको गीत हो ।

**ख. मध्यमगति -** यस क्षेत्रमा गाइने अधिकांश ख्याली रागका गीतहरू मध्यमगतिमा गाउने गरिएको पाइन्छ । यस किसिमको गीतमा गीत गायन गर्दा गीतको ध्वनि/वर्गहरू मध्यम गतिमा उच्चारण गर्ने गरिएको पाइन्छ ।

हा ऽऽऽ हा ऽऽऽ हा ऽऽऽ

रामको दूतले साँघु थाप्यो } २
समुद्रको घाटैमा

हो पापी रावण मार्ने भनेर

मर्ने भयौ पापी रावण

हो अब तिमी रामको हातैमा -२

प्रस्तुत गीतको ध्वनि/वर्णहरूको उच्चारणमा मध्यम गतिको अवलम्बन गरी गीत गायन गरिएको पाइन्छ । यसले गर्दा गीतमा श्रुतिमधुरता थपिनुका साथै गीत मार्मिक बन्दछ । प्रस्तुत गीत असमबृत्त लयमा संरचित बहुपदीय लयमा आधारित छ ।

**ग. विलम्वित गति-** यस क्षेत्रमा गाइने विरहनी रागका अधिकांश गीतहरू विलम्बित गतिमा गायन गरिने किसिमका छन्;जस्तै :-

सी ऽ मली ऽऽ फु ऽ ल्यो गु ऽ हेली ऽऽ फु ऽ ल्यो ऽऽ

टुप्पै ऽमा ऽऽ ल ऽरि ऽऽका ऽऽ

हा ऽऽहै आ ऽऽज ऽ जाऊ ऽजाऊ ऽऽ

भो ऽऽलि जाऊ ऽजाऊ ऽला ऽऽग्यो ऽब ऽऽरि ऽऽका ऽऽ

दिदै ला ऽऽग्यो ऽब ऽऽरि ऽऽका ऽऽ

प्रस्तुत गीतको ध्वनि/वर्णहरूको उच्चारणमा ढिलोपन ल्याई गीत गायन गरिन्छ । यसरी गाउदा गीतमा मिठासपन उत्पन्न हुनका साथै गीत कारुणिक बन्न जान्छ । प्रस्तुत गीत असवृत्त लयमा संरचित चतुष्पदी लयमा आधारित गीत हो । यहाँ गीतमा विलम्बित स्थानलाई ऽ (दीर्घ) चिह्नले सङकेत गरिएको छ । र यहाँ 'लाग्यो वरिका' रहनीका रूपमा हा ऽऽ है शब्द थेगोका रूपमा पुनरुक्ति भएका छन् ।

यसरी यहाँ गाइने मारुनी नृत्यगीत माथि उल्लिखित तीन किसिमका गतिमा आधारित रहेको भेटिन्छ । गीतमा पाइने यति र गतिले नै गीतको लय/भाका निर्माण गर्ने तथा परिवर्तन गर्ने हुँदा यहाँका गाइने मारुनी गीतमा यति र गतिको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**५.४. स्थायी, अन्तरा र थेगो**

जुनसुकै गीतलाई पनि मार्मिक, श्रवणयोग्य एवम् मिठासयुक्त बनाउने तत्त्वहरू नै गीतमा रहेका स्थायी, अन्तरा र थेगो हुन् । दुधकोसी क्षेत्रमा गाइने मारुनी नृत्यगीतमा पनि यस्ता तत्त्वहरू उल्लेख्य रूपमा प्रयोग भएको पाइन्छ ।

**क. स्थायी -**

जुनसुकै गीतमा पनि महत्त्वपुर्ण भूमिका निर्वाह गर्ने गीतको स्थायी तत्त्वको भूमिका यस क्षेत्रमा गाइने मारुनी नृत्यगीतमा पनि त्यत्तिकै रहेको पाइन्छ । गीतमा यस्ता तत्वहरू पटक-पटक दोहोरिने हुँदा गीतको शब्दहरू बुझ्न सजिलो हुन्छ । यहँ गाइने मारुनी गीतमा पाइने स्थायी तत्त्वको माध्यमबाट

गीतकोलय/भाकाको उठान गर्ने गरिन्छ। यहाँ गाइने पाइने केही स्थायी तत्त्व भएका गीतहरू यसप्रकार छन्-

फूलकी जोभान बारम्बार आउँछ -२

जनमा एकैबार दिदै -२

प्रस्तुत गीतको स्थायी भागमा फूल एकपटक ओइलाएर झरे तापनि अर्को पल्ट फेरि उस्तै फूल फुल्ने गर्दछ तर मानवमा फूलको जस्तो जीवन पटक-पटक आउँदैन भन्ने कुरालाई यहाँ सङकेत गरिएको छ।

लङ्कैबाट रावणैले रथ हाँकी ल्यायो -२

हो ऽ सीता रानी हरणै भनेर -२

प्रस्तुत गीतको स्थायी भागमा सीता रानी हरण गरी लानको निम्ति रावणले लङ्काबाट रथ ल्याएको प्रसङ्गलाई उल्लेख गरिएको छ।

पाकीमा गयो आँपकी दाना<br>डाली नुवायो } २

प्रस्तुत मारुनी नृत्यगीतको स्थायी भागमा कुनै आँपको रुखमा लटरम्म फलेको आँपको दाना पाकी त्यसले हाँगा नुहाएको प्रसङ्गलाई सङ्केत गरिएको छ।

माथि उल्लिखित स्थायी तत्वहरूको यहाँ गाइने मारुनी नृत्यगीतको मूल अंशको भूमिका निर्वाह गर्ने गर्दछन्। यसका साथै गीतको लय/भाका उठानमा पनि सहयोग पुऱ्याएको पाइन्छ।

**ख. अन्तराः-**

गीतमा स्थायी तत्त्वपछि आउने मूल भाव/कथ्य नै अन्तरा हो। यही गीतको अन्तरामा नै समाज, प्रकृति, पुराण, संस्कृति नीति आदि विषयवस्तुहरू गायकहरूका अनुभूतिसँग साटिएर प्रस्तत भएका हुन्छन्। यहाँ गाइने मारुनी गीतको अन्तरामा पनि समाज, प्रकृति, संस्कृति, पुराण आदि विषयवस्तुहरू यहाँका लोकगायकहरूका अनुभूतिसँग साटिएर स्वतः स्फूर्त भावहरू व्यक्त भएको पाइन्छ। ; जस्तैः-

हा ऽ ऽहै देवकीको आठ ठाम गरभ

हो कंसजीले मारुङ्ला भनी

चिताइहाले पाप-२

प्रस्तुत गीतको अन्तरा कृष्ण चरित्रमा वर्णन गरिएको विषयवस्तुसँग सम्बन्धित छ। जस अनुसार कंसले आफ्नो बहिनी देवकीको गर्भमा नै भाञ्जा श्रीकृष्णलाई मार्ने योजना बनाएको प्रसङ्गलाई प्रस्तुत गीतको अन्तरामा उल्लेख गरिएको छ।

ए फूलै फुलाउला हा ऽ फूलै फुलाउला

हा ऽ ऽहै टिपीमा राखे सुकीमा जाला

पानीमा छम्के कुहिमा जाला

यो फूलै फुलाउला -२

हा ऽ ऽहै हामारे माइती फर्कि आउँला

हा ऽ ऽ है दोहोरी फुलनी फुलीमा रहला

हो यो फूलै फुलाउला -२

हा ऽ ऽ है विरहले मातेकी चेलीलाई

कसले रुवायो -२

माथि प्रस्तुत गरिएको दुईवटै गीतको अन्तरामा चेलीको विरह भावलाई चित्रण गरिएको छ । सामाजिक नियम, मान्यता, संस्कार अनुसार चेलीले माइतीलाई तिहारमा फूलमाला लगाइदिनु पर्ने चलन रहेको छ । त्यही अनुरूप प्रस्तुत गीतको अन्तरामा पनि कुनै चेलीले आफ्नो परदेशी माइती आउने आशामा विभिन्न थरीका फूलहरू फुलाएर पर्खि बसेको प्रसङ्गलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गीतको अर्को अन्तरामा विरहभावले उन्माद बनेकी चेलीलाई कसैले रुवाएको र पीडामा पुऱ्याएको सङ्केत गरिएको छ ।

यसरी यहाँ गाइने गीतको अन्तरामा समाज, प्रकृति, संस्कृति आदि विषयवस्तुहरूलाई प्रस्तुत गरिएको पाइन्छ ।

यहाँ गाइने मारुनी नृत्यगीतको अन्तरामा सम्बद्ध तथा असम्बद्ध विषयवस्तुलाई प्रस्तुत गरी भन्न खोजेको मूल सन्देशलाई प्रष्ट पारिएको पाइन्छ ; जस्तै :-

**अ. सम्बद्धचरण -**

रानी चरी वनैमा है

लहरी चल्यो मेरो मनैमा

प्रस्तुत गीतको अन्तरामा व्यक्त गर्न खोजिएको भाव अनुसार रानी चरीलाई वनमा देख्ने कुनै व्यक्तिको मनमा लहरी (विरह) छुटेको छ । त्यसैले गीतको अन्तरामा प्रस्तुत गरिएको विषयवस्तु र अर्थगत मेल भएको छ ।

**आ. असम्बद्धचरण -**

हा ऽ ऽ है खेलिरयो जारै रजहाँस

हेर-हेर आमयी बाौ सोरसय

गोपेनी कृष्णजीको नाच  } २

यहाँ प्रस्तुत गरिएको गीतको अन्तरामा आएका 'जोरै र जहाँस' र 'कृष्णजीको नाचसँग विषयगत तथा अर्थगत मेल भएको पाइँदैन । केवल अनुप्रास मिलाउनको लागि मात्र 'जोरै रजहाँस' शब्द आएको छ तर सोह्रसय गोपेनीहरू र कृष्णको नाच आइपुगेकोले त्यसलाई हेर्न आमा-बाबुलाई गीतमा अनुरोध गरिएको छ । विषयवस्तुगत मेल र अर्थको मेल नभए तापनि यसले निश्चित भाव वा सन्देश भने दिएको छ ।

**ग. थेगो (स्तोभ) -**

हरेक गीतमा ध्वन्यात्मकता ल्याउने, आलङ्कारिकता थप्ने तथा लयलाई गति प्रदान गर्ने तत्त्व नै थेगो हो । अन्य क्षेत्रमा गाइने गीतमा जस्तै यहाँ गाइने मारुनी नृत्यगीतमा पनि त्यस्ता थेगोहरू प्रशस्त प्रयोग भएको पाइन्छ । यस क्षेत्रमा गाइने मारुनी नृत्यगीतमा वर्ण, शब्द र पद /पदावलीको स्तरमा विभिन्न किसिमका थेगोहरू प्रयोग भएको पाइन्छ । यहाँ गाइने मारुनी नृत्यगीतमा वर्णको तहमा प्रयोग हुने थेगोहरू यसप्रकार छन् -

हा ऽऽ हा ऽऽ हा ऽऽ

दुधै कोसी वारिपारि कुसुमैको घारी

प्रस्तुत गीतको अंशमा 'ह' वर्णको पुनरुक्ति भएको छ । यसरी गीतमा वर्णको पुनरुक्ति हुँदा गीतमा रञ्जकता थपिने गर्दछ । यसरी गीत गायनमा वर्णको पुनरुक्ति हुनु नै वर्ण स्तोभ हो ।

यस्तै किसिमको थेगोको प्रयोग भएको यहाँ गाइने गीतको नमुना यसप्रकार छ -

नाकै केरेहो न किया बाबा

एलै बरि हो लै लै ओ म त लाओइन

आमा र बाबाले दिएको ठाममा

मत जाओइन

ए लै बरि हो लै लै ओ म त जाओइन

प्रस्तुत गीतको अंशमा प्रयोग भएको 'ल' र 'ह' वर्णको पुनरावृत्तिले गीतमा रञ्जकता ल्याएको छ । थेगोको रूपमा पुनरावृत्ति भएको 'ल र ह' वर्ण गीतको मध्य भागमा आएको छ । यसरी थेगोको रूपमा गीतमा आएको वर्ण जुनसुकै स्थानमा पनि आउँन सक्दछ ।

गीतमा शब्दको पुनरावृत्ति भई रञ्जकता थपिनु नै शब्दस्तोभ हो । यहाँ गाइने मारुनी नृत्यगीतमा प्रयोग भएका शब्द स्तोभ यसप्रकार छन् -

आयो नुवायो रेशम आयो नुवायो

बालैमा पैसा झऱ्यो सारै सुवायो

रेशम सारै सुवायो

प्रस्तुत गीतको अंशमा 'रेशम' शब्द थेगोको रूपमा पुनरावृत्ति भएको छ । यसले गर्दा गीत गायनको गतिमा रञ्जकता थपिएको छ । यस्तै किसिमको थेगोको प्रयोग गरिएको अर्को गीत यस प्रकार छ :-

लेकै जाउँला मालिङ्गो ल्याउँला

फेदै काटी टुप्पै छासी बनाउला बाँसुरी

हो ऽ दिदै बनाउँला बाँसुरी

हाऽ ऽहै बाँसुरीको सबतैले धरधरी रुवाउँला

हो ऽ दिदै धरधरी रुवाउँला -२

प्रस्तुत गीतमा 'हो दिदै' भन्ने शब्द थेगोको रूपमा पटक-पटक पुनरावृत्ति भई गीतमा रञ्जकता थपिएको छ । त्यसैले यो शब्दस्तोभको रूपमा गीतमा आएको छ ।

यहाँ गाइने मारुनी नृत्यगीतमा विभिन्न सार्थक वा निरर्थक पद/पदावलीहरू थेगोको रूपमा पुनरावृत्ति भई आएको पाइन्छ । यसरी आउँनुलाई रहनी भनिन्छ । यस्ता रहनीहरू थेगोको रूपमा आएका गीतहरू यसप्रकार छन् -

हा ऽऽ है सुन्तलाको गाँचीमुनि

आज त मेरो डेरा ता, काली भूँमरो

हो काली -काली भूँमरो

हा ऽऽहै लहयी चल्यो विकार

है भिजियो निधार -२

प्रस्तुत गीतमा 'काली भूँमरो' भन्ने निरथर्क पदावली रहनीका रूपमा पटक-पटक पुनरावृत्ति भई गीतमा रञ्जकता थपिएको छ ।

यसरी यहाँ गाइने मारुनी नृत्यगीतमा प्रयोग गरिएका यस्ता तत्त्वहरूले यहाँको मारुनी नृत्यगीलाई सदासर्वदा जीवन्त बनाइरहेको छ । त्यसैले यी तत्त्वहरूको यहँको गीतमा सर्वोपरि स्थान रहेको छ ।

### ५.५. अभिनय

दुधकोसी क्षेत्रका विभिन्न स्थानहरू प्रस्तुत गरिने मारुनी नाचमा अभिनयको प्रारम्भ मारुनीलाई सिँगारिसकेपछि सरस्वती जगाउने वा सती ढाल्ने गीत गायनसँगै हुन्छ । यसमा मूल मादलेहरूले जाने बुझेका देवी-देवता तथा खोलानालाहरूको नाम गीतिशैलीमा उच्चारण गर्दै जान्छन् । मारुनीले पनि नमस्कार गरेर फूलपाती चढाउने, धूप बाल्ने कार्य गरी नाच्दै अभिनयको सरुवात गर्दछन् । त्यसपछि अन्य विभिन्न विषयवस्तुसँग सम्बन्धित गीत गाउँने र त्यही अनुसारको मादल बजाई अभिनय गर्ने गर्दछन् । त्यसपछि अन्य विभिन्न विषयवस्तुसँग सम्बन्धित गीत गाउने र त्यही अनुसारको मादल बजाई अभिनय गर्ने गर्दछन् । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा आङ्गिक, वाचिक, सात्त्विक र आहार्य अभिनयको प्रयोग गरिएको पाइन्छ ।

### ५.५.१. आहार्य अभिनय

नाच्ने व्यक्तिको भेषभूषा, गरगहना, शृङ्गार आदिबाट भावव्यक्त हुनु नै आहार्य अभिनय हो । यस अभिनय अन्तरगत यहाँ प्रस्तुत गरिने मारुनी नृत्यमा मारुनीलाई सिँगार्न प्रयोग गरिएका सम्पूर्ण भेषभूषा तथा श्रृङ्गारहरू पर्दछन् । यहाँ मारुनीलाई निधारमा सिन्दूर टिका, गलामा पोते, पटना (गलामा लगाइने चाँदीका गरगहना) शरीरमा चोलिया, फूलबुट्टे फरिया, सेता रङ्को पछ्यौंरी सेतै रङ्गको पटुका हातमा चुरिया आदि गरगहना तथा भेषभूषाले सिँगारी नाच्न लगाइएको हुन्छ । मारुनी बाहेक अन्य पात्रलाई भने यहाँ सिँगारिएको पाइँदैन । यिनै सिँगारयुक्त अभिनयले गर्दा यहाँको मारुनी नृत्य आकर्षक एवम् अविस्मरणीय बनेको पाइन्छ ।

### ५.५.२. सात्त्विक अभिनय

यस क्षेत्रमा प्रस्तुत गरिने नाचको प्रथम चरणमा सती ढाल्ने वा सरस्वती जगाउने गीत गायन गर्दा यहाँ मारुनी वा मूल मादलेहरूमा कम्प आउँने, चिट-चिट पसिना आई स्वाँ-स्वाँ हुने गर्दछन् यसरी नाच प्रस्तुत गर्दा यसो हुनु नै सत्त्विक अभिनय हो

### ५.५.३. वाचिक अभिनय

यहाँ प्रस्तुत गरिने मारुनी नृत्यमा चुड्की, ख्याली, विरहनी आदि विभिन्न रागका गीतहरू विभिन्न लय/भाकामा गायन गर्ने गरिन्छ । यसरी नाच प्रस्तुत गर्दा गति गायन गर्नु नै वाचिक अभिनय हो । उल्लिखित विभिन्न रागका गीतहरू यहाँका मादलेहरू तथा गीताङ्गेहरूले संवादयुक्त शैली तथा

संवादविहिनी शैलीमा प्रस्तुत गर्ने गर्दछन् । यसरी यहाँको मारुनी नृत्यमा गीत गायन वाचिक अभिनयको माध्यमबाट हुने गर्दछ ।

### ५.५.४. आङ्गिक अभिनय

गीतको बोल र मादलको ताल अनुसार शरीरका विभिन्न अङ्गहरूको सञ्चालन गरी नृत्य प्रस्तुत गर्नु नै आङ्गिक अभिनय हो । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यमा विभिन्न रागका गीतहरूगायन गरी नाच प्रस्तुत गर्दा मारुनीले हात खुट्टा, कम्मर, आँखा आदि प्रमुख अङ्गहरू सञ्चालन गरी अभिनय प्रस्तुत गर्ने गर्दछन् । यहाँको मारुनी नृत्यमा प्रस्तुत गरिने यस किसिमको अभिनय नै आङ्गिक अभिनय हो । यहाँ गाइने ख्याली, चुड्की तथा गर्रा आदि रागका मरुनी गीतहरूमा नाच प्रस्तुत गर्दा यस अभिनयको प्रवलता पाइन्छ ।

## ५.६. सङ्गीत

मारुनी नृत्य लोकप्रचलित नाच भएको हुँदा यसमा प्रयोग गरिने सङ्गीतहरू पनि त्यस्तै किसिमका हुन्छन् । दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा प्रस्तुत गरिने मारुनी नृत्यमा पनि लोकप्रचलित सङ्गीतहरू मादल, बाँसुरी, विनायो आदिको प्रयोग गरिएको पाइन्छ । गीतमा सुमधुरता थप्ने माध्यम नै सङ्गीत हो । यही सङ्गीत र गीतको लय, ढाँचा अनुसार नै नृत्यमुद्राहरू प्रस्तुत हुने गर्दछन् । यसरी यहाँको मारुनी नृत्यमा गीत, सङ्गीत र नृत्यको सङ्गम भेटिन्छ । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यमा प्रयोग गरिने प्रमुख सङ्गीत बाजा मादल हो । यसलाई यहाँ, विधिपूर्वक जगाई प्रयोग गर्ने गरिन्छ । अन्य सहायक वाद्यसामग्रीहरूमा बाँसुरी, विनायो मुर्चुङ्गा आदि रहेका छन् । यी बाद्य सामग्रीहरूलाई भने जगाउने वा पूजा गर्ने कुनै रीति, विधि पाइन्दैन । यिनै बाजाहरूबाट उत्पन्न सङ्गीतको संयोजनबाट नै यहाँको मारुनी नृत्यगीत कर्णप्रिय हुनुका साथै नाच आकर्षक एवम् मार्मिक भएको हुन्छ ।

परापूर्वकालदेखि लोकले प्रमुख बाजाको रूपमा उपयोग गर्दै आएको मादललाई यहाँको मारुनी नृत्यमा पनि विशेष महत्त्वका साथ लिइन्छ । र यसलाई यहाँ नाच प्रस्तुत गर्ने घरको घरधनीले रीतपूर्वक फूल, पैसा र अक्षता राखी पुज्ने गर्दछन् । यस कार्यपछि मूल मादलेहरूले नै तीनचोटी ठोकन हानी मादल बजाउँन थाल्दछन् । यही मादलको ठोकनकै आधारमा यहाँ प्रस्तुत गरिने मारुनी नृत्यमा गीति रागहरूको लय/भाका परिवर्तन हुने गर्दछ । त्यसैले यहाँको मारुनी नृत्यको प्रमुख वाद्यसामग्रीका रूपमा मादललाई लिइन्छ ।

माथि उल्लिखित विभिन्न बाजाहरूको प्रयोगले यहाँको मारुनी नृत्य गीतलाई आकर्षक एवम् कर्णप्रिय बनाएको छ ।

## ५.७. शैली

लोकमा नाचहरू प्रस्तुत गरिने विभिन्न शैलीहरू रहेका छन् । जसमध्ये तान्त्रिक शैली, मारुनी शैली, लीला शैली, मुन्धुम शैली आदि रहेका छन् । यिनै विभिन्न शैलीहरू मध्ये दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा प्रचलित लोकनाच प्रस्तुत गर्ने प्रमुख शैली मारुनी शैली हो । यहाँ यस शैलीमा नाच प्रस्तुत गर्दा विभिन्न रागका गीतहरू यहाँका गायकहरूले सुमधुर लय/भाकामा गाउने गर्दछन् । यहाँ गाइने विभिन्न रागका मारुनी गीत विभिन्न विषयवस्तुहरूसँग सम्बन्धित छन् ;जस्तै :-

हा ऽऽ हौ पाकीमा गयो आँपकी दाना -२

डाली नुवायो

विरहले मातेकी चेलीलाई

कसले रुवायो दिदै, कसले रुवायो

हा ऽऽ है ऽऽ लावैर लस्कर वारिपारि बसीहाले बाघ

हा ऽ ढोकैमा राखीहाले साप -२

हा ऽऽ है देवकीको आठ ठाम् गरभ

हो कंसजीले मारुङ्ला

भनी चिताइहाले पाप -२

सुन्तलाको गाँचीमुनि

हा ऽऽहै आज त मेरो डेराता काली भूँमरो

काली हो काली भूँमरो -२

हा ऽऽ है लहयी चल्यो बिकार

भिजियो निधार -२

यहाँ यिनै विभिन्न रागका मारुनी नृत्यगीतहरू लोक भाकामा गायन गरी मारुनी शैलीमा नाच प्रस्तुत गरिएको पाइन्छ । परापूर्वकालदेखि नै यहाँका लोकसमुदायले यही शैलीलाई अवलम्बन गरी नाच प्रस्तुत गर्दै आएको पाइन्छ । जसमा १५-१६ वर्षको दुई जना पुरुष पात्रलाई नारीको लुगा, कपडा तथा गरगहना आदिले सिँगारी मारुनीको रूपमा नाच्न लगाइन्छ र उनीहरूको साथमा एक जना पुरुष पात्र ( पुरुषुङ्गेल) ले नाच्न निर्देशन गर्दछ । यसका अतिरिक्त गुरु, निर्देशक, मूल मादलेहरू, गरी, गीताङ्गेहरू आदि पात्रहरू पनि सहयोगीका रूपमा यस नाचमा रहने गर्दछन् । र दर्शकहरूलाई थप मनोरञ्जन प्रदान गर्न जोकर (ढँटुवारे) उट्पट्याङ् कार्यहरू गर्दै प्रस्तुत हुने गर्दछ । यस किसिमको शैलीको नाचलाई नै यहाँ मारुनी नाच भन्ने गरिन्छ ।

यसरी परापूर्वकालदेखि नै यहाँका राईजातिमा यस किसिमको नाच प्रस्तुत गरिदै आएको पाइन्छ । यसरी राई जातिको संस्कृति परम्परा झल्किने भेषभूषा तथा गरगहनाले सिँगारी यस नाचमा मारुनीलाई नाच्न लगाइने हुँदा यो नाच यहाँ अन्य नाचहरू भन्दा बढी लोकप्रिय रहेको पाइन्छ ।

### ५.८. रस

कुनै पनि नृत्य वा नाटक हेरिसकेपछि दर्शकहरूको मनमा पर्ने स्थायी प्रभाव नै रस हो । यसले दर्शकहरूको मानसिक तहमा प्रभाव पार्ने गर्दछ । यदि नृत्य वा नाटक हेरिसकेपछि दर्शकहरूमा आनन्द प्राप्त हुन सकेन भने त्यस्तो नृत्य वा नाटकको सार्थकता हुँदैन । दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा प्रस्तुत गरिने मारुनी नृत्यगीतलाई दर्शकहरूले हेरिसकेपछि उनीहरूमा एक किसिमको आनन्द अनुभूति हुन्छ । यसरी उनीहरूमा आनन्द अनुभूति हुनु नै त्यसबाट रस भाव जागृत हुनु हो । काव्यशास्त्रमा उल्लेख गरिएका विभिन्न नौ वटा रसहरू मध्ये यस क्षेत्रमा प्रस्तुत गरिने मारुनी नृत्यगीतमा गाइने गीतमा करुण रसभाव प्रमुख रूपमा आएको पाइन्छ । यसका अतिरिक्त शृङ्गार रस, हास्यरस भाव झल्किने गीतहरू पनि यहाँ मारुनी नृत्यगीतमा गाइएको पाइन्छ ।

#### ५.८.१. करुण रस

पीर, व्याथा, वियोग, विपत्ति, मरण आदि अवस्थाको अभिव्यक्ति हुनु नै करुण रस हो । यस क्षेत्रमा प्रस्तुत गरिने मारुनी नृत्यगीतमा गाइने गीतमा पनि करुण रसभाव झल्किएको पाइन्छ । यहाँ गाइने यस्ता भाव झल्किने गीतमा दुःख, व्याथा, मरण, विलौना आदि भावहरू व्यक्त भएको पाइन्छ ; जस्तैः-

हा ऽऽ है दिदी मेरी जसुधा

यो सिलङ्गीको फूलै टिपी

माथ भराईदेऊन

हा ऽऽ है माथ भराइदेऊन

हा ऽऽ है मट्टिकै सिरानी मट्टिकै ओछ्यान

हङ्सै र उडी इन्द्रसन पुग्यो

जीऊ भिज्यो मट्टिमा

जबछु इन्द्रलोकैमा नभिजुङ् नरलोकैमा

हा ऽऽ है कौ नै दिन भेट होला

जुराइदेऊ हजुर -२

सुन्तलाको गाँचीमुनि

हा ऽऽ है आज त मेरो डेरा ता काली भूँमरो

काली-काली भूँमरो

लहयी चल्यो बिकार, भिजिर निधार -२

प्रस्तुत गीतमा भाइले आफ्नो दिदीलाई फूलले आफ्नो शिर भराई दिन अनुरोध गर्दछ तर दिदी यस लोकमा नभई इन्द्रलोक पुगिसकेको सङ्केत गीतमा गरिएको छ । दिदीको यस्तो अवस्था थाहा पाइसकेपछि भाइ दुःखित बन्दछ र आफूले खुल्ला आकाशमुनि जीवन गुजरा गर्नु पर्ने बाध्यतालाई यहाँ गीतिभावमा प्रस्तुत गर्दछ । यसरी प्रस्तुत गीतमा एउटा निम्न आर्थिक अवस्था भएको व्यक्तिले गाँस, बास र कपासको अभावमा भोग्नु परेको कारुणिक अवस्थाको चित्रण गरिएको छ । यस्तै विषयसँग सम्बन्धित यहाँ गाइने अर्को गीत यसप्रकार छ-

डाँडा-डाँडा जाउँला, खरी घाँस खाउला

खोला-खोला जाउला, चिसो पानी खाउला

ल हैत लहै त्यसैमा बेला

हरिनाथको शिकार

शिकारपछि भएछ रक्तको पोखरी

प्रस्तुत गीतमा जङ्गली प्राणी हरिण र हरिणाले डाँडातिर जानेघाँस खाने खोलातिर झर्ने पानी खाने सल्लाह गर्दा गर्दै शिकारीले उनीहरूको ज्यान लिएको प्रसङ्गलाई गीतमा चित्रण गरिएको छ । यसरी एउटा प्राणीले अर्को प्राणीको ज्यान लिएर आफ्नो इच्छा पूरा गर्ने प्राणी जगतको प्रवृतिलाई कारुणिक रूपमा गीतमा अभिव्यक्त गरिएको छ । त्यसैले यस गीतमा कारुणिक भाव झल्किएको छ यस्तै भाव झल्किने यहाँ गाइने अर्को गीत यसप्रकार छ -

हा ऽऽ है गलहैको पटना त

सौतेनी मोरीले

हरिमा लइग्या, खोसीमा लइग्यो

हा ऽऽ है कौनै बेला उज्येली होला

स्वामी राजै आउनु होला

हा ऽऽ है काख है बसी-बसी

रुयी-रुयी मै दुःखी कउला -२

हा ऽऽ है सौतेनी ज्यानलाई दोषने मात्रै

अभागी करम दैबैले हरेको

नी दिदै दैवैले हरेको -२

प्रस्तुत गीतमा नेपाली समाजको एउटा पुरूषले २-३ जना नारी लाई विवाह गरी उनीहरूको बीचमा द्वन्द्व सृजना गराएको अवस्थाको चित्रण गरिएको छ । जस अनुसार आफ्नो पति नभएको अवस्थामा एउटा नारीको सौताले उसको सम्पूर्ण गरगहना खोसेर लगेकोले विलौना गर्दै आफ्नो भाग्यलाई धिक्कार्न पुगेको कारुणिक अवस्थाको चित्रण गीतको हरफहरू गरिएको छ ।

यस क्षेत्रमा गाइने मारुनी नृत्यगीतमा यस्तै किसिमका कारुणिक भाव झल्किने थुप्रै गीतहरू रहेको पाइन्छ ।

**५.८.२. हास्य रस**

यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा गाइने गीत मध्ये केही हास्य रस भाव झल्किने किसिमका गीत रहेको पाइन्छ । यस्ता गीत दर्शक तथा स्रोताहरूमा थप मनोरञ्जनको अनुभूति होस भन्ने उद्देश्यले करुण भावयुक्त गीतहरूको बीच-बीचमा गाउने गरिएको पाइन्छ ; जस्तैः-

यता नहेर उता नहेर रेशम

घरबेटीलाई हेर -२

फूल टिपी माथ भराई

पैसा मागी ल्याउन रेशम

पैसा माथगी ल्याउन रेशम

मदेशको दामोरैमा लाग्यो तुवालो

रेशम लाग्यो तुवालो

पैसा मागी ल्यायीस भने

रेशम लाउलिस प्वाँलो

बारुले कम्बर मर्कायी -मर्कायी

पितले भूँडी फर्कायी -फर्कायी

पैसा टिपी ल्याऊ रेशम -२

प्रस्तुत गीत यहाँ गाइने चूडकी रागका ठट्यउलो गीत हो । यस्तो ठट्यउलो पाराको गीत गाउँदै यहाँ मारुनीलाई घरबेटी र अन्य दर्शकहरूसँग पैसा माग्न लगाइन्छ । यही सन्दर्भमा प्रस्तुत

गीतमा पैसा मागी ल्यायीस भने तिमीलाई राम्रो-राम्रो चीजवस्तुहरू किनिदिने छौं भन्ने ठट्याउलो भाव झल्किएको छ ।

यस्तै भाव झल्किने यहाँ गाइने अर्को गीत यसप्रकार छ -

छपनीमा छानी -छानी

डबकीमा हानी-हानी

मातेको मित आमयी

घ्यामपैको निगारैले

प्रस्तुत गीतमा जाँडको निगारलाई छपनीमा छानेर डबकीमा लगाई-लगाई मातुञ्जेल खाने मित आमयीको प्रसङगलाई हास्य शैलीमा प्रस्तुत गरिएको छ ।

**५.८.३. शृङ्गार रस**

नायक-नायिकाको बीचमा परस्पर प्रेमभावको अवस्था देखिनु नै श्रृङ्गार रस हो । श्रृङ्गार रसका दुई वटा भेदहरू रहेका छन् । जस मध्ये दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा गाइने मारुनी गीतमा विप्रलम्म शृङ्गार झल्किने केही गीत गाउँने गरिएको पाइन्छ, जस्तै :-

हा ऽऽ ऽ हा ऽऽ ऽ हा ऽऽ ऽ

आकाशैमा झिलीर मिली तारा

है धरतीमा परिगयो रात -२

हा ऽऽ ह बस है माया र बैना

म त जान्छु स्वामीकै साथ -२

प्रस्तुत गीतमा नायक नायिकाको विछोड भएको र नायिकाले नायकको साथमा जाने इच्छा व्यक्त गरेको भाव झल्किएको छ । त्यसैले यो गीत विप्रलम्म शृङ्गार बन्न गएको छ ।

यस्तै भाव झल्किने यहाँ गाइने अर्को गीत यसप्रकार छ -

हा ऽऽ है पाँच र कन्यको भीग मागौला

हो ऽ बैरागी जोगीलाई दिहाल दान -२

हा ऽऽ है बोलीले बाधुङ्ला लालारसै जोभान

हा ऽऽ है वचनले बाधुङ्ला लालारसै जोभान -२

हा ऽऽ है पिरतीले बाधुङ्ला यही लाली जोभान

है ऽ माया र मोहनी लायी रहौंला

यही लाली जोभान -२

प्रस्तुत गीतमा जोगीले भीखको रूपमा पाँचकन्यालाई मागेको छ । आफुलाई त्यही कन्याको लाली जोभानले माया, मोहनी लगाई रहेकोले भीखको रूपमा त्यही कन्यलाई मागेको प्रसङग गीतमा खुलाएका छन् । यसरी प्रस्तुत गीतमा पाँचकन्याको लाली जोभानमा एकतर्फी रूपमा रतिराग जगाएको हुँदा यो गीत विप्रलम्म श्रृङ्गार बन्न गएको छ ।

यहाँ गाइने मारुनी नृत्यगीतमा उल्लिखित करुण, हास्य र विप्रलम्भ शृङ्गार जस्ता रसहरूको प्रयोग भएको पाइन्छ । यी रसहरू मध्ये यहाँको मारुनी नृत्यगीतमा करुण रसकै बाहुत्यता रहेको पाइन्छ । यहाँ गाइने अधिकांश गीतहरू विरहनी रागका छन् । यसरी विरहनी रागका गीतहरू गायन गर्नु नै कारुणिक भाव व्यक्त हुनु हो ।

### ५.९ उद्देश्य

लोकजीवनमा प्रचलित विभिन्न लोकनाचहरू कुनै निश्चित उद्देश्य पूरा गर्नको लागि प्रदर्शन गरिएको हुन्छ । दुधकोसी क्षेत्रमा प्रचलित मारुनी नृत्य प्रदर्शन गर्नुको पनि निश्चित उद्देश्य रहेको हुन्छ । यहाँ विशेषगरी मारुनी नृत्य तिहारपर्वको अवसरमा प्रस्तुत गरिने मारुनी नृत्यको उद्देश्य विशुद्ध मनोरञ्जन प्रदान गर्नु रहेको छ । यसरी मनोरञ्जन प्रदान गर्ने उद्देश्यले घर -घर तथा टोल-टोलमा नाच लगी नचाउँदा घरधनीहरूले नाचारीहरूलाई दान, दक्षिणा स्वरुप आर्थिक सहयोग दिने गर्दछन् । यसलाई सामाजिक हित हुने कार्यमा लगानी गरिन्छ । यसरी आर्थिक सङ्कलन गरी सामाजिक कार्यमा लगानी गर्नु यहाँ प्रस्तुत मारुनी नृत्यगीतको गौण उद्देश्य हो भने मनोरञ्जन प्रदान गरी यहाँको लोकमानसको हृदयलाई प्रफुल्लित बनाउनु यसको प्रमुख उद्देशय हो ।

यसरी यहाँ प्रस्तुत गरिने मारुनी नृत्यको प्रमुख उद्देश्य यहाँको लोकमानसको आकान्त शरीर एवम् मनलाई शान्त, संयम बनाई मनोरञ्जन प्रदान गर्नु हो । यसका साथै परम्परादेखि प्रस्तुत गरिदै आएको लोकसंस्कृतिलाई जीवन्तता दिदै जर्गेना गर्नु पनि हो ।

यहाँ प्रस्तुत गरिने मारुनी नृत्यको अर्को प्रमुख उद्देश्य धार्मिक भावनाको प्रस्तुती गर्नु हो । विशेषगरी तिहारपर्वपछि आउने ठूली एकादशी पर्वमा प्रस्तुत गरिने यहाँको मारुनी नृत्य धार्मिक उद्देश्य पूरा गर्नको लागि गरिएको हुन्छ । धार्मिक विश्वास अनुसार मृतकको नाममा मारुनी पहिराई नाच नचाउने, उनीहरूलाई दान, दक्षिणा दिने तथा फूलतारी उसलाई नरकबाट स्वर्गमा पुऱ्याउने उद्देश्यले यस अवसरमा यो नाच नचाउने गरिएको पाइन्छ । यसप्रकारको कार्यहरू गर्नाले मृतकको आत्माले शान्ति पाउँने र ऊ खुसीसाथ रहने यहाँको धार्मिक विश्वास रहेको छ । यसरी परापूर्वकालदेखि नै यहाँका राईजातिमा प्रचलित यस किसिमको धार्मिक विश्वासलाई पूरा गर्ने उद्देश्यले मारुनी नृत्यको आयोजना गरिएको पाइन्छ । यसका अतिरिक्त निःसन्तान दम्पतीले पुत्र प्राप्त गर्ने धार्मिक विश्वासमा वर-पीपल

रोप्ने, त्यसको विवाहा गरिदिने गर्दछन् र त्यसैको उपलक्ष्यमा मारुनी नाच नचाई उनीहरूलाई दान, दक्षिणा दिने गरेको पनि पाइन्छ ।

परापूर्वकालदेखि धार्मिक विश्वास, सांस्कृतिक पहिचान आदि उद्देश्य पूरा गर्न प्रस्तुत गरिदै आएको भए तापनि यसको प्रमुख उद्देश्य चाहिँ मनोरञ्जन प्रदान गर्नु नै हो । लोकसमाजमा मनोरञ्जन प्रदान गर्ने कुनै माध्यम नहुँदा देखि नै प्रचलित हुँदैआएको यो नाच आजसम्म पनि लोकप्रिय भएर बाँचिरहेको छ ।

**५.१०. भाषा**

लोकमा प्रचलित विभिन्न लोकगीतहरू लोकजीवनको जनजिब्रोबाट सिर्जना हुने हुँदा यसको भाषा मानक र स्तरीय किसिमको हुँदैन । दुधकोसी क्षेत्रको विभिन्न स्थानहरूमा गाइने मारुनी नृत्यगीत पनि लोककै जनजीब्रोबाट सिर्जना हुने हुँदा यसको भाषा पनि मानक र स्तरीय किसिमको देखिदैन । यहाँको स्थानीय जात जातिहरू भित्र बोलचालको रूपमा प्रयोग गरिने भाषिकाहरू नै मारुनी गीतमा पनि मिसिएर आएको पाइन्छ ; जस्तैः-

हा ऽऽहै वारि लोसे पारी लोसे

माझैमा कपासे

हा ऽऽ है नाचारीले दिएको

आशिक भूँइमा नखसे

प्रस्तुत गीतमा यहाँको स्थानीय बाहिङ् राई भाषिकाको प्रयोग भएको छ । गीतमा प्रयोग भएको लोसे, कपासे, नखसे जस्ता शब्दहरू गीतको लय, अनुप्रास मिलाउनको निम्ति मात्र यहाँ राखिएको पाइन्छ । त्यस्तै यहाँ गाइने मारुनी गीतमा यहाँको गाएकहरूले अर्थहीन स्थानीय बोलीचालीका शब्दहरू तथा विभिन्न थेगोहरूको प्रयोग गरी गीतलाई मार्मिक एवम् कर्णप्रिय बनाएका छन् ; जस्तै :-

मारुनीको सारी चोला

जोखे हमाली रेशम

जोखे हमाली रेशम

खेती छैन, किसान छैन्

यही छ धमाली रेशम

यही छ धमाली रेशम

प्रस्तुत गीतमा प्रयोग गरिएका प्रत्येक शब्दले स्थानीयतालाई चित्रण गरेको छ । यहाँ रेशम शब्द अर्थहीन शब्दको रूपमा प्रयोग भएको छ ।

समग्रमा यहाँ गाइने मारुनी गीतको भाषा मानक नेपाली भाषाकै निकट रहेको छ तापनि केही शब्दहरू पूर्वेली क्षेत्रीय भाषिका भेदअन्तर्गत रहेको पाइन्छ । यसका साथै नगन्य मात्रमा हिन्दी, भोजपुरी, राई र संस्कृत स्रोतबाट पनि यहाँ शब्दहरू आएको भेटिन्छ । यहाँको मारुनी गीतमा यस्ता विभिन्न स्रोतबाट आएका केही शब्दहरू विकृत रूपमा समेत प्रयोग भएको पाइन्छ ; जस्तैः-

| | | |
|---|---|---|
| बासना | > | बासुना |
| लक्ष्मण | > | लछुमन |
| पूर्व | > | पुरूवै |
| दक्षिण | > | दखिण |
| मनुस्य | > | मनुखे |
| आशिष | > | आशिक |
| कुन | > | कव |
| सूर्य | > | सूर्जे |
| गर्भ | > | गरभ/गरभेना |
| मुरली | > | मोरली /मुराहली |
| लाएको होइन | > | लाओइन |
| गएको होइन | > | जाओइन |
| आएको होइन | > | आओइन |
| नुहायो | > | नुवायो |
| सुहायो | > | सुवायो |
| लग्यो | > | लइग्यो |
| कसरी | > | कसोरी |
| मर्दो | > | मरिदो |
| मोहनी | > | मुहानी |
| जोर | > | जुर |
| बहिरङ्गी | > | बाइरङ्गी |
| भगवान | > | भगुवान |
| माता | > | मातरी |
| दलनैमा | > | दिमाहलैमा /दिउनलैमा |
| निदाएको | > | निदाराको |

| | | |
|---|---|---|
| गुँडमा | > | गुँदलीमा |
| कर्म | > | करम |
| मोहनी | > | मुहानी आदि । |

**मिश्रित शब्दहरू -**

तमारे, हमारे, कैसैं/कैंसे, कौनै, स्वामी, माता मायी, लोसे, कपासे, बैठन, मासा, घैला, तमु, जल, मट्टि, रक्त आदि ।

**अनुकरणात्मक शब्दहरू -**

झलमल, झुलुमुले, झिलीमिली, च्वाँइच्वाइँ, हरर, धरर, धुरुधुरु, धरधरी, सपसप, छुपुछुपु, गड्यङगुडुङ् आदि ।

दुधकोसी क्षेत्रमा प्रचलित मारुनी नृत्यगीतमा प्रयोग गरिएका स्थानीय भाषिकामा प्रचलित शब्दहरू एवम् त्यसको अर्थ यसप्रकार छन् ।

| **स्थानीय शब्द** | | **अर्थ** |
|---|---|---|
| पटना | = | छोरी मान्छेले गलामा लगाउने चाँदिको गहना |
| बाँहा | = | दुई हात लम्काएर नाप्नु |
| ज्याम्बीर | = | सुन्तला जस्तै स्वाद हुने एकाकिसिमको फल । |
| गाँजी | = | कोपार्नु /चिर्थोनु |
| मेहनैमा | = | भेलैमा |
| गाँची | = | रूख विरुवाको झाङ् |
| जाँगर | = | पानीमा पैदल हिडेर कुनै खोला नदी तर्ने काम । |
| छासी | = | रूख विरुवाको हाँगा काट्ने काम । |
| कौसीका मायी | = | दुधकोसी |
| रेनुका मायी | = | रावाखोला |
| मछेडु | = | माछा |
| जाबी | = | प्लास्टिकको डोरीले बनेको शिकारीले बोग्ने सानो झोला |
| खेवा | = | ज्याला/पारीश्रमिक |
| निगार | = | जाँड छिप्दै जाँदा त्यसमा स्वतः पानीको मात्रा जम्मा भई बनेको तरल पदार्थ |

छपनी = जाँड छान्ने सानो-सानो प्वाल राखी बनाएको डालो जस्तै समान आदि ।

**५.११. निष्कर्ष**

प्रस्तुत परिच्छेद दुधकोसी क्षेत्रमा गाइने मारुनी नृत्यगीतको विश्लेषण खण्डमा आधारित छ । यहाँ गाइने मारुनी नृत्यगीतलाई त्यसैको सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । लोकजीवनको थकान मेट्ने साधन को रूपमा लोकमा प्रस्तुत गरिने लोकप्रिय नाच नै मारुनी नृत्य हो । यसमा गीत र नृत्य एकैसाथ प्रस्तुत गरिने हुँदा छुट्टै किसिमको मौलिक पहिचान भेटिन्छ ।

कुनै पनि विधालाई त्यसैको नियम सिद्धान्तको आधारमा व्याख्या विश्लेषण गरिएको हुन्छ । त्यस्तै यहाँ गाइने मारुनी नृत्यगीतलाई पनि त्यसैको सिद्धान्तको आधारमा यस खण्डमा विश्लेषण गर्ने प्रयास गरिएको छ । नृत्यगीतको सिद्धान्त अन्तर्गत पर्ने विभिन्न तत्त्वहरूको कसीमा राखेर यहाँ गाइने मारुनी नृत्यगीतलाई छुट्याउने/खुट्याउने प्रयास गरिएको छ । जस अनुसार यहाँ गाइने अधिकांश मारुनी नृत्यगीतहरू नियम-सिद्धान्तमा आबद्ध भएको पाइन्छ भने कतिपय गीतहरू चाहिँ लोकमनोरञ्जन प्रदान गर्ने किसिमको मात्रै देखिन्छन् । यस कुराबाट लोकजिब्रोबाट सिर्जना भएका यस्ता गीतहरू पनि नियमबद्ध तथा सिद्धान्तमा आधारित हुन्छन् भन्ने पुष्टि हुन्छ ।

संरचनागत आधारमा यहाँ गाइने मारुनी नृत्यगीतलाई हेर्दा अधिकांश ख्याली, चूड्की, गर्रा आदि रागका गीतहरू अर्धसमवृत्त लयमा संरचित चतुष्पदी लयमा आधारित रहेका छन् । त्यस्तै विरहनी रागका अधिकांश गीतहरू भने असमवृत्त लयमा संरचित बहुपदी लयमा आधारित रहेका छन् । यहाँ गाइने मारुनी नृत्यगीतमा हा हा, रेशम, दिदै आदि विभिन्न थेगोहरूको प्रयोग गरिनुका साथै कारुणिक हास्यपूर्ण, शृङ्गारिक आदि अभिव्यक्ति झल्किने गीतहरू पनि पाइन्छन् ।

विभिन्न तथ्यहरू पहिल्याई यहाँको मारुनी नृत्यगीतको सैद्धान्तिक अवस्थाको पहिचान यस परिच्छेदमा गरिएको छ । यिनै विभिन्न आधारबाट अन्य लोकगीतहरू जस्तै यहाँको मारुनी गीत पनि सैद्धान्तिक कसीमा उत्रन सफल रहेको छ भन्ने कुराको पुष्टि हुन्छ ।

# छैटौं परिच्छेद

# उपसंहार

## ६.१. सारांश

दुधकोसीक्षेत्र लोकगीत, लोककथा, लोकगाथा, लोकनाच आदि विविध लोकसाहित्यिक सामग्रीहरूले भरिपूर्ण भएको ठाउँ हो । यी सामग्रीहरू यस क्षेत्रका विभिन्न स्थानहरूमा छरिएर रहेका छन् । जसमध्ये यहाँका विभिन्न स्थानमा प्रचलित मारुनी नृत्यगीतलाई थोरैमात्र भए पनि सङ्कलन गरी विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत शोधपत्र तयार पारिएको छ । सङ्कलित सामग्रीहरूलाई व्यवस्थित गर्ने क्रममा यस शोधपत्रमा जम्मा छ परिच्छेदहरूको व्यवस्था गरिएकोएको छ र ती प्रत्यक परिच्छेदमा आवश्यक विषयवस्तुलाई राखी विश्लेषण गर्ने काम गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद शोधपरिचयको रूपमा रहेको छ । यसमा विषयपरिचय समस्याकथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य, शोधपत्रको सीमाङ्कन ( क्षेत्रगत सीमा र विषयगत सीमा), शोधविधि (सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणविधि), शोधपत्रको रूपरेखा आदि शीर्षकहरूको सङ्क्षिप्त परिचय दिइएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेद सिद्धान्त खण्डको रूपमा प्रस्तुत गरिएको छ । यस खण्डमा लोकगीतको परिचय, लोकगीतको वर्गीकरण र नृत्यगीतको विशेषताहरूलाई उल्लेख गरी अन्त्यमा निष्कर्ष दिइएको छ ।

यसैगरी यस शोधपत्रको तेस्रो परिच्छेद दुधकोसीक्षेत्रको मारुनी नृत्यको परिचय खण्डको रूपमा प्रस्तुत गरिएको छ । र यसमा अध्ययन क्षेत्रको परिचय, मारुनी नृत्यगीतको परिचय, मारुनी नृत्यगीत प्रदर्शन गर्ने समय तथा अवसरहरू र मारुनी उठान तथा वैठान गर्ने विधि तथा यसका विभिन्न चरणहरूलाई उल्लेख गरिएको छ र अन्त्यमा निष्कर्ष दिइएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा दुधकोसीक्षेत्रको मारुनी नृत्यगीतलाई सङ्कलन गरी विभिन्न आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ । यस क्रममा यहाँको मारुनी नृत्यगीत, सङ्गीतको ताल र नृत्य प्रस्तुतिमा आधारित मारुनी नृत्यगीत, विषयवस्तुमा आधारित मारुनी नृत्यगीत, क्षेत्रगत अध्ययनमा आधारित मारुनी नृत्यगीत भनी वर्गीकरणका प्रमुख शीर्षकहरू दिइएको छ भने यिनीहरूका विभिन्न उपशीर्षकहरूको पनि यहाँ उल्लेख गरिएको छ । यसका साथै क्षेत्रगत अध्ययन गरी सङ्कलन गरिएका विभिन्न चार ठाउँका सामग्रीहरूलाई यहाँ छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ । यी छुट्टाछुट्टै चार ठाउँहरूको शीर्षक -कुईभिर गा.वि.स.को मारुनी नृत्यगीत, नेचावेदघारी गा.वि.स. को मारुनी नृत्यगीत, नेचाबतासे गा.वि.स. को

मारुनी नृत्य गीत र पञ्चन गा.वि.स.को मारुनी नृत्यगीत भनी यहाँ उल्लेख गरिएको छ र अन्त्यमा निष्कर्ष दिइएको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेद विश्लेषण खण्डको रूपमा रहेको छ । यसमा सङ्कलित सामग्रीहरूलाई नृत्यगीतको तत्त्वहरू विषयबस्तु /भाव, लय/भाका, स्थायी, अन्तरा र थेगो, अभिनय सङ्गीत, शैली, रस, उद्देश्य र भाषका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यहाँ गाइने मारुनी नृत्यगीतमा उल्लिखित तत्त्वहरूको अवस्था के कस्तो रहेको छ भनी सामान्य रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ र अन्त्यमा निष्कर्ष दिइएको छ ।

यस शोधपत्रको अन्तिम तथा छौटौं परिच्छेद अपसंहार खण्डको रूपमा रहेको छ । यस खण्डमा सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ । यसरी शोधपत्रका सम्पूर्ण विधिहरूलाई वैज्ञानिक ढङ्गले प्रयोग गरी यसको स्वरूपलाई व्यवस्थित बनाएर प्रस्तुत गरिएको छ ।

### ६.२. निष्कर्ष

मारुनी नृत्यगीत तिहार पर्वमा नचाइने आफैँमा मौलिक पहिचान रहेको मनोरञ्जनपूर्ण नाच हो । वाद्यवादनको संयोजित तालमा विरहनी, ख्याली, चुड्की आदि जस्ता विभिन्न रागका गीतहरू सुमधुर लय/भाकामा गाउँदै मारुनी शैलीमा नाच प्रस्तुत गरिन्छ । यसमा गीत, सङ्गीत र नृत्यको सङ्गम भएको हुन्छ । साङ्गीतिक विकासको यात्रामा मानवसभ्यताको उषाकालमा नै मारुनी जस्तो लोकनाचहरू देखापरिसकेको थियो । लोकसमाजमा रडियो, टि.भी, क्यासेट आदि जस्ता विद्युतीय सञ्चार माध्यमका साधनहरूको चलन नआउँदै यसले लोकप्रियता पाइसकेको थियो ।

लोकसाहित्यमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथा गरी मुख्य छ वटा विधाहरू रहेका छन् । जसमध्ये मारुनी लोक नाच लोकगीतको एउटा शाखा नृत्यगीत अन्तरगत पर्दछ । यसले लोकसमुदायमा जातीय तथा लोकसाँस्कृतिक पहिचान राख्नुका साथै भौगोलिक व्यापकतालाई पनि समेट्न सकेको छ । मारुनी लोकनाचमा लोकगीतमा भएको गीतितत्त्वको प्रवलता पाइनुका साथै नृत्य र सङ्गीतको सुन्दर संयोजन भएको हुन्छ । आख्यान तत्त्व भने यसमा सशक्त रहेको हुदैन । यसरी गीत र सङ्गीतको सुमधुरतासँगै आकर्षक नृत्यको प्रस्तुति हुने यस नाचले लोकसमाजमा छुट्टै किसिमको पहिचान तथा विशिष्ट मूल्य स्थापित गरेको छ ।

दुधकोसी क्षेत्रका विभिन्न स्थानहरूमा प्रचलित मारुनी नृत्यगीत यहाँ बसोबास गर्ने किरात राईहरूको आफ्नो जातीय तथा साँस्कृतिक पहिचान राख्ने नाच भए तापनि यो सिङ्गो नेपाली लोकसंस्कृति कै अमूल्य निधीका रूपमा लोकसमुदायमा स्थापित भएको छ । यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा विभिन्न विषय वस्तुहरूसँग सम्बन्धित मुक्त तथा स्वतन्त्र किसिमका गीतहरू गाउँदै त्यसैको लय/भाकामा मारुनी शैलीको नाच प्रस्तुत गरिन्छ । यसरी यस किसिमको स्वतन्त्र गीतहरू गाइनु नै यहाँको मारुनी नृत्यगीतको निजी पहिचान हो । यसका साथै यहाँको जातीय सभ्यता, संस्कृति, रहनसहन, भेषभूषा, लोकआस्था, विश्वास, धर्म, लोकव्यवहार, लोकभाषा, लोकरीतिरीवाज, तथा लोककला आदिको

यथार्थ बिम्ब तथा प्रतिबिम्ब यसमा पाइन्छ । त्यसैले अन्य विभिन्न जातजातिहरूमा प्रचलित लोकनाचहरू जस्तै यहाँका राई जातिमा प्रचलित यस नाच पनि सशक्त एवम् जीवन्त बनेको छ । अन्य विभिन्न क्षेत्रका मारुनी नाचहरू नाटकीय स्वरूप एवम् कथानकीय ढाँचामा प्रस्तुत भएको पाइए तापनि यस क्षेत्रमा प्रचलित मारुनी केवल गीतिनाचको रूपमा मात्र प्रस्तुत भएको पाइन्छ । यसलाई गीतिनाचकै सिद्धान्तको कसीमा राखेर यस शोधपत्रमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यसरी हेर्दा यहाँ प्रस्तुत गरिने मारुनी नृत्यगीतमा गाइने अधिकांश गीतहरू सैद्धान्तिक कसीमा आउन सफल भएको पाइन्छ । त्यसैले अन्य क्षेत्रको भन्दा यहाँ प्रचलित मारुनी नृत्यगीत छुट्टै मौलिक पहिचान राख्ने किसिमको पाइन्छ ।

समयको बढ्दो गतिसँगै यसमा जानकार राख्ने पूराना, पाका मादलेहरू सकिदै गएको र नयाँ पुस्ता भने समयको बढ्दो चाँपमा परी आधुनिक गीत, सङ्गीतको मोहमा फस्दै गएको वर्तमान अवस्थामा भविष्यमा यस्ता लोकनाचहरू पूर्ण रूपमा लोप भएर जाने अवस्था देखिन्छ । यसरी नयाँ पुस्ताको परम्परागत लोकसंस्कृति माथिको विकर्षण, वितृष्णा तथा अतिक्रमणले यस्ता अमूल्य लोकसम्पत्तिको रूपमा जीवन्त रहेको नाचहरू पूर्खाहरूसँग ढलेर जाने खतरा छ । त्यसैले हाल जीवित अवस्थामा रहँदा नै यस प्रति चासो राख्ने यहाँका सम्पूर्ण लोक समुदाय, संस्कृतिप्रेमी, कलाप्रेमीहरू लगायत सम्पूर्ण जिम्मेवार निकायहरूको समेत यसको संरक्षणप्रति चासो एवम् ध्यान आकृष्ट हुनु जरुरी देखिन्छ । यस्तो महत्त्वपूर्ण जिम्मेवारीलाई सबैले आ-आफ्नो स्थानबाट बहन गर्न सकेमात्र यहाँको मौलिक संस्कृतिलाई जीवन्त राख्ने यस्ता मारुनी नृत्यगीतको जर्गेना हुन सक्नेछ । होइन भने भविष्यमा कुनै किंबदन्तीमा सीमित हुन पुग्नेछ ।

## गायक-गायिकाहरूको परिचय

| क.स. | गायकहरूको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नौधन राई | कुइभीर -१ ओखल्ढुङ्गा | मूल मादले |
| २. | अदमकुमार राई | कुइभीर -१ ओखल्ढुङ्गा | पूर्व मारुना |
| ३. | टुकराज राई | कुइभीर -१ ओखल्ढुङ्गा | गीताङ्गे |
| ४. | गंगागोपी राई | कुइभीर -१ ओखल्ढुङ्गा | गीताङ्गे |
| ५. | सार्खीधन राई (ठूलो) | नेचावेद्घारी -९, सोलुखुम्बू | मूल मादले |
| ६. | कालीबहादुर राई | नेचावेद्घारी -९, सोलुखुम्बू | पूर्व मारुना |
| ७. | हरिमाया राई | नेचावेद्घारी -९, सोलुखुम्बू | गीताङ्गे |
| ८. | छविलाल राई (साने) | नेचावेद्घारी १, सोलुखुम्बू | मूल मादले |
| ९ | चन्द्रबहादुर राई (धेवा) | नेचावेद्घारी -१, सोलुखुम्बू | मूल मादले |
| १०. | माइतराज राई (थाम्रो) | नेचावेद्घारी -१, सोलुखुम्बू | गीताङ्गे |
| ११. | भइमन राई | नेचावेद्घारी -१, सोलुखुम्बू | गीताङ्गे |
| १२. | जागिरमन राई | नेचावेद्घारी -३, सोलुखुम्बू | मूल मादले |
| १३. | रुद्रबहादुर राई | नेचावेद्घारी -३, सोलुखुम्बू | गीताङ्गे |
| १४. | शिवी राई | नेचावेद्घारी -३, सोलुखुम्बू | गीताङ्गे |
| १५. | दिवन राई | नेचावेद्घारी -३, सोलुखुम्बू | मारुना |
| १६. | जसकुमार राई | नेचावेद्घारी -३, सोलुखुम्बू | मारुना |
| १७. | मानबहादुर राई | पञ्चन ९, सोलुखुम्बू | मूल मादले |
| १८. | अदलसिंहलाई | पञ्चन ९, सोलुखुम्बू | गीताङ्गे |
| १९. | किपालसिंह राई | पञ्चन ९, सोलुखुम्बू | मूल मादले |
| २०. | बदलसिंह राई | पञ्चन ९, सोलुखुम्बू | मूलमादले |
| २१. | सेरबहादुर राई | पञ्चन ९, सोलुखुम्बू | गीताङ्गे |
| २२. | उदित राई | पञ्चन ९, सोलुखुम्बू | मारुना |
| २३. | रासकुमार राई | पञ्चन ९, सोलुखुम्बू | मारुना |
| २४. | सरमाया राई | पञ्चन ९, सोलुखुम्बू | गीताङ्गे |

# सन्दर्भग्रन्थ सूची


आर.डी. र एल.एल. **नेपालको विभिन्न जाति र लोकगीत** ललितपुर : जगदम्बा प्रकाशन २०२३ ।

कन्दङ्वा, काजीमान, **नेपाली जनसाहित्य,** काठमाडौंः रोयल नेपाल एकेडेमी, २०२० ।

**जिल्ला पार्श्वचित्र ओखल्ढुङ्गा,** जि.वि.स.को कार्यलय, २०६० ।

**जिल्ला वस्तुगत विवरण,** ओखल्ढुङ्गा शाखा तथ्याङ्क कार्यलय २०६२, ।

जोशी, सत्यमोहन, **नेपाली लोकगीत एक अध्ययन,** ललितपुरः साहित्य सदन अन्वेषण विभाग, २०१४ ।

थापा, धर्मराज र सुवेदी हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र त्रि.वि., २०४१।

थापा, रामजी, **लोकनाच संक्षिप्त अध्ययन,** काठ्माडौंः म्युजिक नेपाल प्रा.लि र इन्दिरा थापा, २०६३ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक** काठमाडौंः वीणा प्रकाशन, २०६५ ।

पराजुली, मोतीलाल, **सोरठी नृत्यनाटिका,** काठ्माडौंः दीक्षान्त पुस्तक प्रकाशन, २०६३ ।

पराजुली, मोतीलाल, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू,** ललितपुर : साझा प्रकाशन, २०६३ ।

प्रपन्नचार्य, स्वामी, **प्राचीन किराँत इतिहास,** मीराघाटः वाराणसी किराँतेश्वर प्रकाशन, २०५० ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौंः एकता बुक्स, २०५८ ।

राई, केशव, “कुइभीरमा प्रचलित लोकगीत तथा नाचहरू,” कुइभीरवृत्त, स्मारिका, काठमाडौं : कुइभीर सेवा समाज, २०६६, ।

राई, चतुरभक्त “मारुनी नाचः एक संक्षिप्त परिचय,” **कान्तिपुर दैनिक,** मङ्सिर ११, २०५८, ।

राई चतुरभक्त, “दुमीराईहरूको संस्कृति र परम्परामा मारुनी नाचको स्थान,” **इलिसिलिम,** वर्ष ४, अङ्क ५, २०५९, ।

श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, **मेची देखि महाकाली,** (भाग.१), २०३१।

श्रेष्ठ, टीकाबहादुर, **रावाखोलामा प्रचलित मारुनी लोकनाटकहरूको अध्ययन** त्रि.वि.ः नेपाली केन्द्रीय विभाग, अप्रकाशित शोधपत्र, २०६५ ।